# साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

**विश्वराम सेढाई**

शैक्षिक सत्र २०६४/२०६६

त्रि.वि. दर्ता नं. ६६५०-९२

**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस

भरतपुर, चितवन


सन् २०१३/वि.सं. २०६९

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय
वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन
नेपाली विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी विश्वराम सेढाईले नेपाली एम.ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** शीर्षकको यो शोधकार्य स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. नारायणप्रसाद खनाल ____________________
विभागीय प्रमुख हस्ताक्षर

सहप्राध्यापक भवनाथ सडौला ____________________
शोधनिर्देशक हस्ताक्षर

सहप्राध्यापक गोविन्दराज विनोदी ____________________
बाह्य परीक्षक हस्ताक्षर

मिति : २०६९/१२/१७
३० मार्च २०१३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र विश्वराम सेढाईले **साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** शीर्षकको शोधकार्य मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/११/१५
२६ फेब्रुअरी २०१३

भवनाथ सडौला
सहप्राध्यापक
**नेपाली विभाग**
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मैले मेरा आदरणीय गुरु श्री भवनाथ सडौलाज्यूको निर्देशनमा तयार पारेको हुँ । अतिव्यस्त रहँदा रहँदै पनि शोधपत्र तयार गर्नका लागि आवश्यक पर्ने सामग्रीहरू प्रदान गरी समुचित निर्देशनसहित सहज वातावरणमा लेखनतर्फ उत्साह थपिदिनुहुने आदरणीय गुरुज्यूप्रति म हृदयदेखि नै आभार प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धानको स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. नारायणप्रसाद खनालज्यूप्रति म कृतज्ञता प्रकट गर्न चाहन्छु ।

शोधपत्रलाई पूर्ण तुल्याउन आवश्यक सामग्री एवम् राय, सुझाव र सल्लाह प्रदान गर्नुहुने नेपाली विभागका आदरणीय गुरुज्यूहरू र वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयका कर्मचारीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयारीका क्रममा सहयोग एवम् सल्लाह, सुझाव प्रदान गर्नुहुने मेरा हितैषी मित्र अर्जुनप्रसाद सिलवाल र आवश्यक सामग्री जुटाएर शोधकार्यलाई पूर्णतामा पुऱ्याउन सहयोग गर्नुहुने साहित्यकार डी.आर. पोखरेल, आवश्यक वातावरण जुटाइदिने भरतपुर निवासी निराजन रेग्मी अनि समाजसेवी श्यामसुन्दर उप्रेतीज्यू लगायत सबैप्रति आभारी नै छु । यस शोधपत्रलाई पूर्ण आकार प्रदान गर्न निरन्तर सहयोग पुऱ्याउने मेरी जीवन सङ्गिनी कविता सिम्खडालाई धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्रलाई समयमै शुद्धसँग टङ्कण गरी सहयोग गर्ने महेश पौडेल धन्यवादका पात्र छन् ।

अन्तमा **साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** शीर्षकको प्रस्तुत शोधकार्य आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९/११/१४
२५ फेब्रुअरी २०१३

...............................

**विश्वराम सेढाई**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
शैक्षिक वर्ष २०६४-२०६६

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार छ :

| | |
|---|---|
| अ.प्र. | अप्रकाशित |
| आइ.ए. | इन्टरमिडियट अफ आर्ट्स |
| आइ.एन.जि.ओ. | इन्टरनेशनल नन गभर्न्मेन्ट अर्गनाइजेसन |
| एन.जि.ओ. | ननगभर्न्मेन्ट अर्गनाइजेसन |
| एम.ए. | मास्टर अफ आर्टस् |
| एस.एल.सी. | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| छै.सं. | छैटौं संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नं. | नम्बर |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पाँ.सं. | पाँचौं संस्करण |
| पृ. | पृष्ठ |
| बि.ए. | ब्याचलर अफ आर्टस् |
| बि.एस्सी. | ब्याचलर अफ साइन्स |
| बि.एस्सी (एजी.) | ब्याचलर अफ साइन्स (एग्रिकल्चर) |
| वि.सं. | विक्रम संवत् |

# विषयसूची

**परिच्छेद : एक**

**शोध परिचय**


१.१ विषय परिचय १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको विवरण र समीक्षा २

१.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता ९

१.६ सामग्री सङ्कलन र शोधविधि ९

१.७ शोधको सीमाङ्कन १०

१.८ शोधपत्रको रूपरेखा १०


**परिच्छेद : दुई**

**निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**


२.१ निबन्धको सैद्धान्तिक अध्ययन १२

२.२ निबन्ध शब्दको व्युत्पत्ति र अर्थ १२

२.३ निबन्धको परिभाषा १३

२.४ निबन्धका तत्त्वहरू १७

२.५ निबन्धको वर्गीकरण १८

२.६ निष्कर्ष २०


**परिच्छेद : तीन**

**नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश र निबन्ध यात्रा**


३.१ नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश २१

३.२ डी.आर. पोखरेलको निबन्धयात्रा २३

३.३ चरण विभाजन २३
३.३.१ पहिलो चरण (२०३०-२०६१) २३
३.३.२ दोस्रो चरण (२०६२-२०६३) २४
३.३.३ तेश्रो चरण (२०६४ देखि हालसम्म) २६
३.४ निष्कर्ष २६

## परिच्छेद : चार

## डी.आर. पोखरेलका प्रकाशित निबन्धसङ्ग्रहको अध्ययन र विश्लेषण

४.१ परिचय २८
४.२ 'खुला आकाशतर्फ' निबन्धसङ्ग्रहको अध्ययन २८
४.२.१ संरचना २९
४.२.२ विषयवस्तु ३४
४.२.२.१ जुहीले जुराएको सयपत्रीको माला ३४
४.२.२.२ प्रतिभा पहिचानको धुन ३५
४.२.२.३ बाबुसित म कसरी पेस भएँ ? ३६
४.२.२.४ चौदण्डीगढी घुमेर हेर्दा ३६
४.२.२.५ सपनाको रहस्यमय संसारमा विचरण गर्दा ३७
४.२.२.६ लोकभाका घन्किन छाडेछ मेरो गाउँमा ३७
४.२.२.७ अहा ! यस्तो पो संस्कृति ३८
४.२.२.८ भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ ३८
४.२.२.९ पारिजात स्मृति दिवस र सौरभित मकवानपुर ३९
४.२.२.१० रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा ३९
४.२.२.११ गोर्खा भ्रमणका केही साहित्यिक सन्देश ३९
४.२.२.१२ हेर्न नपाइएको बाग्लुङको हनुमान नाच : नयाँ वर्षका पुराना कुरा ४०
४.२.२.१३ यसपालि पनि पऱ्यो चिट्ठा, दोसाँधको घाम हेर्न पुगियो काँकडभित्ता ४०
४.२.२.१४ नारायणगढदेखि दक्षप्रजापतिको राजधानीसम्म ४१

४.२.२.१५ दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर ४१
४.२.२.१६ मिसनदेखि मोडल हस्पिटलसम्मको यात्रा कथा ४२
४.२.२.१७ मलाई नाटकीय अभिनय गर्न आउँदै आएन ४२
४.२.२.१८ म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ ४३
४.२.२.१९ पाहुनाहरूसित केही गम्भीर कुराकानी भए ४३
४.२.२.२० रातो आन्दोलन/सेतो आन्दोलन ४४
४.२.२.२१ स्वर्गबासी पारिजातलाई अर्जेन्ट पत्र ४४
४.२.२.२२ बाबाको सम्झनामा ४५
४.२.२.२३ चूडामणि रेग्मीसित चौबिस घण्टा बिताउँदा ४५
४.२.२.२४ क्षेत्री-बाहुनको संस्कृति नै छैन ४६
४.२.२.२५ ढुङ्गाको डुङ्गा हेर्न सोमेश्वर जाने होइन ? ४६
४.२.२.२६ चेतना र पदार्थको अन्तर्सम्बन्ध र गुरुदक्षिणा ४७
४.२.२.२७ पूर्वेली लोकदोहोरीमा थप अर्को पाइलो : वर्षे भाकाको क्यासेट विमोचन ४७
४.२.२.२८ नौमती बाजा बिनाको बिहे ४८
४.२.२.२९ भक्तपुर : प्राचीन किल्ला न्यातपोल र नारायणमान बिजुक्छे ४८
४.२.२.३० मानिसहरू भन्छन् जानेदेखि कोलकोत्ता नजाने बेपत्ता ४८
४.२.२.३१ कार्लमार्क्स अहिले नेपाल आउँथे भने खानु गोदाइ खान्थे ४९
४.२.३ भाषाशैली ४९
४.२.४ चिन्तन र विचारधारा ५१
४.२.५ निष्कर्ष ५२
४.३ 'संस्कृतिको सेरोफेरो' सांस्कृतिक निबन्धसङ्ग्रहको अध्ययन ५३
४.३.१ परिचय ५३
४.३.२ संरचना ५३
४.३.२ विषयवस्तु ५५
४.३.२.१ संस्कृतिका विचित्र अभिव्यक्तिहरू ५६
४.३.२.२ मिथक : हाम्रो सांस्कृतिक चिन्तनको स्रोत ? ५६
४.३.२.३ सांस्कृतिक रूपान्तरणका प्रश्नहरू ५७

४.३.२.४ हिंसा र प्रतिहिंसाको नग्न नृत्य ५७
४.३.२.५ दिएको खाने, अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन ५८
४.३.२.६ पुर्ख्यौली संस्कृतिको नमूना गोत्र र गणचिह्न ५८
४.३.२.७ दीपावलीको सांस्कृतिक पृष्ठभूमि ५९
४.३.२.८ दशै शक्तिपूजाको अनुपम उदाहरण ५९
४.३.२.९ आर्य जातिको सम्झनामा ६०
४.३.२.१० सांस्कृतिक रूपान्तरणको प्रसङ्ग ६०
४.३.२.११ भित्ताहरू गरिबका छापाखाना हुन् ६१
४.३.२.१२ राशिफल : रामभरोसे संस्कृतिको उपज ६१
४.३.२.१३ केही संस्कृति र सांस्कृतिक क्रान्ति भनेको ? ६२
४.३.२.१४ गणतन्त्र र गणतान्त्रिक संस्कृति ६२
४.३.२.१५ पार्टी संस्कृति ६३
४.३.२.१६ लोकभाका घन्किन छाडे कै हो त ! ६३
४.३.२.१७ दशैंको महत्त्व एक छलफल ६४
४.३.२.१८ अब सांस्कृतिक क्रान्तिको पालो ६४
४.३.३ चिन्तन र विचारधारा ६५
४.३.४ शैली/प्रस्तुति ६६
४.४ साहित्यकार डी.आर. पोखरेलका फुटकर निबन्धहरूको सूची ७०
४.५ निष्कर्ष ७५

**परिच्छेद : पाँच**

**डी.आर. पोखरेलको निबन्धकारिताको मूल्याङ्कन**

५.१ विषयवस्तुका आधारमा मूल्याङ्कन ७६
५.२ संरचना र कथनढाँचाका आधारमा मूल्याङ्कन ७८
५.२.१ वर्णनात्मक ७८
५.२.२ विवरणात्मक ७९
५.२.३ विश्लेषणात्मक ८०
५.२.४ संवादात्मक ८०
५.२.५ आख्यानात्मक ८१

५.२.६ तार्किक ८२
५.२.७ मनोवादात्मक ८३
५.२.८ व्यङ्ग्यात्मक ८४
५.२.९ सन्देशमूलक ८४
५.३ शीर्षकचयनका आधारमा मूल्याङ्कन ८५
५.४ पात्र प्रयोगका आधारमा मूल्याङ्कन ८६
५.५ भाषाशैलीका आधारमा मूल्याङ्कन ८६
५.६ निष्कर्ष ८८

**परिच्छेद : छ**

**उपसंहार**

६.१ पृष्ठभूमि ८९
६.२ पहिलो परिच्छेदको निष्कर्ष ९१
६.३ दोस्रो परिच्छेदको निष्कर्ष ९१
६.४ तेस्रो परिच्छेदको निष्कर्ष ९१
६.५ चौथो परिच्छेदको निष्कर्ष ९२
६.६ पाँचौं परिच्छेदको निष्कर्ष ९४
६.७ समग्र निष्कर्ष ९४

**सन्दर्भग्रन्थसूची** ९७

# तालिकासूची

तालिका सङ्ख्या-१ : विभिन्न पत्रपत्रिकामा प्रकाशित खुला आकाशतर्फ निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू ३१
तालिका सङ्ख्या-२ : संस्कृतिको सेरोफेरो निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू ५५
तालिका सङ्ख्या-३ : साहित्यकार डी.आर. पोखरेलका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धहरू ७०

# परिच्छेद : एक

# शोध परिचय

# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

सगरमाथा अञ्चल, ओखलढुङ्गा जिल्ला, रुम्जाटार गा.वि.स. वार्ड नं. ६ मा वि.सं. २०११ साल भाद्र ११ गते शुक्रबारका दिन जन्मिएर वि.सं. २०५० सालदेखि नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर नगरपालिका वार्ड नं. १०, भरतपुरमा स्थायी बसोबास गर्दै आएका डिल्लीराम पोखरेल चितवनका प्रगतिवादी साहित्यकार हुन् । उनी नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाउने एक विशिष्ट प्रतिभा हुन् । उनले खासगरी नेपाली साहित्यका कविता, संस्मरणात्मक निबन्ध विधाका साथै विभिन्न *स्रष्टाका कृतिमाथि समालोचना* एवम् स्वतन्त्र अनुसन्धानमूलक लेख लेखेका छन् । वि.सं. २०३२ सालमा 'मेरी आमाको व्यथा' कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका पोखरेलका **माओत्सेतुङबाट सिकौं** (अनूदित पुस्तिका-२०३६), **कम्युनिष्ट के चाहन्छन्** (पुस्तिका-२०४७), **यथार्थवादी समालोचनाको गोरेटोमा** (समालोचना सङ्ग्रह-२०५८), **निकुञ्ज र जनताबिचको द्वन्द्व र एकता : एक अध्ययन** (समाजशास्त्रीय अध्ययन-२०५९), **पारिजातको साहित्यिक मूल्याङ्कन** (समालोचना-२०६२), **खुला आकाशतर्फ** (संस्मरण/निबन्धसङ्ग्रह-२०६३), **संस्कृतिको सेरोफेरो** (सांस्कृतिक लेखसङ्ग्रह-२०६४) र **साहित्य सङ्गम चितवनको विगत र वर्तमान** (साहित्यिक इतिहास-२०६४), **समालोचनाको रूपरेखा** (समालोचनासङ्ग्रह-२०६६), **राजकृष्ण कँडेलको जीवनी** (२०६५) प्रकाशित भएका छन् । यस्ता सिर्जनशील व्यक्तित्वका धनी डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन भए तापनि उनका निबन्धकारिताको समुचित, गहन एवम् व्यवस्थित अध्ययन हालसम्म भएको छैन तसर्थ यस शोधकार्यका लागि यिनै सिर्जनशील, अध्ययनशील एवं लगनशील निबन्धकार डी.आर. पोखरेलको निबन्धकारितालाई अध्ययनको विषय चयन गरिएको छ । यस अध्ययनका लागि शीर्षक **साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** दिइएको छ ।

## १.२ समस्याकथन

साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिताको विस्तृत एवम् गहन अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको मुख्य समस्याकथन हो । बुँदागत रुपमा समस्याहरू यसप्रकार रहेका छन्-

क) डी.आर. पोखरेलको निबन्धकारिता के-कस्तो रहेको छ ?

ख) उनको निबन्धकारिताको प्रवृत्ति के-कस्तो रहेको छ ?

ग) नेपाली निबन्धमा उनको योगदान के-कस्तो रहेको छ ?

यिनै माथिका समस्यामा केन्द्रित भएर अध्ययन, विश्लेषण अनि मूल्याङ्कन गर्नु नै यस शोधपत्रको मूल समस्या रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

साहित्यकारमा सिर्जना गर्न सक्ने क्षमता हुन्छ । साहित्यकारहरूले आफू जुनसुकै स्थानमा रहे पनि साहित्यको अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका हुन्छन् । यस्तै साहित्यतर्फ योगदान गर्ने सिर्जनशील प्रतिभा डी.आर. पोखरेलको निबन्धकारिताको निम्नलिखित आधारमा केन्द्रित रहेर शोधकार्य गर्नु नै यसको उद्देश्य रहेको छ -

क) डी.आर. पोखरेलको निबन्धकारिताको पहिचान गर्नु ।

ख) उनका निबन्धगत प्रवृत्तिहरूलाई केलाउनु ।

ग) उनका साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

वि.सं. २०३२ सालदेखि साहित्य सेवामा प्रवेश गरेर निरन्तर साहित्यिक रचनाहरू प्रकाशित गर्दै राष्ट्रिय स्तरमा नै स्थापित भइसकेका डी.आर. पोखरेलका हालसम्म साहित्यिक ६ र गैर साहित्यिक ५ गरी जम्मा ११ पुस्तकाकार कृति प्रकाशित भएका छन् । यीबाहेक पनि उनका दर्जनौं लेख निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् । **मूल्याङ्कन** मासिक पत्रिका, **वेदना** र **उत्साह** त्रैमासिक पत्रिका एवम्

**जनमत** मासिक लगायत राष्ट्रिय तहका पत्रपत्रिकाहरूमा उनका दर्जनौं लेख प्रकाशित भएका छन् । यिनका सम्बन्धमा पत्रपत्रिकामा टीकाटिप्पणी, समीक्षा चर्चाहरू पनि हुँदै आएका छन् । वीरेन्द्र बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने विद्यार्थी विनोद पौडेलले २०६५ सालमा यिनको जीवनी, व्यक्तित्व र कृतित्त्वको बारेमा शोधकार्य गरिसकेका छन् । तर उनको निबन्धकारितामा शोधकार्य भएको पाइँदैन । उनका कृतिहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी विस्तृत र सुव्यवस्थित अनुसन्धान पनि भएको पाइँदैन । केही पुस्तक र पत्रपत्रिकाका लेखहरूमा भने उनका बारेमा सामान्य समीक्षा र चर्चाहरू भएका छन् । उनका बारेमा हालसम्म जे-जस्ता चर्चापरिचर्चा भएका छन्, तिनलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

क) खगेन्द्र सङ्ग्रौलाले डी.आर. पोखरेलका क्रमशः ढोङ विभाजित मनस्थितिको उपज र स्वतन्त्रता र प्रतिबद्धता यी दुवैको ढोङ सम्बन्धी अन्तर्क्रियात्मक विचार प्रकाशित भएको छ भनी उल्लेख गरेका छन् ।[१]

ख) लक्ष्मणप्रसाद गौतमका अनुसार समालोचक डी.आर. पोखरेल प्रगतिवादी साहित्यका अध्येता हुन् । चितवन र अन्य केही ठाउँका प्रगतिवादी लेखकहरूका कृतिको भूमिका लेखनमा यिनको समालोचकीय व्यक्तित्व झल्केको उल्लेख गर्दै प्रगतिशील समालोचनाधर्मिता देखिनु यिनको विशेषता हो भनिएको छ ।[२]

ग) चूडामणि रेग्मीका अनुसार डी.आर. पोखरेलको छाती खोलेर यी स-साना निबन्धले निकै विषय रोज्नु अनि तिनलाई पार लगाउनु सिद्धहस्त लेखकको लच्छिन हो । हक्की स्वभावका उनी निबन्धभित्र पनि हक्की कुराहरू छ्याप्छ्याप्ती पाइनुले एउटा भावुक निबन्धकारका रूपमा निबन्ध साहित्यले निबन्ध साधक प्रतिभा भेट्टाएको अनुभव गरेको उल्लेख गरेका छन् ।[३]

घ) हरिबहादुर श्रेष्ठका अनुसार डी.आर. पोखरेल एक सन्तुलित समालोचक हुन् । लेखाइ र अभिव्यक्तिमा कृत्रिमताको अभाव नै उनको परिचय हो ।

---

[१] खगेन्द्र सङ्ग्रौला, *हामी केवल काल कुरेर बाँचिरहेका छौं,* **मूल्याङ्कन,** वर्ष १०, अङ्क ६, भाद्र २०४९, पृ. २५ ।

[२] लक्ष्मणप्रसाद गौतम, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२, पृ. ११८ ।

[३] चुडामणि रेग्मी, *खुला आकाशतर्फको सानो घेरो,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. क ।

उनका संस्मरणात्मक लेखले हरेक जिज्ञासु र उत्सुक युवाहरूको मात्र प्रतिनिधित्व गरेको छैन बरु युवा सुलभ भावनाहरूलाई समेत सजीव ढङ्गबाट प्रस्तुत गरेको छ भनी चर्चा गरेका छन् ।[४]

ङ) हरिहर खनालले डी.आर. पोखरेल निबन्ध, प्रबन्ध, समालोचना र संस्मरण सबै विधामा एकनासले कलम चलाउन सक्ने प्रतिभावान् व्यक्तित्व हुन् भनी उनको व्यक्तित्वको चर्चा गरेका छन् ।[५]

च) नारायणप्रसाद खनालले डी.आर. पोखरेलको प्रस्तुत **खुला आकाशतर्फ**मा शब्दाडम्बर वा अर्थाडम्बर नभई वैचारिक बनोट र बुनोटको सन्तुलित शृङ्खला विद्यमान रहेको पाइन्छ भनी आफ्ना विचार व्यक्त गरेका छन् ।[६] वस्तुतः **खुला आकाशतर्फ**को भाषामा पाइने मिठास र लचक दुबैले परिपूर्ण भएका यी लेखहरू सामान्यदेखि बौद्धिक पाठकसम्मका खुराक बन्न सक्छन् भनी प्रशंसा गरेका छन् ।[७]

छ) सीताराम कोइरालाद्वारा लिइएको डी.आर. पोखरेलको अन्तर्वार्ता **संवादमा स्रष्टाहरू** नामक कृतिमा पोखरेलको अन्तर्वार्ता छापिएको छ ।[८]

ज) विनोद पौडेलले **डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** गरेको स्नातकोत्तर शोधपत्रमा डी.आर. पोखरेलबारे आफ्ना धारणा यसरी व्यक्त गरेका छन्- आधुनिक नेपाली साहित्यको पचासको दशकको उत्तरार्धमा देखापरेका डी.आर. पोखरेलले वि.सं. २०३२ सालदेखि **प्राविधिक विकास** नामक त्रैमासिक पत्रिकामा *मेरी आमाको व्यथा* शीर्षक कविता प्रकाशित गरी साहित्य आकाशमा छाएका उनको हालसम्म पुस्तकाकार कृतिको सङ्ख्या कम देखिए पनि विभिन्न पत्र-पत्रिकामा सयौं लेख-रचना

[४] हरिबहादुर श्रेष्ठ, *खुला आकाशतर्फबारे,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. ख-घ ।

[५] हरिहर खनाल, *खुला आकाशतर्फमाथि दुई शब्द,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. ङ ।

[६] नारायणप्रसाद खनाल, *खुला आकाशतर्फलाई खुल्लमखुल्ला शुभकामना,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. च-झ ।

[७] नारायणप्रसाद खनाल, *खुला आकाशतर्फ खुल्लमखुल्ला अवलोकन गर्दा,* **समीक्षाका आकारहरू,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६५, पृ. ७० ।

[८] सीताराम कोइराला, *मलाई त यस्तो स्तुतिवादी साहित्य घृणास्पद लाग्छ,* **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४, पृ. ७८ ।

प्रकाशित गरेर सफलता प्राप्त गरेकोले उनी बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनको व्यक्तित्वलाई स्रष्टा र द्रष्टा गरी दुई भागमा विभाजन गर्न सकिन्छ । स्रष्टा व्यक्तित्वअन्तर्गत उनलाई कवि र निबन्धकारका रूपमा तथा द्रष्टा व्यक्तित्वअन्तर्गत समीक्षक र खोज-अन्वेषक व्यक्तित्वका रूपमा पाउन सकिन्छ । त्यसै गरी साहित्येतर व्यक्तित्वमा उनलाई सम्पादक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व र पत्रकार व्यक्तित्वका रूपमा अध्ययन गर्न सकिन्छ । डी.आर. का प्रकाशित कृतिहरूको अध्ययन गर्दा समीक्षक व्यक्तित्वले उच्चता प्राप्त गरेको हुनाले सर्वोच्च व्यक्तित्वचाहिँ द्रष्टा वा समीक्षक व्यक्तित्व नै भएको देखिन्छ । त्यसै गरी उनका प्रकाशित कृतिका आधारमा केलाउनु पर्दा सङ्ख्यात्मक एवं गुणात्मक रूपमा नै समीक्षात्मक कृतिले उच्चता कायम गरेका छन् ।

व्यक्ति एक विधा अनेक भनेझैँ डी.आर. ले साहित्यका विविध विधामा कलम चलाएर आफ्नो बौद्धिकतालाई तिखार्दै लगेको देखिन्छ । प्रगतिवादी समालोचकका रूपमा परिचित डी.आर. केवल समालोचक मात्र नभई पर्यावरणका अन्वेषक, निबन्धकार, संस्कृतिप्रेमी र कवि पनि हुन् । अरूको नक्कल गर्न नखोज्ने, अन्धभक्त बन्न नरुचाउने, कसैको घाँटी ननिमोठ्ने र कसैको भक्ति नगर्ने आत्मस्वाभिमानी, यथार्थ दृष्टिकोण राख्ने, सत्यता र यथार्थताको खोजी गर्ने र तटस्थ रही आफ्नो प्रामाणिक विचार अभिव्यक्त गर्ने प्रवृत्ति डी.आर. मा पाइन्छ । समाजमा देखिने राजनैतिक, सामाजिक, चारित्रिक, आर्थिक विकृति र विसङ्गतिको विरोध गर्ने र सुन्दर, समुन्नत, समृद्ध समाजको परिकल्पनामा जोड दिने मानवतावादी सोचका धनी डी.आर. समाजवादी चिन्तनलाई बढावा दिन्छन् । अर्काको चाकरी, चाप्लुसी नगर्ने र सहयोगी भावना भएका उनी सादा जीवन उच्च विचारलाई जीवनको आदर्श मानेर सोही अनुरूप परिवर्तित असल समाजको आकाङ्क्षा राख्दछन् ।[९]

[९] विनोद पौडेल, **डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५, पृ. १३३ र १३५ ।

झ) मधु पोखरेलले *शब्दचित्रमा मनकामना साहित्यिक यात्रा* लेखमा डी.आर. पोखरेलद्वारा रचित संस्मरणात्मक निबन्धसङ्ग्रह **खुला आकाशतर्फ**को विमोचन गरिएको र विमोचित कृतिको समीक्षा भवनाथ सडौला लगायतले गरेको कुरा उल्लेख गरेका छन् ।[१०]

ञ) धनेश्वर भट्टराई र रामचन्द्र सुवेदीले डी.आर. पोखरेलको आफ्नो भ्रमणसँग सम्बन्धित **खुला आकाशतर्फ** संस्मरणसङ्ग्रह प्रकाशित छ, जसमा सङ्गृहीत विषयलाई खुला आकाशजस्तै छर्लङ्ग पारिदिएको छ भनेका छन् ।[११]

ट) अमर गिरीका अनुसार डी.आर. पोखरेल विविध विषयमा कलम चलाउँदै आउनु भएका प्रतिष्ठित लेखक, राजनीति, दर्शन, संस्कृति, साहित्य आदि विषयहरूमा मोफसलमा बसेर लेखनलाई निरन्तरता दिने व्यक्तित्वहरूको लहरमा पर्दछन् भनी उल्लेख गरेका छन् ।[१२]

ठ) **प्रलेस चितवन**, स्रष्टा परिचय अङ्कमा डी.आर. पोखरेलको व्यक्तिगत जीवनको विवरण प्रकाशित भएको छ ।[१३]

ड) **अक्षरभित्र स्रष्टाहरू**मा डी.आर. पोखरेलका जीवनसँग सम्बन्धित सङ्क्षिप्त विवरण प्रकाशित भएको छ ।[१४]

ढ) कपिलमणि शर्मा रेग्मी (कपिल अज्ञात) ले डी.आर. पोखरेल अनवरत ज्ञानका अध्येता, नवीन तत्त्वहरूका जिज्ञासु, जनहितमा प्रतिबद्ध वैचारिक आस्था र स्वाभाविक निष्ठाका पूर्णकालीन लेखक छन् भनी उनको मूल्य स्थापित गरेका छन् ।[१५]

---

[१०] मधु पोखरेल, *शब्दचित्रमा मनकामना साहित्यिक यात्रा,* **हाम्रो सिर्जना** त्रैमासिक पत्रिका, वर्ष-३, अङ्क-५, ६ (संयुक्ताङ्क), २०६५ वैशाख, पृ. ५८ ।

[११] धनेश्वर भट्टराई र रामचन्द्र सुवेदी, *संस्कृतिको सेरोफेरो : एक विहङ्गम दृष्टि,* **कृति र दृष्टि**, चितवन : **हाम्रो सिर्जना** त्रैमासिक पत्रिका, २०६५, पृ. १२६ ।

[१२] अमर गिरी, *संस्कृतिसम्बन्धी पठनीय पुस्तक,* **सुनकोशी आवाज** राष्ट्रिय मासिक, काठमाडौं : प्रतिध्वनि मिडिया प्रा.लि., वर्ष २, अङ्क १४, साउन २०६५ ।

[१३] **प्रलेस चितवन**, स्रष्टा परिचय अङ्क, चितवन : प्रगतिशील लेखक सङ्घ, वर्ष ३, अङ्क २, आश्विन २०६६, पृ. ३९ ।

[१४] मोहन दुवाल (सम्पा.), **अक्षरभित्र स्रष्टाहरू,** काभ्रे : जनमत प्रकाशन नेपाल, २०६७, पृ. १६६ ।

[१५] कपिल अज्ञात, *यथार्थवादी विचारका बौद्धिक लेखक : डी.आर. पोखरेल,* **स्रष्टाबिम्ब,** व्यक्तित्व आरेख भाग-१, चितवन : चितवन साहित्य परिषद्, २०६७, पृ. ४१ ।

ण) आर.सी. रिजालले डी.आर. पोखरेल बौद्धिक विचारक, चिन्तक, समीक्षक र समलोचक हुनुका साथै उनी कसैको मन नदुखाउने, स्रष्टालाई मन पराउने, तार्किक एउटा इमान्दार लेखकको रूपमा रहेका हुन् भनी चर्चा गरेका छन् ।[१६]

त) गोविन्दराज विनोदीले साहित्यका विविध विधाको विश्लेषण गर्ने क्षमता राख्ने डी.आर. पोखरेल कृतिगत मूल्य स्थापनामा त्यत्तिकै सजग रहेको उल्लेख गर्दै उनका कृति तथा पुस्तकाकार रूपमा हेर्ने हो भने त्यसमा राजनीतिक विश्लेषण, सांस्कृतिक चिनारी, समालोचकीय टिप्पणी, जीवनीगत चिनारी र विशुद्ध नैबन्धिक अभिव्यञ्जना पाइन्छ भनी टिप्पणी गरेका छन् ।[१७]

थ) धनराज गिरीले इमानी र स्वाभिमानी एक अन्वेषक डी.आर. पोखरेल यस राष्ट्रका लागि एक खजान हुन् भनी उनको इमान्दारीताको गरेका छन् ।[१८]

द) पूर्णबहादुर अधिकारीले डी.आर. पोखरेललाई साहित्यको प्रेरक गुरु मान्दै जीवनमा केही गर्न घच्घच्याउने व्यक्तित्वको रूपमा लिई उनका योगदानको चर्चा गरेका छन् ।[१९]

ध) पोषराज पौडेलले डी.आर. पोखरेल एक अध्येता, संस्कृतिविद्, सरल, मिलनसार, स्वाभिमानी र धैर्यशील व्यक्तित्व हुन् भनी महिमा गाएका छन् ।[२०]

न) बाबुराम पाण्डेले डी.आर. पोखरेललाई सौम्य, मृदुभाषी, भद्र र उत्साही अनुहार, सबै जनासँग पहुँच भएका, सम्पर्क र सहयोग गर्न आतुर भएका

---

[१६] आर.सी. रिजाल, *डी.आर. मभन्दा धेरै पछाडि,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. १ ।

[१७] गोविन्दराज विनोदी, *डी.आर. पोखरेल : जस्तो मैले चिनें,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. १० ।

[१८] धनराज गिरी, *अग्लो मान्छेको सामुन्ने एउटा होचो कलम,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. २० ।

[१९] पूर्णबहादुर अधिकारी, *प्रेरक व्यक्तित्व : डी.आर. पोखरेल,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ३७ ।

[२०] पोषराज पौडेल, डी.आर. पोखरेलको के हो संस्कृति र सांस्कृतिक क्रान्ति भनेको ? लेखमा छोटो समीक्षा, **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ३९ ।

सरल र निष्कपट स्वभावका मिलनसार व्यक्तित्व हुन् भन्ने उल्लेख गरेका छन् ।[२१]

प) बालकृष्ण थापाले डी.आर. पोखरेल चितवनमा मात्र नभएर नेपालभरिकै पत्रकारिता र साहित्यिक फाँटमा परिचित नाउँ भएकाले उनी साधारणतया सबैका आँखामा सहज व्यक्तिका रूपमा चिनिएका छन् भनी उनको योगदानको चर्चा गरेका छन् ।[२२]

फ) भवनाथ सडौलाले **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहभित्रका अधिकांश निबन्धहरू निबन्धकार पोखरेलका व्यक्तिगत जीवनीका साथै साहित्यिक, सांस्कृतिक र राजनैतिक कार्यक्षेत्रसँग सम्बन्धित छन् भनी टिप्पणी गरेका छन् ।[२३]

ब) रविकिरण निर्जीवले पत्रकारिता, शोध, संस्कृति, कविता, निबन्ध, समालोचना जस्ता धेरै साहित्यिक क्षेत्रमा यात्रा गर्दै उनले घटना, दुर्घटना, मन्तव्य, विचार आदि टिपेर अखबारका पानाहरू भरी विविध संस्कृतिभित्र पसेर त्यसलाई खन्ने र जिलाउने गरेको चर्चा गरेका छन् ।[२४]

भ) विष्णुप्रसाद घिमिरेले डी.आर. पोखरेलका जीवनी, व्यक्तित्व र कृतित्त्वको साथै वंशावलीबारेमा चर्चा गर्दै विविध क्षेत्रमा संलग्न रहने पोखरेलमा सङ्घर्षशील जीवनशैली पाइन्छ भनी टिप्पणी गरेका छन् ।[२५]

म) विनोद पौडेलले डी.आर. मूलतः समालोचक हुन् । **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहका माध्यमबाट उनी एक निबन्धकारका रूपमा परिचित बनेका छन् भनी उल्लेख गरेका छन् ।[२६]

---

[२१] बाबुराम पाण्डे, *उत्प्रेरक व्यक्तित्व : डी.आर. पोखरेल,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ४२ ।

[२२] बालकृष्ण थापा, *डी.आर. पोखरेल : संस्कृतिको सेरोफेरो समीक्षा र संस्मरण,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, २०६९, पृ. ४७ ।

[२३] भवनाथ सडौला, *खुला आकाशतर्फ एक समीक्षा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ५६ ।

[२४] रविकिरण निर्जीव, *साधनामा उभिएका डी.आर. : अविचल छन्,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ७२ ।

[२५] विष्णुप्रसाद घिमिरे, *पोखरेलजीको बारेमा केही गन्थन केही मन्थन,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ७५ ।

[२६] विनोद पौडेल, *साहित्यकार डी.आर. र संस्कृतिको सेरोफेरो सङ्क्षिप्त चर्चा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ८० ।

यसप्रकार माथि उल्लिखित विभिन्न साहित्यकार, बौद्धिक लेखक, पत्रकार, विभिन्न पत्रपत्रिकाका सम्पादक, शुभचिन्तकहरूले आफ्ना कृति तथा लेखमार्फत् साहित्यकार डी.आर. पोखरेलका साहित्यिक लेख-रचना एवं पुस्तकमा केन्द्रित रहेर उनका बारेमा चर्चा-परिचर्चा गरे तापनि उनका प्रकाशित निबन्धहरू के-कस्ता छन् र नेपाली साहित्यमा उनको निबन्धकारिताले कस्तो योगदान पुऱ्याएको छ भन्ने सम्बन्धमा खोजीनीति गरी निबन्धका तत्त्वहरू र वर्गीकरणका आधारमा उनको निबन्धलेखन कस्तो छ, नैबन्धिक व्यक्तित्व कुन रूपमा रहेको छ, निबन्धको सैद्धान्तिक र विकासक्रमका साथै उनका निबन्धको कालक्रमिक चरण एवं प्रवृत्तिलाई के-कसरी अध्ययन गर्न सकिन्छ र निबन्धमा उनको भाषाशैली एवं चिन्तन प्रवाह र विचारधारा कुन रूपमा प्रकट भएको छ भन्ने सम्बन्धमा हालसम्म पनि सूक्ष्म एवं वृहत् रूपमा क्रमिक अध्ययन, मनन, विश्लेषण योजनाबद्ध ढङ्गबाट निबन्धकारिताको समग्र अध्ययन हुन सकेको छैन । तसर्थ डी.आर. पोखरेलको निबन्धकारिताको अध्ययन-विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाल वा विदेशमा समेत रहेर नेपाली साहित्यको भण्डार भर्न तल्लीन साहित्यकारहरूका बारेमा खोजीनीति, अध्ययन, अनुसन्धान एवम् मूल्याङ्कन हुनु जरुरी छ । साथै तिनीहरूको साहित्यिक योगदानको चर्चा परिचर्चा पनि गर्नु अत्यावश्यक हुन्छ । त्यस्तै साहित्यसँग विगतदेखि नै आफ्नो छुट्टै परिचय समेत बनाइसकेका डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भए तापनि आजसम्म उनको निबन्धकारितामा केन्द्रित भएर कुनै पनि शोधकार्य नभएकाले यसमा नै शोधखोज गरिएको छ । यसका साथै उनको शोधकार्यबाट निबन्धकारितामा साहित्यतर्फ रुचि राख्ने भावी पुस्ता समेत लाभान्वित हुन सक्ने छन् । यस अध्ययनले डी.आर. पोखरेलको निबन्ध विश्लेषणमा प्रयुक्त हुन सक्ने सामान्य प्रारूपका सार्थै अन्य निबन्धकारका निबन्ध विशलेषणमा पनि प्रस्तुत शोधकार्यको उपयोग गर्न सकिने हुन्छ । यसैबाट पनि प्रस्तुत शोधकार्यको औचित्य र महत्त्व सिद्ध हुन्छ ।

## १.६ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य तयारीका निमित्त सामग्री सङ्कलन गर्न पुस्तकालयीय अध्ययन विधि अपनाएको छ । सङ्कलित सामग्रीको विश्लेषण र विवेचना गर्न आवश्यकताअनुसार वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक पद्धति अँगाल्नुका साथै कृति विश्लेषण र

निबन्धकारिताको विश्लेषणका लागि उनका प्रकाशित निबन्धसङ्ग्रहलाई आधार बनाइएको छ । शोधनायक चितवनमै रहेकाले निजबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ साथै विषयसँग सम्बन्धित विद्वान्हरूबाट लिखित अन्तर्वार्ता वा मौखिक कुराकानी गरेर पनि सामग्री सङ्कलन गरिएको छ ।

## १.७ शोधको सीमाङ्कन

डी.आर. पोखरेलका प्रकाशित निबन्धात्मक कृतिहरूको अध्ययनमा यो शोधकार्य सीमित रहेको छ । उनका निबन्ध बाहेकका अन्य पुस्तकको अध्ययन नगर्नु र उनका व्यक्तित्वका अन्य पाटाहरूको अध्ययन नगर्नु यस शोधपत्रको सीमा रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई विभिन्न परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ । यसमा छ परिच्छेद र आवश्यकता अनुसार विभिन्न उप-परिच्छेदहरू पनि रहने छन् । सबै परिच्छेदहरूलाई क्रमैसँग दशमलब प्रणालीमा अङ्क मिलाई शीर्षक, उप-शीर्षकमा विभाजन गरिएको छ र यस शोधकार्यको मुख्य रूपरेखा वा सङ्गठन यसप्रकार रहेको छ :-

**परिच्छेद एक : शोध परिचय**

यस परिच्छेदमा विषय परिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, सामग्री सङ्कलन  र शोधविधि, शोधको सीमाङ्कन, शोधपत्रको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम**

यस परिच्छेदमा निबन्धको सैद्धान्तिक अध्ययन, निबन्ध शब्दको व्युत्पत्ति र अर्थ, निबन्धको परिभाषा, निबन्धका तत्त्वहरू र निबन्धको वर्गीकरणबारे अध्ययन गरिएको छ ।

**परिच्छेद तीन : नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश र उनको निबन्धयात्रा**

यस परिच्छेदमा निबन्धकार पोखरेलले निबन्ध लेख्न प्रारम्भ गरेदेखि उनको सम्पूर्ण निबन्धयात्रालाई चरणबद्ध रूपमा अध्ययन गरी निष्कर्ष समेत प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : डी.आर. पोखरेलका प्रकाशित निबन्धहरूको अध्ययन**

यस परिच्छेदमा परिचय, **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह र **संस्कृतिको सेरोफेरो** सांस्कृतिक निबन्धसङ्ग्रहको अध्ययन अन्तर्गत परिचय, संरचना, विषयवस्तु, चिन्तन र विचारधारा, शैली/प्रस्तुति, डी.आर. पोखरेलका फुटकर निबन्धहरूको सूचि र निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : डी.आर. पोखरेलको निबन्धकारिताको मूल्याङ्कन**

यस परिच्छेदमा डी.आर. पोखरेलको निबन्धकारितालाई विषयवस्तु, संरचना र कथनढाँचा, शीर्षक चयन, पात्र प्रयोग एवं भाषाशैलीका आधारमा मूल्याङ्कन गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी अन्तमा समग्र शोधको मूल्याङ्कनसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भाग अगाडि र मध्यभाग शोध प्रतिवेदनको मुख्य स्वरूप तथा अन्त्य भागका रूपमा सन्दर्भसामग्रीसूची समावेश गरी साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

# परिच्छेद : दुई
# निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रम

## २.१ निबन्धको सैद्धान्तिक अध्ययन

साहित्यमा श्रव्य र दृश्य गरी दुई भेद हुन्छन् । श्रव्य काव्यअन्तर्गत गद्य, पद्य र चम्पू पर्दछन् भने दृश्य काव्यअर्न्तगत नाटक, एकाङ्की, प्रहसन पर्दछन् । निबन्ध यस विधाकै एउटा सानो र लोकप्रिय विधा हो । यसलाई छोटो र छरितो ढङ्गबाट प्रस्तुत गरिन्छ । सिर्जनात्मक साहित्यका विधाहरूमध्ये निबन्ध सबैभन्दा पछि आरम्भ भएको विधा मानिन्छ । निबन्धको विधा विभाजनको शास्त्रीय परम्परा निर्माण भएको पनि त्यति धेरै समय बितेको छैन । संस्कृत व्याकरणमा निबन्ध शब्द निर्माणसम्म भएको थियो तर यसको सिर्जना प्रक्रिया भने संस्कृत भाषाकालमा हुँदै भएन र यसको सिर्जनात्मक कार्य विश्व साहित्यमा आधुनिक कालमा मात्र भयो ।[१]

## २.२ निबन्ध शब्दको व्युत्पत्ति र अर्थ

निबन्ध साहित्यको इतिहासलाई हेर्दा निबन्ध पश्चिमी साहित्यमा सुरुवात भई अन्य मुलुकमा विस्तार भएपनि यो संस्कृत तत्सम शब्द हो । संस्कृत व्याकरणको शब्द निर्माण-प्रक्रिया अनुसार ‘नि’ उपसर्ग लागेको ‘बन्ध’ धातुमा ‘घञ्’ प्रत्यय लागेर बनेको व्युत्पन्न शब्द निबन्ध हो ।[२] यसको अर्थ हुन्छ- राम्ररी बाँध्नु, कसिलो बनाउनु, भावना र विचारलाई अभिव्यक्तिका आयाममा सङ्ग्रहित गर्नु । यसरी निबन्धकारका आफ्ना भावना एवम् विचार स्वस्फूर्त अभिव्यक्तिको स्वरूप नै निबन्ध हो भन्न सकिन्छ ।

आधुनिक युगमा प्रचलित निबन्ध भने पश्चिमको देन हो किनभने निबन्ध आजको दिनसम्म आइपुग्न पश्चिमी निबन्धगत साहित्यकारको अमूल्य योगदानलाई नकार्न भने सकिँदैन ।

---

[१] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध र अन्य विधा,** ललितपुर : साझा प्रकाशन, २०६७, पृ. १ ।

[२] पूर्ववत्, पृ. २ ।

अङ्ग्रेजी साहित्यमा निबन्धलाई एस्से (Essay) भन्ने गरिन्छ । 'एस्से' शब्द फ्रेन्च भाषाको एसाइ (ESSAI) बाट विकसित भई प्रचलनमा आएको हो । एस्सेको शाब्दिक अर्थ अङ्ग्रेजीमा प्रयत्न गर्नु हो भने नेपालीमा जमर्को गर्नु भन्ने बुझिन्छ । पाश्चात्य निबन्ध साहित्यमा फ्रान्सेली स्रष्टा तथा निबन्धकार मिचेल डि मोन्टेनले सोह्रौं शताब्दीमा पहिलोपल्ट निबन्ध सिर्जना गरेका थिए । यसरी निजात्मक ढङ्ग एवम् सौन्दर्ययुक्त गद्यमा भावनाको सृजनात्मक प्रस्तुति गर्नु निबन्ध हो भन्ने प्रस्ट हुन्छ ।

## २.३ निबन्धको परिभाषा

निबन्धले सोह्रौं शताब्दीतिर पाश्चात्य साहित्यमा छुट्टै अस्तित्व प्राप्त गऱ्यो । निबन्ध विधाको जन्म फ्रान्समा भएको हो । तत्पश्चात् यसको विकास एवम् विस्तार अन्य मुलुकहरूमा पनि हुँदै जाँदा निबन्धलाई परिभाषित गर्ने क्रममा पाश्चात्य विद्वान्हरू, भारतीय विद्वान् र नेपाली साहित्यकारका परिभाषा अगाडि सार्नु सान्दर्भिक हुन्छ ।

### क) पाश्चात्य विद्वान्हरूका परिभाषा

#### अ) मोन्तेन

पश्चिमी साहित्यमा सर्वप्रथम निबन्ध सिर्जना गर्ने मोन्तेनको निबन्ध सम्बन्धी परिभाषा यस्तो छ :-

"निबन्ध एक प्रकारको आत्मप्रकाशनको प्रयत्न हो ।"[३]

उनले आफ्नो विचारमा निबन्धलाई आफ्नो विषयवस्तु आफैलाई सम्झने दृष्टिकोणको रूपमा प्रस्तुत गरेका छन् ।

#### आ) बेकन

अङ्ग्रेजी साहित्यमा प्रथम निबन्धकार फ्रान्सिस बेकनले निबन्ध सम्बन्धी आफ्नो परिभाषा यसरी दिएका छन् :-

"छरिएका चिन्तनको प्रस्तुति नै निबन्ध हो ।"[४]

बेकनले वस्तु पक्ष प्रबल, परात्मक र पाण्डित्यपूर्ण निबन्धलाई स्वीकार गरेका छन् ।

---

[३] गोपीकृष्ण शर्मा, **नेपाली निबन्धको सैद्धान्तिक परिचय,** ललितपुर : साझा प्रकाशन, २०५५, पृ. ३ ।

[४] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध र अन्य विधा,** पूर्ववत्, पृ. ३ ।

**इ) जोन्सन**

निबन्धलाई सैद्धान्तिक आधारको रूपमा व्याख्या गर्ने काम डा. जोन्सनले गरेका छन् ।

"निबन्ध भनेको मनको निर्बन्ध भ्रमण हो ।"[५]

जोन्सनको परिभाषालाई केलाउँदा उनी वस्तुपरक निबन्धका प्रणेताका रूपमा आफूलाई चिनाउँदछन् ।

**ई) मरे**

नयाँ अक्सफोर्ड शब्दकोशको अर्थ लेख्ने क्रममा मरेले निबन्धको परिभाषा यसरी दिएका छन् ।

"कुनै विषयका शाखा अथवा विषयविशेषबारे लेखिएको र ठिक्कको लमाइ भएको रचना निबन्ध हो ।"[६]

**उ) जे. डब्ल्यु मेरेट**

"असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल हृदयले व्यक्तिवादी पाराले प्रस्तुत गरिएको हुन्छ ।"[७]

**ऊ) ह्यू वाकर**

"सरल ढङ्गले लेखक र पाठकका माझ विश्वस्त सम्बन्ध कायम राख्न सक्ने आत्मपरक रचनालाई आदर्श निबन्ध भनिन्छ ।[८]

**ए) जे.बी. प्रिस्टली**

"निजात्मक तरिकाले जुनसुकै विषयलाई टिपेर कुरा गर्नु र पाठक र आफूबीच आत्मीय सम्बन्ध स्थापना गर्नु निबन्ध हो ।"[९]

**ऐ) द कन्साइन्स अक्सफोर्ड इङ्ग्लिस लिटरेचर**

"निबन्ध भनेको साधारणतया एउटा छोटो गद्य रचना हो जसमा लेखकको विषयविशेषको प्रतिबिम्ब रहन्छ ।"[१०]

---

[५] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध र अन्य विधा,** पूर्ववत्, पृ. ३ ।
[६] पूर्ववत्, पृ. ४ ।
[७] ऐजन ।
[८] ऐजन ।
[९] ऐजन ।
[१०] ऐजन ।

**ख) भारतीय साहित्यकारहरूका परिभाषा**

**अ) रामचन्द्र शुक्ल**

"निबन्धमा वैयक्तिक विशेषता व्यक्त गर्नका निम्ति र त्यस प्रदर्शनको विशेषता व्यक्त विचारहरूको प्रवाहका रूपले वा अव्यक्त रूपले होस् विश्रृङ्खलित भने हुन दिनु हुन्न । भाव प्रवाहको विचित्रता देखाउनका लागि अनुभूतिमा स्वभाविक वा लोकसम्मत रूपसँग सम्बन्ध नै राख्न सक्नु वा भाषासित साधकहरूको जस्तै व्यायामिक वा हठयोगीहरूले झैं आसन साधन गरिरहनु हुँदैन ।"[११]

**आ) गुलाब राय**

"निबन्ध त्यस प्रकारको रचना विशेष हो, जसमा सीमित आयतनाभित्र कुनै विषयको वर्णन वा प्रतिपादन, विशिष्ट वैयक्तिक प्रतिपादन, स्वच्छन्द, पुष्ट र सजीव-सङ्गति र सम्बद्धता रहेको हुन्छ ।"[१२]

**ग) नेपाली साहित्यकारहरूको परिभाषा**

नेपाली निबन्धलाई चिनाउने क्रममा नेपाली विद्वान्हरूले पनि आफ्नो धारणा यसरी प्रकट गरेका छन् :-

**अ) लक्ष्मीप्रसाद देवकोटा**

"यो (निबन्ध) टेबुल गफ हो, चस्मादार अध्यापकको व्याख्यान होइन, न त वमनवेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लच्किन्छ र घनिष्ठता तिर ओर्लिन्छ ।"[१३]

**आ) डा. ईश्वर बराल**

"निबन्ध भनेको एक किसिमको कुरा गराइ हो । लेखकका मनका भावनालाई स्वागत कथनका रूपमा उद्गारित गराउने विधा विशेष निबन्ध हो ।"[१४]

---

[११] रत्नप्रसाद सापकोटा, **निर्मोही व्यासको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९, पृ. १७ ।

[१२] ऐजन ।

[१३] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध** भाग-२, पूर्ववत्, पृ. ४ ।

[१४] पूर्ववत्, पृ. ५ ।

**ई) हृदयचन्द्रसिंह प्रधान**

विवेचनाका क्रममा प्रधानले प्रकट गरेको विचार यस्तो छ "निबन्धमा लेखकले कलमको पछि पछि दौडेर मात्र पुग्दैन, पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस गर्नुपर्छ । परिमार्जित र परिपक्व विचार, दृष्टिकोणलाई व्यङ्ग्य, हास्य र ठट्यौलीपन मामुली तवरबाट पोख्दै जानुपर्छ ।"[१५]

**ई) मोहनराज शर्मा**

"कुनै विषय बारे सुगठित शैलीमा सविस्तार लेखिएको उद्देश्यपूर्ण र प्रत्ययकारी लघु गद्य रचनालाई निबन्ध भनिन्छ ।"[१६]

**उ) बालकृष्ण पोखरेल**

"सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाएको गन्थन हो ।"[१७]

यसप्रकार विभिन्न विद्वान्हरूले निबन्धलाई परिभाषित र अर्थ्याउने गरेको पाइन्छ । सबै परिभाषाहरूलाई अध्ययन गरेर मात्र यसका वास्तविक रूपको पहिचान गर्न सकिन्छ ।

यसरी पाश्चात्य विद्वान्हरू, भारतीय विद्वान् र नेपाली साहित्यकारका परिभाषालाई गहन रूपमा अध्ययन गर्दा के स्पष्ट हुन्छ भने निबन्ध छरिएर रहेका चिन्तनहरूको आत्मप्रकाशनको त्यो अभिव्यक्ति हो जसले व्यक्तिका मनलाई खुल्ला आकाशमा स्वच्छन्द भ्रमण गराउँदछ अनि विषयका विविध रूपहरूसँग लेखक र पाठकलाई समन्वय गराएर सजीव आत्मिक सम्बन्ध कायम गर्नमा मदत पुऱ्याउँदछ । परिमार्जित र परिपक्व विचारलाई सङ्गठित गरेर लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको गन्थनमन्थन हास्य व्यङ्ग्य र ठट्यौलीको माध्यमका रूपमा निबन्धमा व्यक्त गर्ने हुनाले नेपाली साहित्यको यो विधा अध्ययनको छोटो बसाइमा नै पाठकको जिब्रोमा आस्वादन गराउने विधाविशेषको रूपमा परिचित छ ।

---

[१५] राजेन्द्र सुवेदी, **आधुनिक नेपाली निबन्ध र अन्य बिधा,** पूर्ववत्, पृ. ५ ।

[१६] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५, पृ. ५०२ ।

[१७] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध** भाग-२, पूर्ववत्, पृ. ५ ।

## २.४ निबन्धका तत्त्वहरू

निबन्धका तत्त्वहरूका सम्बन्धमा विभिन्न विद्वान्‌हरूले आ-आफ्नो दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । कसैले यसलाई उपकरण मानेका छन् त कसैले यसलाई निबन्धका आधारका रूपमा लिएका छन् । अध्ययन सुविधा एवम् सरलताका निम्ति तलका बुँदालाई तत्त्वका रूपमा वर्णन गर्नु उपयुक्त देखिन्छ :-

क) विषय

ख) सम्बन्धित वस्तुतथ्य वा चिन्तन

ग) सुसम्बद्ध सङ्‌गठन र सुगठित शैली

### क) विषय

निबन्धको प्रमुख आधारको रूपमा विषयलाई लिन सकिन्छ । निबन्धकारले जुनसुकै विषयलाई लिएर निबन्धको सृजना गर्न सक्दछ । मूर्त-अमूर्त, स्पष्ट-अस्पष्ट, जड-चेतन, भूत-वर्तमान, जुनसुकै काल स्थिति र सन्दर्भका अनेकौ विषयमा निबन्धकारले आफ्नो रुचि अनुसार छान्दछ । त्यसैले यही विषयको माध्यमबाट नै स्रष्टाले आफ्नो विचार एवम् भावहरू सम्प्रेषण गर्दछ । त्यसकारण पहाड, नदी, आकाश, पिण्ड, जीवन, मृत्यु, कर्म, अपराध, नर्क जस्ता निबन्धका सामग्री बन्न सक्दछन् निबन्धकार आफू जुन विषयमा रूपायित हुन सक्छ, त्यही नै उसको निबन्धको विषय बनेर आएको हुन्छ ।

### ख) सम्बन्धित वस्तुतथ्य वा चिन्तन

निबन्धकार आफूले निबन्धको विषयको चयन गरेपछि सम्बन्धित विषयमा आफ्ना प्रस्तुतिलाई प्रकाश पार्न विभिन्न शैलीहरू अपनाउने गर्दछन् । अर्थात् भिन्नाभिन्दै निबन्धकारको शब्द व्यक्त गर्ने क्रममा भिन्नाभिन्दै शैली हुन्छ । निबन्धका स्रष्टाले कतै वस्तुपरिचायक शैली अँगालिएको हुन्छ भने कतै अनुभूतिको तीब्रता वा विचारको गहनतालाई प्रश्रय दिइन्छ । निजात्मक निबन्धमा विषयको धरातलका टेकेर स्रष्टाद्वारा आफ्ना विचार, अनुभूति, भाव र संवेगहरू आत्मप्रधान प्रस्तुतिमा प्रकट भएको हुन्छ भने वस्तुप्रधान निबन्धमा आंशिक रूपमा व्यक्तिको निजात्मक आग्रहको उपस्थिति रहन्छ ।

### ग) सुसम्बद्ध सङ्गठन र सुगठित शैली

विषयको स्फुरण भएपछि निबन्धको सुरुवात जुनसुकै कोण या छेउबाट आरम्भ हुन पनि सक्छ । त्यसै स्थानमा गएर टुङ्गिन पनि सक्छ । अझ निबन्ध त स्वतन्त्र विचरण गर्ने अभिव्यक्ति मूलक कला भएको हुनाले यो बढी स्वस्फूर्त र प्रवाहमय हुन्छ । निबन्धको क्रमबद्ध प्रस्तुतिका लागि यसको संरचनालाई तीन भागमा विभाजन गर्न सकिन्छ ती हुन् : आदि, मध्य र अन्त्य । यसलाई क्रमशः भूमिका खण्ड, विस्तार खण्ड र उपसंहार खण्ड पनि भनिन्छ ।

भूमिकाखण्ड निबन्धको प्रवेशद्वार हो । यो खण्ड निकै रोचक र आकर्षक हुने हुनाले यसलाई निबन्धको पूर्वसङ्केतको रूपमा लिन सकिन्छ । यसले मध्यभागतर्फ डोऱ्याउन अभिप्रेरित गर्दछ । पाठकलाई यसको विकासको भागदेखि अन्तसम्म कुतूहलतापूर्वक पठनशील बनाउँदै लान्छ ।

विस्तारखण्ड निबन्धको मध्यभाग हो । यसमा निबन्धको विषय र आफ्ना प्रतिक्रिया समेत अभिव्यक्त गरिन्छ भने यसैमा विषयका सम्पूर्ण पक्षको चर्चा र विश्लेषण समेत गरिन्छ । यो खण्ड निबन्धको महत्त्वपूर्ण अंश पनि हो । अन्त्यमा निबन्धको उपसंहारखण्ड रहेको हुन्छ । यसमा निबन्धको सारसंक्षेप नै टुङ्ग्याउनी अंशको रूपमा रहन्छ ।

## २.५ निबन्धको वर्गीकरण

निबन्धको प्रस्तुति, लेखनशैली, विषय र विशेषताका आधारमा निबन्धको वर्गीकरण गर्न सकिन्छ । विश्व साहित्यमा निबन्धको आरम्भदेखि दुई धारणा विकास भएर आएका छन् । ती धारणा हुन् निजात्मक र परात्मक । ईश्वर बरालले पनि यही आधारमा निबन्धलाई दुई भागमा वर्गीकरण गरेका छन्- निजात्मक (व्यक्तिनिष्ठ) र परात्मक (विषयनिष्ठ) । यदि यस विषयमा गहिरिएर गएमा यसका पनि उपभेद हुन सक्दछन् । निजात्मक निबन्धका तीनवटा भेद देखिन्छन्- क) विचारात्मक, ख) भावात्मक र ग) वैयक्तिक । त्यस्तै परात्मक निबन्धलाई भने दुई भेदमा वर्गीकरण गरेको पाइन्छ- क) वर्णनात्मक र ख) विवरणात्मक ।

यसरी हेर्दा अधिकांश निबन्ध चिन्तकहरूका मतमा भने निजी वैयक्तिक निष्ठताको पक्षलाई नै मुख्य आधार मानेर निम्नानुसार वर्गीकरण गरेको पाइन्छ ।

क) वर्णनात्मक निबन्ध

ख) विवरणात्मक निबन्ध

ग) विचारात्मक निबन्ध

घ) भावात्मक निबन्ध

**क) वर्णनात्मक निबन्ध**

कुनै पनि विषयको नालीबेली खुट्टयाएर वर्णन गर्ने काम वर्णनात्मक निबन्धमा हुन्छ । यस कार्यमा निबन्धकार प्रायः तटस्थ रहन्छ । निबन्धकारले अथवा स्रष्टाले बाह्य पक्षका रूप, रङ्ग, गुण र दोषका आधारमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यसका वस्तुतथ्यको उपस्थिति प्रायः स्थिर ढङ्गले हुन्छ भने यसलाई थप प्रभावकारी बनाउन स्रष्टाको आलङ्कारिक भाषा र शैलीको कलालाई अवलम्बन गरिएको हुन्छ ।

**ख) विवरणात्मक निबन्ध**

विवरण भनेको कुनै विषयको हुलिया दिनु हो । यस निबन्धमा लेखकले कुनै खास घटना वा विवरणको बेली विस्तार लगाउन थाल्दछ । यसमा पुराना सम्झना, आरोह अवरोह, कुनै सालको जात्रा, विगत धार्मिक तथा ऐतिहासिक उत्सव, अभियान आदिबारे कालक्रम र घटनाक्रमको सिलसिला मिल्ने गरी बयान गरिएको हुन्छ ।

**ग) विचारात्मक निबन्ध**

विचारात्मक निबन्धमा बुद्धिपक्षको प्रत्यक्ष सम्बन्ध हुनुका साथै विचारको गहिराइको प्रस्तुति रहेको हुन्छ । यस अनुसार स्रष्टाले निबन्धको आयतन भरी आवश्यकता अनुसार चिन्तन र अभिमत सम्प्रेषण गरिरहेको हुन्छ । मिथकीय बिम्ब, धार्मिक र आर्थिक, दार्शनिक र साहित्यिक, सांस्कृतिक र सामाजिक जस्ता जुनसुकै विषयमा पनि वैचारिक निबन्ध सिर्जना हुन सक्दछन् ।

**घ) भावात्मक निबन्ध**

भावात्मक निबन्धमा अमूर्त भावहरूको प्रस्तुति रहन्छ । मानवीय संवेदना, देशप्रतिको समर्पण भाव, दया र करुणा, आशा र संवेग आदि यस निबन्धका विषय बन्न सक्दछन् । यसमा संवेदनाका पक्षहरू, हार्दिकता, सौकुमार्य जस्ता तत्त्वहरू रहेका हुन्छन् ।

### ङ) वैयक्तिक निबन्ध

यस निबन्धमा व्यक्तिगत विचार र स्वभावका तत्त्वहरूलाई प्रस्तुत गरिन्छ । व्यक्तिका आन्तरिक संवेगहरू उसका स्वभाव प्रकट हुनुका साथै उसका आन्तरिक उत्तेजना, आकस्मिक निर्णय र अस्वाभाविक दुर्घटनाका सम्भावना समेतका स्थितिका अस्वाभाविक परिणतिहरू समेत यस किसिमका निबन्धमा प्रस्तुत भएका हुन्छन् ।

## २.६ निष्कर्ष

यसरी निबन्धका सम्बन्धमा पाश्चात्य विद्वान्हरू भारतीय विद्वान् र नेपाली साहित्यकारहरूले निबन्धलाई अलग-अलग रूपमा परिभाषित गरे तापनि परिमार्जित र परिपक्व विचारलाई सङ्गठित गरेर विषयका विविध रूपहरूसँग लेखक र पाठकलाई समन्वय गराइ सजीव आत्मिक सम्बन्ध कायम गर्ने विधाविशेषको रूपमा निबन्धलाई लिइन्छ । निबन्धलाई सजीव ढङ्गमा प्रस्तुत गर्न निबन्धका तत्त्वहरूका रूपमा विषय, चिन्तन एवं सुगठित शैलीको भूमिका अति आवश्यक मानिन्छ । त्यस्तै निबन्ध स्रष्टाले उसको प्रस्तुति, लेखनशैली, विषय र विशेषताका आधारमा आफूलाई छुट्टाछुट्टै सन्दर्भमा उभ्याउँछ । वर्णनात्मक निबन्धमा स्रष्टाले आलङ्कारिक भाषा र शैलीको कलालाई अवलम्बन गरेर विषयको नालीबेलीमा आफूलाई समाहित गर्दछ भने विवरणात्मक निबन्धमा उसले आफ्नो विगतमा घटेका घटना, सम्झना, जात्रा मेलाका तितामिठा अनुभवहरूमा आफूलाई घुलाउने प्रयत्न गर्दछ । त्यस्तै भावात्मक निबन्धमा मानवीय संवेदना, देशप्रतिको समर्पण भाव, दया, माया, करुणा, आशाका त्यान्द्रालाइ्ट जोडेर सत्यतामा उतार्ने कार्य गर्दछ भने वैयक्तिक निबन्धममा भने व्यक्तिका विचार र स्वभाव, आकस्मिक निर्णय, उत्तेजनालाई क्रमैसँग प्रस्तुत गरेको हुन्छ ।

# परिच्छेद : तीन

# नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश र निबन्ध यात्रा

# परिच्छेद : तीन

# नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश र निबन्ध यात्रा

## ३.१ नेपाली निबन्धमा डी.आर. पोखरेलको प्रवेश

नेपाली साहित्यमा नेपाली निबन्धको थालनी पृथ्वीनारायण शाहको एकीकरणको सफलतापछि मात्र भएको हो । पृथ्वीनारायण शाहकै **दिव्यपदेश** निबन्ध चेतनाको एक झलक मान्न सकिन्छ । त्यसपछि मोतीराम भट्टले भानुभक्तको जीवन चरित्र लेखेबाट नेपाली निबन्ध साहित्यको माध्यमिक कालको उल्लेखनीय अवस्था मानिन्छ । यसपछि नेपालभित्रकै **गोरखापत्र** अनि नेपाल बाहिर भारतका विभिन्न स्थानबाट **गोर्खेखबर कागत्, चन्द्रिका, तरङ्गिणी, सुन्दरी, माधवी, गोर्खाली, जन्मभूमि, गोर्खासंसार** जस्ता पत्रिकाहरूले नेपाली निबन्धलाई जन्माएर विकसित एवम् विस्तार गर्ने काम गरेका छन् ।

वि.सं. १९९१ मा प्रकाशित **शारदा** पत्रिकासँगै निबन्धको आधुनिककालको थालनी भएको हो । देशभित्र लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण सम जस्ता निबन्धकारहरूले आधुनिकताको थालनी गरेका छन् । देवकोटाले निजात्मक निबन्धलाई भित्र्याएका छन् भने समले वस्तुपरक निबन्ध लेखनको सुरुआत गरेका छन् । त्यस्तै देशबाहिर दार्जिलिङबाट धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली र पारसमणि प्रधान जस्ता निबन्धसाधकले निबन्धको शिल्प र चिन्तनमा बौद्धिक तथा हार्दिक तत्त्वको मेसोमेलो बसाउने काम गरेका छन् । यसैगरी हृदयचन्द्र सिंह प्रधान, रामकृष्ण शर्मा आदि निबन्धकारहरूले निबन्धलाई विशिष्टतातर्फ मोड्नमा महत्त्वपूर्ण भूमिका खेल्नुका साथै नेपाली निबन्धलाई मलजल समेत गरेका छन् । यसै गरी यस अवधिमा नियात्रा, हास्यव्यङ्ग्य, पत्रात्मक, व्यक्तिवृत्तात्मक, संस्मरणामक निबन्धहरूको सिर्जना प्रक्रियाहरूको लेखनगति सक्रियतातर्फ अघि बढेको देखिन्छ । यस समयमा निबन्धहरूले नयाँ शैली, नयाँ चिन्तन र विषयका नयाँ ढोका खोलेको देखिन्छ ।

यसरी आधुनिक निबन्धको क्षेत्रमा भन्ने हो भने संस्मरणात्मक र निवार्तात्मक निबन्ध लेखनको कलाले पनि प्रशस्त ठाउँ ओगटेको छ । वैयक्तिक जीवनका अनुभूतिलाई

सरल, सहज एवम् स्वतः स्फूर्त रूपमा सजीव ढङ्गबाट प्रस्तुत गरिएको पाइन्छ । यस क्रममा आधुनिककालको प्रथम चरणमा देवकोटाले थालनी गरेका निजात्मक प्रस्तुतिलाई विकास, विस्तार गर्ने क्रममा नयाँ शिल्पशैली, प्रस्तुति र प्रयोग गर्ने निबन्धकार शङ्कर लामिछाने देखा परेका छन् भने ताना शर्माले निबन्धको वर्तमान क्षितिजलाई फराकिलो बनाएका छन् । यस क्रममा शर्माले सिर्जना गरेको निबन्धको गोरेटोमा हिँड्ने निबन्धकारहरूमा यादव खरेल, बानिरा गिरी 'मञ्जुल', देवीचन्द्र श्रेष्ठ, घनश्याम राजकर्णिकार, निर्मोही व्यास आदिको निबन्ध यात्रालाई पछ्याउँदै डी.आर. पोखरेल नेपाली निबन्धमा अघि बढेका छन् ।

लेखनधर्मका परिपक्व साधक डी.आर. पोखरेल जब उच्च शिक्षा हासिल गर्ने क्रममा काठमाडौं आएका थिए तब उनका अनन्य सहपाठी मित्र मुरली रञ्जितकार र उनको सहयोगले **वेदना** साहित्यिक पत्रिकाका सञ्चालक दिल वरदान र सुवान श्रेष्ठको सम्पर्क भएबाट उनको साहित्यिक यात्रारम्भ भएको हो । यसका साथै **वेदना**का सञ्चालक मार्फत पारिजातसँगको भेटघाटले त झन उनलाई साहित्यिक प्रेरणा प्राप्त हुन्छ । **वेदना** साहित्यिक पत्रिकामा वि.सं. २०३० सालमा प्रकाशित *जीवन* कविता र सोही समयमा प्रकाशित *निषेधको निषेध* निबन्धले यस कुराको पुष्टि गर्दछ ।

*निषेधको निषेध* निबन्ध निबन्धको सैद्धान्तिक ज्ञान पनि नभएको अवस्थामा पारिजातसँगको पत्रमार्फतको आत्मगत प्रस्तुति एवम् भावुकतामा जन्मिएको रचना हो ।"[१]

यसरी डी.आर. पोखरेलले आफ्नो उच्च शिक्षासँगै साहित्यिक अध्ययनतर्फ रुचि बसेको देखिन्छ र २०४८ सालसम्म केही समयको अन्तरालमा आफ्नो फुटकर एवम् पुस्तकाकार रचनाहरूको प्रकाशन र २०४८ सालदेखि जीवनका भोगाइ, अनुभव एवम् त्यसले सिर्जना गरेका अनुभूतिलाई उनले आफ्नो फुटकर रचनाहरूमा निबन्ध लेखनका विषयवस्तु बनाएका छन् ।

यसका साथै स्वदेश एवम् विदेशका विभिन्न साहित्यकारहरूका सांस्कृतिक कृतिहरूको गहिरो अध्ययन गरेर आफ्ना कतिपय सांस्कृतिक निबन्ध एवम् लेखहरूमा त्यसको विश्लेषण समेत गरेका छन् । त्यसैले उनलाई सांस्कृतिक चिन्तक र विश्लेषक पनि भन्न सकिन्छ ।

सकारात्मक सोचद्वारा समाजमा रहेका कुरीति, अन्धविश्वास, अन्धपरम्परालाई हटाई समाजलाईपरिवर्तन एवम् सही दिशाबोध गरी सभ्य समाजको परिकल्पना गर्न सकिन्छ भन्ने

[१] निबन्धकार डी.आर. पोखरेलबाट प्राप्त जानकारी अनुसार ।

मान्यता अघि सार्ने समाजवादी विचारका धनी डी.आर. पोखरेलका निबन्धमा सामाजिक संवेदनाका साथै यात्रासँग सम्बन्धित घटनाहरुको संस्मरणलाई सजीवपूर्ण ढङ्गबाट प्रस्तुत गरिएको छ ।

## ३.२ डी.आर. पोखरेलको निबन्धयात्रा

उच्च शिक्षा अध्ययनको क्रममा आफ्नो जन्मस्थानबाट काठमाडौं आएका छात्र डी.आर. पोखरेलको वि.सं. २०३० सालतिर **वेदना** त्रैमासिकमा छापिएको *निषेधको निषेध* शीर्षकको पहिलो निबन्ध प्रकाशित भएबाट उनको निबन्ध यात्राको थालनी भएको देखिन्छ । त्यसपछि उनको २०४८ सालदेखि निरन्तर रूपमा निबन्ध तथा सांस्कृतिक लेखहरू विभिन्न पत्रपत्रिका एवम् **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह (२०६३) मा प्रकाशित छन् । यी सबै निबन्धहरू नियात्रा, संस्मरण एवम् संस्कृतिसँग सम्बन्धित छन् र यसमा विभिन्न प्रवृत्ति र शैलीबद्ध प्रस्तुति पाइन्छ । अतः उनको निबन्ध यात्रालाई चरणबद्ध विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ ।

## ३.३ चरण विभाजन

निबन्धकार डी.आर. पोखरेलको दुई दशक लामो निबन्धयात्राका क्रममा नियात्रा, संस्मरणात्मक एवम् सांस्कृतिक गरी ६६ वटा निबन्धहरू प्रकाशित छन् । यी बाहेक संस्कृतिको सेरोफेरो सांस्कृतिक लेखहरू पनि प्रकाशित भएको छ । त्यसैले उनको यी निबन्धहरूको लेखन प्रवृत्ति, लेखनगति, विषयगत केन्द्रीयतालाई आधार लिई निम्न लिखित तीन चरणमा विभाजन गर्न सकिन्छ ।

क) पहिलो चरण वि.सं. २०३०-२०६१  आभ्यासिक काल

ख) दोस्रो चरण वि.सं. २०६२-२०६३ विकास काल

ग) तेस्रो चरण वि.सं. २०६४-२०६९ प्रौढ काल

### ३.३.१ पहिलो चरण (२०३०-२०६१)

डी.आर. पोखरेलको निबन्धकारिताको पहिलो चरणलाई आभ्यासिक चरण वा फुटकर रचनाको चरणको रूपमा पनि लिन सकिन्छ किनभने यस चरणमा उनका कुनै पनि

निबन्धसङ्ग्रह प्रकाशित भएको पाइँदैन । वि.सं. २०३० सालमा केही साहित्यकारहरूको प्रेरणाबाट निबन्ध लेख्न सुरु गरेका उनले *निषेधको निषेध* निबन्ध पहिलोचोटि **वेदना** त्रैमासिकमा छपाएको पाइन्छ भने त्यसपछिको २०४८ सालदेखि भने फुटकर निबन्ध रचनाहरू राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरू मार्फत प्रकाशनमा ल्याएको देखिन्छ । उनका यी निबन्धहरू खासगरी सामाजिक, आर्थिक, साहित्यिक, राजनैतिक, सांस्कृतिक, नैतिक एवम् धार्मिक विषयवस्तुसँग सम्बन्धित भएर लेखिएका छन् । यस चरणमा २०४८ सालदेखि २०६१ सालसम्म उनका ३५ वटा फुटकर निबन्धहरू प्रकाशित भएका छन् ।

उनको निबन्ध यात्राको यस चरणका प्रवृत्तिगत विशेषताहरू निम्नानुसार छन् :-

क) निबन्ध लेखन/कार्यमा निरन्तर संलग्न रहनु ।

ख) समाजमा विद्यमान सामाजिक, आर्थिक, सांस्कृतिक विकृति विसङ्गतिप्रति विद्रोहको स्वर घन्काउनु ।

ग) विभिन्न राष्ट्रिय तथा स्थानीय स्तरका पत्रपत्रिकाहरू मार्फत आफ्ना निबन्धगत रचनालाई निरन्तर प्रकाशनमा ल्याइरहनु ।

घ) निबन्ध साधनामा जोड दिनु ।

ङ) निबन्धका अधिकांश रचनामा क्रान्तिकारिता र सुसभ्य समाजको परिकल्पना गर्नु ।

च) सरल र सहज भाषाशैलीको प्रयोग गर्नु ।

### ३.३.२ दोस्रो चरण (२०६२-२०६३)

निबन्धकार डी.आर. पोखरेलको यस चरणलाई उत्कृष्ट र परिष्कृत, सबल एवम् सशक्त कृतिको प्रकाशनको चरणको रूपमा लिन सकिन्छ । यस समयमा उनको **खुला आकाशतर्फ** (२०६३) निबन्धसङ्ग्रह प्रकाशित भएको पाइन्छ । यो उनको वर्षौंपछिको निबन्ध सङ्ग्रह प्रकाशित गर्ने धोको पुरा भएको मान्न सकिन्छ । उनको यो पहिलो निबन्ध सङ्ग्रह **खुला आकाशतर्फ**मा जम्मा ३१ वटा नियात्रा एवम् संस्मरणात्मक निबन्धहरू सङ्गृहीत छन् ।

विषयवस्तुका दृष्टिले यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू निबन्धकारको व्यक्तिगत पारिवारिक जीवनसँग सम्बन्धित, घटनाहरू, पार्टी कामको सिलसिलामा आफूले भ्रमण

गरेका भारतका विभिन्न स्थान र व्यक्तिसँगको सम्बन्ध, साहित्यिक एवम् सांस्कृतिक भ्रमणका अनुभवहरूका साथै धर्म, संस्कृति र दर्शनसँग सम्बन्धित लेखकका दृष्टिकोणहरू समावेश गरिएका छन् ।[२]

उनको यस चरणमा प्रकाशित निबन्धहरू अत्यन्त सरल, सहज हुनुका साथै अभिव्यक्तिगत हार्दिकता प्रकट भएको छ साथै संस्मरणात्मक यस कृतिमा कुनै स्थानको भौगोलिक बनावट, ऐतिहासिक स्थल एवम् पुरातात्त्विक खोज अनुसन्धानको क्रमबद्ध प्रस्तुति पाइन्छ ।

यसरी उनको निबन्ध यात्राको दोस्रो चरणमा देखिएका प्रवृत्तिगत विशेषताहरू निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :-

क) कुनै विषयमा केन्द्रित रहेर त्यसको व्यापक, विस्तृत, खोजविन र छानबिन गरी सिर्जनात्मक अभिव्यक्ति दिनु ।

ख) कल्पनाभन्दा वस्तुगत यथार्थमा उभिएर विषयवस्तुको गम्भीरतालाई अध्ययन गरी सरल, सन्तुलित, उदारपन एवम् सहज प्रस्तुतीकरण गर्नु ।

ग) चमत्कारपूर्ण भावहरूको संयोजन गर्दै तथ्यबोध गरी परिपक्व साधकको रूपमा आफूलाई उभ्याउने प्रयत्न गर्नु ।

घ) अभिधावृत्तिमै आफ्नो लेखनको विषयवस्तुमाथि प्रकाश पार्नु ।

ङ) समाजमा विद्यमान विकृति र विसङ्गतिको चिरफार गर्दै आदर्शवादी दृष्टिकोण राख्नु ।

च) निबन्धमा यथार्थ जीवन र व्यवहारलाई पारदर्शी तरिकाले प्रस्तुत गर्नु ।

छ) सामन्तवादी सोच र शैलीमा चलेको जीवनपद्धतिको सरलतम प्रस्तुति गर्नु ।

ज) जीवनको यथार्थ प्रस्तुति गर्नु ।

झ) स्वस्फूर्त प्रवाहमय शैलीका साथै कालक्रम एवम् घटनाक्रमको क्रमबद्ध सिलसिलाको उपयुक्त वर्णन गर्नु ।

ञ) स्वार्थका निमित्त स्वाभिमान गुमाउने पक्षमा नहुनु ।

ट) भाषिक सरलता र विषयको स्पष्ट प्रस्तुतीकरणमा जोड दिनु ।

---

[२] भवनाथ सडौला, *खुला आकाशतर्फ : एक समीक्षा,* **ज्ञानगुनका कुरा** भाग १६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ५६ ।

### ३.३.३ तेस्रो चरण (२०६४ देखि हालसम्म)

वि.सं. २०६४ सालदेखि हालसम्म उनको निबन्धकारितालाई तेस्रो चरणको रूपमा लिइन्छ । यस चरणमा आइपुग्दा निबन्धकारलाई संस्कृतिका पुस्तकहरू खोजी खोजी अध्ययन गर्न मन लागेको र अध्ययन पश्चात् संस्कृति सम्बन्धी कुराहरू लेख्न मन लागेका कारण यस्ता चेतनामूलक सांस्कृतिक लेखहरू जन्मन पुगेको प्रस्ट हुन्छ । यस कालखण्डमा उनको सांस्कृतिक लेखहरूको सङ्गालो **संस्कृतिको सेरोफेरो** (२०६४) प्रकाशित भएबाट प्रौढकाल सुरु हुन्छ र यस चरणले वर्तमान समयसम्मलाई प्रतिनिधित्व गरेको छ । यस चरणमा उनले धर्म संस्कृतिलाई महत्त्व दिई लेखहरू प्रकाशित गरेको पाइन्छ । उनले यस निबन्ध मार्फत मानवले आफ्नो धर्म छोड्न नहुने, समाजमा विद्यमान अन्धपरम्परा र अन्धविश्वासले जरा गाडिरहेको परिवेशमा त्यस्ता कुसंस्कार, कुविचारलाई हटाई सुसभ्य, सुसंस्कृत एवम् स्वस्थ्य समाजको परिकल्पना गर्नतर्फ जोड दिएको पाइन्छ । हिंसा र प्रतिहिंसा पक्षघरहरूले आफूलाई विवेकपूर्ण, न्यायपूर्ण र सत्योन्मुखी बनाउन आफ्ना सहज-वृत्तिहरूलाई त्याग्नु आवश्यक भएको सन्देश दिइएको छ ।[३]

उनले यसभन्दा अघिल्लो चरणमा प्रकाशित गरेका **खुला आकाशतर्फ** निबन्धमा आफ्ना भ्रमण एवम् स्मृतिका क्षणहरूसँग सम्बन्धित रही जीवनका यथार्थ प्रस्तुतिलाई निबन्ध लेखनीको विषय बनाएका थिए भने यस चरणमा भने उनले आफूले पहिलो चरणमा प्रस्तुत गरिएका संस्कृति र साहित्य सम्बन्धी लेखनको चरणमा झैं निरन्तरता दिएका छन् अर्थात् यस चरणमा उनी एकोहोरो सांस्कृतिक चिन्तनतर्फ उन्मुख भएको देखिन्छ । साथै सामन्ती संस्कृतिभित्र जकडिएको समाजवाद (संस्कृति) र बहुलवादी चिन्तन बहुलवादी संस्कृति वि.सं. २०६६ सालमा **मूल्याङ्कन** पत्रिकामा फुटकर निबन्धको रूपमा प्रकाशित भएको देखिन्छ । यस चरणका प्रवृत्तिगत विशेषता यसप्रकार रहेका छन् :-

क) संस्मरणात्मक निबन्धबाट विचारप्रधान निबन्ध लेख्नु ।

ख) संस्कृतिभित्रको विकृति र विसङ्गतिलाई चिरफार गरी सभ्य तथा सुसंस्कृत समाजको परिकल्पना गर्नु ।

ग) धर्म, संस्कृति तथा साहित्यलाई एउटै सुन्दर मालामा उनेर राष्ट्रिय संस्कृतिको पहिचान दिनु ।

---

[३] विष्णुप्रसाद घिमिरे, *भूमिका-मन्तव्य,* **संस्कृतिको सेरोफेरो,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६४, पृ. भूमिका ।

घ) सांस्कृतिक विषयलाई बौद्धिक एवं तार्किक ढङ्गले प्रस्तुत गर्दै जीवनका उज्याला पक्षतर्फ जोड दिनु ।

ङ) थोरै शब्दको प्रयोगबाट अधिक अर्थ प्रदान गर्नु ।

च) कथनमा कृत्रिमता, आडम्बरको प्रयोग नगरी वैचारिक बनोटको सुललित शृङ्खलामय प्रस्तुति दिनु ।

छ) प्रगतिवादी, समाजवादी भावधाराको नवनी जीवनमूल्यको व्याख्या विश्लेषण गर्नु ।

ज) सरल र सहज भाषाशैलीको प्रयोग गर्नु ।

झ) धर्म, संस्कृति र सभ्यताको जगेर्ना गर्ने उद्देश्यबाट अभिप्रेरित भई त्यसतर्फ प्रयत्नशील रहनु ।

## ३.४ निष्कर्ष

दलीय र वैयक्तिक स्वार्थका कारण देशको पहिचान विस्तारै गुम्दै जान सक्ने खतरातर्फ सङ्केत गर्दै उनले ढोँगी मनस्थिति त्यागेर स्वस्थ नैतिकवान् समाजको परिकल्पना गरेका छन् । समाजमा रहेका आजका मानिसहरूमा स्वार्थमय प्रवृत्ति बढेका कारण समाजले सही गति एवम् दिशा लिन नसकिरहेको परिप्रेक्ष्यमा नैतिकवान् आदर्शवान् व्यक्तिको रूपमा स्थापित हुनपर्ने धारणा आफ्ना निबन्धहरूमा व्यक्त गरेका छन् । दलीय व्यवस्थामा प्रतिनिधित्व गर्ने नेताहरूमा देखिएको राजनैतिक बेइमानी, भ्रष्ट र अनैतिक क्रियाकलापप्रति तिखो व्यङ्ग्य प्रहार गरी राष्ट्र र राष्ट्रियताप्रति सचेत तुल्याएका छन् । साथै चाकरी संस्कृतिले व्यक्तिको मानवीय पक्षलाई नै नष्ट गर्ने भएकोले मानवीय संवेदना, स्वाभिमान, मान्छे हुनुको भावलाई मनन गरी सही र सत्य बाटोतर्फ अगाडि बढ्न हरेक मानव समुदायलाई आग्रह गरेका छन् ।

डी.आर. पोखरेलको वि.सं. २०४८ देखि २०६९ सालसम्म **मूल्याङ्कन** र **जनधारणा**मा फुटकर रचनाका रूपमा प्रकाशित ५७ वटा निबन्धहरू मूलतः राजनीति, कला, साहित्य, संस्कृति आदिसँग सम्बन्धित छन् । उनका निबन्धहरूको अध्ययन गर्दा मानिससँग ज्ञान बुद्धि विवेक हुनुको नाताले ऊ सर्वश्रेष्ठ मानिन्छ, तसर्थ मानवीय मन, मस्तिष्क, विचार, भावना र व्यक्तिगत जीवन र परम्परा सबैलाई आमूल परिवर्तन गर्न क्रान्ति गर्नुपर्दछ भन्ने भावना जागृत गराइएको पाइन्छ । त्यस्तै मानिसले व्यर्थमा कसैको प्रशंसा गर्नु वास्तवमा निन्दा हो भन्दै उनले समाजलाई आमूल रूपमा परिवर्तन गर्न समाजवादी सोच प्रणाली लागु गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

# परिच्छेद : चार

# डी.आर. पोखरेलका प्रकाशित निबन्धसङ्ग्रहको अध्ययन र विश्लेषण

## परिच्छेद : चार

# डी.आर. पोखरेलका प्रकाशित निबन्धसङ्ग्रहको अध्ययन र विश्लेषण

### ४.१ परिचय

डी.आर. पोखरेल सुरुमा राजनीतितर्फ आकर्षित भई राजनीतिक गतिविधिमा सक्रिय कार्यकर्ता बनेका भए तापनि २०५० पछि भने सक्रिय राजनीतिबाट सन्न्यास लिई साहित्य, पत्रकारिता र सामाजिक क्षेत्रमा प्रवेश गरेका हुन् । जुन विषय र क्षेत्रतर्फ लाग्यो त्यसतर्फ एकोहोरिएर लागिरहने र आदर्श जीवनका पक्षपाती उनी प्रगतिशील क्षेत्रका प्रबुद्ध व्यक्तित्वका रूपमा परिचित छन् ।

विभिन्न विधामा उनका दश वटा पुस्तकहरू प्रकाशित भएका छन् । तीमध्ये साहित्यका छ वटा र साहित्येतर चार वटा कृतिहरू रहेका छन् । छ वटा साहित्यिक कृतिहरूमा पनि समालोचना विधामा तीन वटा, जीवनी एउटा र दुई वटा निबन्धका कृतिहरू रहेका छन् । उनका निबन्धहरू दुईवटा पुस्तकहरूमा सङ्कलित र प्रकाशित छन् :-

क) **खुला आकाशतर्फ** (संस्मरण - सङ्ग्रह) २०६३

ख) **संस्कृतिको सेरोफेरो** (सांस्कृतिक - लेखहरू ) २०६४

### ४.२ 'खुला आकाशतर्फ' निबन्धसङ्ग्रहको अध्ययन

नेपाली साहित्यका साधक डी.आर. पोखरेलको **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धसङ्ग्रह पुस्तकका रूपमा २०६३ सालमा प्रकाशित पहिलो सङ्ग्रह हो । यसमा उनले जीवनमा आइपरेका सुख-दुःख, उकाली-ओराली, मान-अपमानका यथार्थ घटनाहरूलाई वि.सं. २०५७ सालदेखि २०६३ सालसम्ममा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेको पाइन्छ । एकतीस वटा निबन्धहरू सङ्गृहीत यस निबन्धसङ्ग्रहमा पहिलो निबन्ध *जूहीले जुराएको सयपत्रीको माला* हो भने अन्तिम निबन्धको रूपमा *कार्ल मार्क्स अहिले नेपाल*

*आउँथे भने खानु गोदाइ खान्थे* भन्ने छ । यस निबन्धसङ्ग्रहलाई **हाम्रो सिर्जना** त्रैमासिक पत्रिका, भरतपुर, चितवनले प्रकाशित गरेको छ ।

## ४.२.१ संरचना

नेपाली निबन्धको क्षेत्रमा डी.आर. पोखरेलको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहको शीर्षकले उनी सङ्कुचित सानो घेरा र बन्द परिवेशभित्र अटाउन सक्दैनन् भन्ने आभाष दिन्छ । त्यसैले उनको **खुला आकाशतर्फ**को बाहिरी आवरणमा खुला आकाशमुनि मनमोहक सेता हिमालका दृश्य त्यसभन्दा मुनि क्रमैसँग प्राकृतिक सौन्दर्यको रूपमा रहेको वनजङ्गलले ढाकेका पहाड, सांस्कृतिक सम्पदाको रूपमा परिचित धार्मिक, ऐतिहासिक महत्त्वको भक्तपुर दरबार अनि ग्रामीण परिवेशमा बाँचेका मानव बस्तीहरू देखाइएको छ । यसबाट के देखिन्छ भने साहित्यकारहरू साहित्य आकाशमा पक्षी झैँ उड्दछन् र आफ्नो मनमा लागेका कुराहरूलाई स्वच्छन्दरूपमा प्रकट गर्दछन् भन्ने सान्दर्भिकता प्रकट गरेको प्रतीत हुन्छ । पुस्तकको पछिल्लो बाहिरी आवरणको सबैभन्दा माथिल्लोपट्टि साहित्य स्रष्टा डी.आर. पोखरेलको हँसिलो मुद्राको पासपोर्ट साइजको तस्वीर त्यसपछि मुनिपट्टि क्रमशः उनको  जन्ममिति, जन्मस्थान, साहित्यिक झुकाव, प्रकाशित साहित्यिक कृतिहरू र प्रकाशित भएको मिति अनि कोष्ठकभित्र सम्बन्धित कृतिका विधा दिइएको छ भने साहित्यिक योगदानका आधारमा आफूले प्राप्त गरेका सम्मान/पुरस्कारको समेत जानकारी दिइएको छ । सबैभन्दा तल सानो नमुनाको रूपमा **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहको कृति र त्यसैको दायाँपट्टि भागमा **हाम्रो सिर्जना** त्रैमासिक पत्रिका चितवन भनी दिइएको छ । यसैगरी अघिल्लो पृष्ठको भित्रपट्टिको आवरणमा कृतिको शीर्षक, लेखक एवम् प्रकाशकको नाम, संस्करण, प्रकाशन मिति, पुस्तक छापिएको प्रति, मूल्य, मुद्रक लगायतका विषयहरू समेटिएका छन् भने पृष्ठ 'क' देखि पृष्ठ 'झ' सम्म विभिन्न साहित्यिक विद्वान् तथा साहित्यकारहरूका शुभकामना मन्तव्य समेटिएका छन् ।

पृष्ठ 'क' मा झापा चन्द्रगढीस्थित चूडामणि रेग्मीको 'खुला आकाशतर्फको सानो घेरा' शीर्षकमा साहित्यले एउटा निबन्ध साधक प्रतिभा भेट्टायो भनी प्रशंसा गर्दै सानो पुस्तकमा स-साना नै निकै विषय खोज्नु र तिनलाई पार लगाउनु सिद्धहस्त लेखकको लच्छिनका रूपमा देखेका छन् ।

पृष्ठ 'ख देखि घ' सम्ममा साहित्यकार हरिबहादुर श्रेष्ठले डी.आर. पोखरेलका ३१ बटा निबन्धको सङ्गालो **खुला आकाशतर्फ** निबन्धसङ्ग्रका प्रायः सबै निबन्धहरूका बारेमा

चर्चा गर्दै उनको शारीरिक सुसङ्गठन,  व्यक्तित्व, व्यवहार र लेखनी सबैबाट प्रभावित भएको अभिव्यक्ति दिएका छन् ।

पृष्ठ 'ङ' मा साहित्यकार हरिहर खनालले डी.आर. पोखरेल निबन्ध, प्रबन्ध, समालोचना र संस्मरण जस्ता सबै विधामा एकनासले कलम चलाउने बहुमुखी प्रतिभाको रूपमा लिँदै अरूप्रति हिलो छ्याप्ने कुराले आफू दुःखित भएको बताएका छन् ।

पृष्ठ 'च देखि झ' सम्म समालोचक नारायणप्रसाद खनालले *खुला आकाशतर्फलाई खुल्लमखुला शुभकामना* शीर्षकमा डी.आर. पोखरेललाई स्रष्टाहरूको खारिएको अनुभव र अनुभूतिका जोडले स्वस्फूर्त भई विनिःसृत सूक्ति-पीयूषको पावन-पान गराउने स्रष्टाको रूपमा लिँदै नेपाली वाङ्मयले विविध विधागत गद्य साहित्य-सृजनाको उपहार प्राप्त गर्ने मूलद्वार खुलिसकेको धारणा व्यक्त गरेका छन् साथै शब्दाडम्बर वा अर्थाडम्बर नभई वैचारिक बनोट र बुनोटको सुललित शृङ्खला विद्यमान छ भनी हार्दिक अभिव्यक्ति दिएका छन् ।

पृष्ठ 'ञ' मा लेखकले आफ्नो कृतिको मन्तव्य, शुभकामना, शुद्धाशुद्धि, कभर डिजाइन, व्यवस्थापनमा सहयोग गरिदिने विभिन्न साहित्यकार, व्यक्तित्व एवम् व्यक्तिहरूलाई आफ्नो तर्फबाट आभार प्रकट गरेका छन् भने पृष्ठ 'ट' मा दिवङ्गत मातापिता डण्डराज पोखरेल (वि.सं १९८३ -२०५४) र कृष्णकुमारी पोखरेल (वि.सं १९८६ -२०६३) प्रति समर्पण भाव प्रकट गरिएको छ । पृष्ठ 'ड' मा सङ्गृहीत कृतिका ३१ वटा निबन्धहरूको विषयसूची सँगसँगै क्र.सं. शीर्षक र पेज नं. समावेश गरिएका छन् ।

छयान्नब्बे पृष्ठभित्र फैलिएको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहमा ३१ निबन्धका विभिन्न शीर्षकहरू सङ्कलित छन् । न्यूनतम दुई पृष्ठदेखि अधिकतम सात पृष्ठसम्म रहेका निबन्धहरूमध्ये दुई पृष्ठका निबन्धहरूको सङ्ख्या छ वटा, तीन पृष्ठको निबन्धको सङ्ख्या बाइस, पाँच पृष्ठको निबन्धको सङ्ख्या एक, छ पृष्ठको निबन्धको सङ्ख्या एक र सात पृष्ठको निबन्धको सङ्ख्या एक रहेको छ । निबन्धको शीर्षक, पृष्ठसङ्ख्या, अनुच्छेदसङ्ख्या, पङ्क्तिसङ्ख्या, पूर्व प्रकाशित पत्रिका र मिति र योजनाका आधारमा प्रस्तुत निबन्धको संरचनालाई निम्न अनुसार तालिकाद्वारा देखाउन सकिन्छ :-[१]

---

[१] विनोद पौडेल, **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५, पृ ८७ ।

**विभिन्न पत्रपत्रिकामा प्रकाशित खुला आकाशतर्फ निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू**

**तालिका सङ्ख्या-१**

| क्र. स.. | निबन्धको शीर्षक | पृष्ठ सङ्ख्या | अनुच्छेद सङ्ख्या | पङ्ति सङ्ख्या | प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|---|
| १. | 'जुही' ले जुराएको सयपत्रीको माला | २ | १२ | ६५ | 'जुही' पू. ५५, २०६२/०६३ |
| २. | प्रतिभा पहिचानको धुन | ३ | १४ | ८९ | सिराइचुली साहित्यिक बुलेटिन वर्ष १, अङ्क १, २०६३ |
| ३. | बाबुसित म कसरी पेस भएँ | २ | ७ | ३८ | सनराइज स्मारिका-२०५७ |
| ४. | चौदण्डीगढी घुमेर हेर्दा | ३ | ७ | ९४ | सिर्जना, २०५८ वैशाख |
| ५. | सपनाको रहस्यमय संसारमा विचरण गर्दा | ३ | १८ | ९७ | जनअर्पण साप्ताहिक वर्ष ६ अङ्क ३१, २०६३ |
| ६. | लोकभाका घन्किन छाडेछ मेरो गाउँमा | ३ | ८ | १०१ | जनधारण वर्ष ११, अङ्क २६, ०५९ |
| ७. | आहा ! यस्तो पो संस्कृति | ३ | ११ | ९२ | जनधारण वर्ष ११, अङ्क २९, ०५९ |
| ८. | भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ | ३ | ११ | ८३ | जनधारण वर्ष ६, अङ्क ३४, ०६३ |
| ९. | पारिजात स्मृति दिवस र सौरभित मकवानपुर | २ | ७ | ५२ | साप्ताहिक चितवन २०६३ |
| १०. | रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा | ३ | ७ | ८७ | जनधारणा वर्ष ११, अङ्क ३०, ०५९ |
| ११. | गोरखा भ्रमणका केही साहित्यिक संन्देश | ३ | १६ | ७० | जनअर्पण वर्ष ६, अङ्क ११, ०६२ |
| १२. | हेर्न नपाइएको बाग्लुङको हनुमान नाच : नयाँ... | ३ | ३ | ७० | जनधारण वर्ष १२, अङ्क १, ०६० |

| क्र. स.. | निबन्धको शीर्षक | पृष्ठ सङ्ख्या | अनुच्छेद सङ्ख्या | पङ्ति सङ्ख्या | प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|---|
| १३. | यसपालि पनि चिट्टा पऱ्यो दोसाँधको घाम हेर्न | ३ | १२ | ८९ | जनअर्पण वर्ष ६, अङ्क ३३, ०६३ |
| १४. | नारायणगढदेखि दक्षप्रजापतिको राजधानीसम्म | ३ | ८ | ८१ | जनअर्पण वर्ष ६, अङ्क २६, ०६३ |
| १५. | दक्षिणभारतको महानगरी मद्रास र क्षार सागर | ३ | १२ | ९१ | जनअर्पण वर्ष ६, अङ्क ३२, ०६३ |
| १६. | मिसनेदेखि मोडल अस्पतालसम्मको यात्रा-कथा | ६ | २२ | १८१ | जनअर्पण वर्ष ६, अङ्क २८, ०६३ |
| १७. | मलाई नाटकीय अभियान गर्न आउँदै आएन | २ | ९ | ६९ | जनअर्पण वर्ष ६, अङ्क ३०, ०६३ |
| १८. | म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ | ३ | ९ | ७५ | जनअर्पण वर्ष ६, अङ्क ३३, ०६३ |
| १९. | पाहुनासित केही गम्भीर कुराकानी भए | ३ | १० | ९१ | जनअर्पण वर्ष ६, अङ्क १९, ०६२ |
| २०. | रातो आन्दोलन/सेतो आन्दोलन | ३ | १५ | ७६ | जनअर्पण वर्ष ६, अङ्क १७, ०६२ |
| २१. | पारिजातलाई अर्जेन्ट पत्र- १,२ र ३ | ७ | १५ | २१४ | जनधारण वर्ष ११, ०५९ |
| २२. | बाबाको सम्भनामा | ३ | १३ | ८४ | २०६२ माघ ११ |
| २३. | चूडामणि रेग्मीसित चौबिस घण्टा बिताउँदा | ३ | १४ | ८१ | जनअर्पण वर्ष ६, अङ्क २७, ०६३ |
| २४. | क्षेत्री बाहुनको संस्कृति नै छैन | ३ | १७ | ७९ | जनधारणा वर्ष १२, अङ्क १०, ०६० |

| क्र. स.. | निबन्धको शीर्षक | पृष्ठ सङ्ख्या | अनुच्छेद सङ्ख्या | पङ्ति सङ्ख्या | प्रकाशित पत्रिका र मिति |
|---|---|---|---|---|---|
| २५. | ढुङ्गानाको डुङ्गा हेर्न सोमेश्वर जाने होइन? | ५ | १५ | ४४ | पारदर्शी वर्ष १२, अङ्क ४१, ०५८ |
| २६. | चेतना र पदार्थको अन्तर्सम्बन्ध र गुरु दक्षिणा | २ | ८ | ६४ | साप्ताहिक चितवन, ०६३ |
| २७. | पूर्वेली लोकदोहोरीमा थप अर्को पाइलो | ३ | ७ | ८९ | जनधारण वर्ष १२, अङ्क ९, ०६० |
| २८. | नौमती बाजाविनाको बिहे | ३ | १६ | ८५ | प्रतिबिम्ब सा.मा. ०६३, वीरेन्द्र क्याम्पस, स्नातकतह, छैठौ पत्र |
| २९. | भक्तपुर : प्राचीन न्यातपोल र नारायणमान बिजुक्छे | ३ | १० | ७९ | जनअर्पण वर्ष ६, अङ्क ३६, ०६३ |
| ३०. | मानिसहरू भन्छन् 'जाने कोलकोत्ता नजाने बेपत्ता' | ३ | १० | ८५ | जनअर्पण वर्ष ६, अङ्क ३५, ०६३ |
| ३१. | कार्लमार्क्स अहिले नेपाल आउँथे भने खानु गोदाइ खान्थे | २ | ७ | ७४ | जनअर्पण वर्ष ६, अङ्क ३९, ०६३ |

माथिको तालिकामा निबन्धकार डी.आर. पोखरेलको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह २०६३ मा जम्मा ३१ वटा निबन्धहरू सङ्ग्रहित छन्, जसमा सबैभन्दा कम पृष्ठ सङ्ख्या-२ भएका निबन्धहरूमा *'जुही' ले जुराएको सयपत्रीको माला, बाबुसित म कसरि पेश भएँ, पारिजात स्मृति दिवस र सौरभित मकवानपुर, मलाई नाटककीय अभिनय गर्न आउँदै आएन, चेतना र पदार्थको अन्र्तसम्बन्ध* र *कार्लमार्क्स नेपाल आउँथे भने खानु गोदाइ खान्थे* पर्दछन् भने सबैभन्दा बढी पृष्ठसङ्ख्या भएको *पारिजातलाई अर्जेन्ट पत्र-१, २, र ३* पर्दछन् । उनको निबन्धहरू **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह आउनु पूर्व **जुही**, **सिराईचुली**, **साहित्य बुलेटिन, सनराइज स्मारिका, सिर्जना, जनअर्पण साप्ताहिक, जनधारणा, पारदर्शी, साप्ताहिक**

**चितवन, प्रतिविम्ब** आदि पत्रिकामा प्रकाशित भएका थिए । यी निबन्धहरूमध्ये सर्वप्रथम २०५७ सालमा **सनराइज स्मारिका**मा प्रकाशित *बाबुसित म कसरी पेस भएँ* भन्ने निबन्ध नै हो ।

## ४.२.२ विषयवस्तु

विषयवस्तु निबन्धको अनिवार्य तत्त्व हो । यसलाई निबन्धको प्रथम आधारको रूपमा लिन सकिन्छ । निबन्धकारले जीवन र जगत्का जुनसुकै विषयमा सम्बन्धित रहेर निबन्ध सृजना गर्ने र त्यससम्बन्धि आफ्नो मनोमष्तिष्कबाट आफ्नो विचार तथा भावनाहरूलाई स्वस्फूर्तढङ्गबाट सम्प्रेषण गर्नु लेखकीय विशेषता नै हो ।

सामाजिक यथार्थवादी-प्रगतिवादी निबन्धकार डी.आर. पोखरेलले साहित्य आकाशमा आफू स्वतन्त्र भई मन फुकाएर निबन्धको सामग्री बनाएका छन् । उनले प्रस्तुत घटनावलीलाई स्थान दिई पठनीय कृतिको रूपमा उभ्याएका छन् । साथै व्यक्तिका सामाजिक गतिविधिदेखि धार्मिक, ऐतिहासिक, भौतिक, सांस्कृतिक प्राकृतिक आदिको ज्ञानमूलक विषयवस्तुलाई पनि यसले समेटेको छ । यहाँ यस निबन्धसङ्ग्रहमा समावेश भएका संस्मरणात्मक निबन्धहरूको अध्ययन गरिएको छ ।

### ४.२.२.१ जुहीले जुराएको सयपत्रीको माला (पृ. १-३)

यस निबन्धमा पूर्वका मोती उपनामबाट परिचित सम्पादक चूडामणि रेग्मीले दिएको निमन्त्रणा स्वीकार गर्दै पूर्व झापाबाट प्रकाशित **जुही** र **यथार्थ कुरा** (पाक्षिक)को आयोजना र सुनसरीका तीनवटा साहित्यिक संस्थाहरूको सह-आयोजनामा इटहरीमा सम्पन्न साहित्यिक सद्भाव कार्यक्रममा सहभागी र सम्मानित भएको विषयमा *जुहीले जुराएको सयपत्रीको माला* निबन्ध केन्द्रित छ । यसका साथै यस निबन्धमा निबन्धकारले यस्तो अवसर आफूलाई मिलेकोमा हर्षित हुँदै मस्तिष्कमा अनेकौं विषय र प्रसङ्गलाई गन्थन-मन्थन गर्दै इटहरीमा जुहीले जुराएको सयपत्री मालालाई स्वतः जुरेको ठानेका छन् ।

यस्तै गरी आफू कार्यक्रममा सहभागी हुन जाँदा बसपार्कमा ओर्लने बित्तिकै गरिएको स्वागत-सत्कारप्रति खुसी व्यक्त गर्दै त्यहाँको सकारात्मक सोच अनि सृजनशीलता मौलाएको देखेर आफू अत्यन्त प्रभावित भएको बताएका छन्, साथै २०१३ सालदेखि झर्रोवादलाई

बोकेर हिँडेका चूडामणि रेग्मीलाई भाषा आन्दोलनका अग्रज अनि सांस्कृतिक उन्नायकका रूपमा प्रशंसा गरेका छन् ।

कुनै पनि लेखकको साहित्यप्रतिको मोह, साधना अनि साहित्यको भण्डार भर्न पुऱ्याएको योगदानको कदरस्वरूप विभिन्न सङ्घ-संस्था, पत्रकार समूह इत्यादिबाट प्रदान गरिने सम्मान, अभिनन्दन र पुरस्कारका कार्यक्रम सद्भावपूर्ण हुन्जेल त्यसलाई उत्सवको रूपमा लिनु पर्ने धारणा उनी व्यक्त गर्दछन् । यसरी प्राप्त भएको सम्मान र पुरस्कारले स्रष्टाहरू गर्वित भएको महसुस गर्छन् तर यसको विपरीत आज साहित्यको फाँटमा हुने-नहुने मानिसहरूको प्रवेशले सम्मान-पुरस्कार देखावटी अनि औपचारिक र फेसन जस्ता भएको हुँदा स्वाभिमानी स्रष्टाहरूले टाउको निहुराएर हिंड्नुपर्ने भनी यसतर्फको विकृति र विसङ्गतिप्रति दुःख व्यक्त गरिएको छ ।

अन्तमा आफू सम्मानित भएको कृतज्ञता व्यक्त गर्दै सम्पादक चूडामणि रेग्मी लगायत आयोजक संस्थाहरू र पूर्वाञ्चलका आदरणीय अग्रज अनुज साहित्यानुरागी महानुभावहरूलाई हृदयदेखि धन्यवाद ज्ञापन गरेका छन् ।

### ४.२.२.२ प्रतिभा पहिचानको धुन (पृ. ३-५)

कुनै पनि मानिससँग आ-आफ्नै किसिमको प्रतिभा हुन्छ । त्यसबाट नै जीवनमा ऊ परिचित हुन्छ अनि समाज र राष्ट्रका निमित्त केही गर्न सक्दछ तर एउटा प्रकारको प्रतिभा अर्को जस्तो हुन खोजिएमा दुर्घटना हुन पनि सक्दछ भन्ने विषयमा केन्द्रित रही निबन्धकारले प्रतिभा पहिचानको धुन निबन्ध पस्केका छन् । यहाँ निबन्धकारले विभिन्न यस्ता कैयौँ उदाहरणहरू दिएर पुष्टि दिने प्रयास गरेका छन् ।

यस निबन्धमा मान्छेका विचार, खुबी, उसका क्रियाकलापलाई तुलना गरेर मान्छेमा भएका कम र बढी प्रतिभाको मूल्याङ्कन गरिएको छ । साहित्यको सन्दर्भमा आफूलाई पारिजात, मञ्जुल, रायन, रामेश, मोहन दुवालभन्दा निकै कम प्रतिभाशाली ठानेका छन् भने गौतम बुद्ध, आइन्स्टाइन, लक्ष्मीप्रसाद देवकोटा, मदन भण्डारी जस्ता व्यक्तित्वहरू बन्ने चाहना पनि गरेका छैनन् । बरु आफूसँग जे-जस्तो प्रतिभा छ, त्यसैमा सन्तोष गरेर आफूलाई धेरैले माया अनि सम्झना गरेकोमा खुशी व्यक्त गरेका छन्, आफ्नो प्रतिभामा गर्व गरेका छन् ।

अन्तमा एउटा र अर्को जातको फूलको उदाहरण दिँदै जो जेमा छ त्यसैमा रहेर उसले आफ्नो अन्तर्निहित प्रतिभा पहिचान गरेमा आवश्यक सफल हुनेछ भन्ने भाव यस निबन्धमा व्यक्त गरिएको छ ।

### ४.२.२.३ बाबुसित म कसरी पेस भएँ ? (पृ. ६-७)

*बाबुसित म कसरी पेस भएँ ?* भन्ने निबन्धको विषयमा लेखक आफू बुबा र छोराको प्रश्न र उत्तरात्मक शैलीमा आधारित छ । दोस्रो अनुच्छेदबाट अन्तसम्म प्रश्न नै प्रश्न गरिएको छ र तिनको उत्तर दिँदा दिँदा बुबा थाकेको तर बाँकी उत्तर पनि छोरालाई चित्तबुझ्दो र सन्तोषजनक रूपमा दिन नसकिएको यथार्थपन यस निबन्धमा प्रस्तुत गरिएको छ । प्रसङ्गअनुसार निबन्धकारका के.जी.मा पढ्ने छोरो स्कुलबाट समयमा घर नआउँदा खोजीनीति गर्न हिँडेको र पछि फेला परेपछि उसको 'मर्ने' कुरासँग सम्बन्धित रही अनेक प्रश्नहरू गरिएको छ तर त्यसको चित्तबुझ्दो जवाफ नपाएर न छोरा नै सन्तुष्ट भएको छ न बुबा नै । त्यसैले बुबाले आफ्नो छोरालाई उसको उमेर, जिज्ञासा र रुचि अनुरूप भएन कि भन्दै आफूले दिएको उत्तरबाट उसको हृदयमा चोट लागेको हुँदा अभिभावकले बालबालिकाको बालमनोविज्ञान बुझी बालबालिकासँग असल व्यवहार गरी प्रस्तुत हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.२.२.४ चौदण्डीगढी घुमेर हेर्दा (पृ. ८-१०)

स्वामी प्रपन्नाचार्य, इतिहासविद् ज्ञानमणि नेपाल, संस्कृतिविद् विष्णुप्रसाद घिमिरे अनि निबन्धकार आफू लगायत ३१ जनाको भ्रमणटोली चौदण्डीगढी सम्बन्धी बेलटारमा हुने दुई दिने गोष्ठीमा सहभागी पनि हुने र चौदण्डीगढीको पुरातात्त्विक ऐतिहासिक महत्त्वपूर्ण धार्मिक स्थल अवलोकन गर्ने उद्देश्यसँग *चौदण्डीगढी घुमेर हेर्दा* निबन्ध सम्बन्धित छ । यस संस्मरणात्मक निबन्धमा विभिन्न स्थानहरू पार गर्दा भोक, तिर्खा एवम् थकाइलाई नरनारी, बालबालिका, बृद्धहरूको फूलका गुच्छाहरू र खानपिनको स्वागतले बिर्साइदिएको उल्लेख गरेका छन् साथै आफ्ना पुर्खाहरूले आर्जन गरेको भौतिक एवम् सांस्कृतिक सम्पदाबाट गौरवान्वित भएको महसुस निबन्धकारले गरेका छन् । समय अपुग भएका कारण चौदण्डीगढी वरिपरि भएका अन्य पक्षहरू हेर्न नपाएको उल्लेख गरेका छन् ।

### ४.२.२.५ सपनाको रहस्यमय संसारमा विचरण गर्दा (पृ. ११-१३)

मानिसले सपनामा देखेका कुराहरूबाट सिर्जना भएको शुभ-अशुभका पक्षहरूलाई निबन्धकारले *सपनाको रहस्यमय संसारमा विचरण गर्दा* भन्ने निबन्धमा चर्चा गरेका छन् । सानामा हजुरआमाहरूले भन्ने गर्नुहुन्थ्योबाट सुरु भएको यस निबन्धमा हाम्रो गाउँघरमा आजसम्म पनि विद्यमान विभिन्न सपनाका प्रकृतिअनुसार शुभ-अशुभ फलबारे सुन्ने र सुनाइने गरिन्छ । यसतर्फ इङ्गित गर्दै निबन्धकारले सपना के हो र किन देखिन्छ भन्ने कुरालाई चालिसको दशकमा इण्डियन लाइब्रेरी काठमाडौं गई अध्ययन गरेका छन् । सिग्मण्ड फ्रायड, जुङ, कार्ल अल्फ्रेड, एड्लरदेखि **मस्तिष्क सम्बन्धी धारणा** र **असाधारण मनोविज्ञान** अध्ययन गर्दा पूर्व र पश्चिमका स्वप्नसम्बन्धी मान्यताहरू फरक फरक मात्र होइन उल्टापुल्टा फेला पारेको विभिन्न जनविश्वासलाई आधार बनाई प्रस्तुत गरेका छन् । निबन्धकारले जे-जस्ता सपना सम्बन्धी धारणा प्रस्तुत गरे पनि रहस्यको गर्भभित्र नै छ किनभने सपना अनुरूप उनमा ठूलाठूला विपत्ति उनले व्यहोर्नु पर्‍यो सायद यसलाई संयोग नै हो भनौं या अरू कुनै भन्दै उनले आफ्नो निबन्धमा सपनासम्बन्धी रहस्यलाई आश्चर्यपूर्ण भनी टुङ्ग्याएका छन् ।

### ४.२.२.६ लोकभाका घन्किन छाडेछ मेरो गाउँमा (पृ. १४-१६)

आफू जन्मेको ठाउँ स्वर्गभन्दा पनि प्यारो हुन्छ भन्ने अर्थमा निबन्धकार आफू जन्मी, हुर्की, पढेको अनि बढेको समयमा भएका त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक पक्ष र धेरै समयपछि आफू त्यसतर्फ पाइला राख्दाको क्षणलाई तुलना गर्दै निबन्धकारले *लोकभाका घन्किन छाडेछ मेरो गाउँमा* भन्ने निबन्ध मार्फत् चर्चा गरेका छन् । आफ्नो गाउँ पहाडी गाउँ मध्येकै सुगम गाउँ हो भनी त्यहाँ उपलब्ध साधन र स्रोत अनि सुविधाको चर्चा गर्दै सांस्कृतिक पर्वहरूमा धनी रहेको कुरा व्यक्त गर्दछन् तर पछि भने आफू जन्मभूमि वखलढुङ्गा जाँदा सिद्धिचरण श्रेष्ठले वर्णन गरेजस्तो अति नै मनोरम लागेको आफ्नो गाउँठाउँमा लोकभाका घन्किन छाडेको, युवाहरू लाहुरे बन्न पलायन भएको, मालश्रीको रौनक हराउँदै गएको, चाडपर्वमा आफ्नोपन गुम्दै गएर विदेशी बाजाहरूले ठाउँ लिएकोमा नरमाइलो लागेको बताउँछन् साथै निबन्धकारले आधुनिकताको नाममा हुने र भैरहेका लोकभाकाहरूमाथिका हस्तक्षेप एवम् अतिक्रमणबाट संस्कृतिकर्मीहरूलाई र लोकभाकाहरूलाई जोगाउनुपर्छ भन्ने सन्देश दिइएको छ ।

## ४.२.२.७ अहा ! यस्तो पो संस्कृति (पृ. १७-१९)

थारू विद्यार्थी समाज र थारू कल्याणकरी सभाले ठूलो एकादशीको उपलक्ष्य पारेर चितवन-माडीको बघौडामा आयोजना गरेको थारू सांस्कृतिक प्रतियोगितात्मक कार्यक्रममा निबन्धकारलाई निमन्त्रणा गरिएको र त्यहाँको थारू संस्कृति, परम्परा अनि स्वागत सत्कारदेखि प्रभावित भएर निबन्धकारले *अहा ! यस्तो पो संस्कृति* भनी निबन्धमा चर्चा गरेका छन् । थारू संस्कृतिका अनुसन्धानकर्ताको नाम उल्लेख गर्दै उनले थारू जातिको भाषा-भेष, रहनसहन, चाडपर्व, रीतिरिवाज एवं संस्कृतिलाई नियाल्दा असभ्य भन्न मिल्दैन बरु यिनीहरू नेपालको तराईका धर्मपुत्र हुन् भनी निबन्धमा उल्लेख गरेका छन् । सथै उनले थारू जातिले पर्वहरूमा गाइने, नाचिने विभिन्न गीत र नृत्यहरू प्रस्तुत गर्दै उनीहरूलाई अत्यन्त सरल, सिधा, इमान्दार, छलछाम र चलाखी जान्दैनन् भनी प्रशंसा गर्दै अरूको आदर गर्न भने चुक्दैनन् भनेका छन् । केही वर्ष अगाडिसम्म केही बोल्न नसक्ने महिलाहरू त्यस सभामा माइक समातेर बोलेकोमा उनीहरूमा आएको चेतनालाई महत्त्वका साथ उठाएका छन् ।

आभूषण र परम्परागत पहिरन, धान काट्दा नरनारी भई गाइने चणिवर गीत इत्यादिले कार्यक्रममा रौनकता थपेको समेत बताएका छन् । अन्तमा आफूलाई कार्यक्रममा निमन्त्रणा गरी कार्यक्रम अवलोकन गर्न दिएकोमा आयोजक पक्षलाई धन्यवाद दिई निबन्धकार बिदा भएका छन् ।

## ४.२.२.८ भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ (पृ. २०-२२)

गाउँका बुढापाकाहरूदेखि अन्य सबैमा भूत-प्रेत सम्बन्धी चर्चा हुने गरेको र आफूलाई पनि सोही भूत-प्रेतको मानसिकता रहिरहेको सन्दर्भमा त्यसको खोजीनीति गरी जिज्ञासा मेट्न गरिएका प्रयत्नहरूलाई निबन्धकारले *भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ* निबन्धमा चर्चा गरेका छन् । गाउँमा आफूले भूत-प्रेत हुन्छ भन्ने सुन्दा डर लागेको तर पछि भूत-प्रेत खोज्न विभिन्न स्थानतर्फ गएको कुरा उल्लेख गरिएको छ । आफूले इन्द्रजाल किताब हात पारेको, आफ्नै उमेरका एकजना साधुसँग भेट हुँदा पनि भूत-प्रेत र मसानसम्बन्धी कुनै चामत्कारिकता देखाउन नसकेको धारणा व्यक्त गर्दछन् । साथै उनले अन्तमा भूत-प्रेतको अवधारणाबारे खोजी जारी नै रहिरहेको कुरा बताएका छन् ।

### ४.२.२.९ पारिजात स्मृति दिवस र सौरभित मकवानपुर (पृ. २३-२४)

साहित्य सङ्गम मकवानपुर र आदर्श टोल विकास संस्था हेटौंडा-१० को आयोजनामा पारिजात स्मृति दिवसमा भाग लिन हेटौंडा गएको सन्दर्भलाई सम्झना गरी निबन्धकारले *पारिजात स्मृति दिवस र सौरभित मकवानपुर* भन्ने निबन्ध प्रस्तुत गरेका छन् । निबन्धमा तराईबाट पहाडतर्फ पस्ने प्रवेशद्वारको रूपमा रहेको मकवानपुरले खप्नु परेको पीडालाई प्रस्तुत गर्दै यहाँका गढी एवम् ऐतिहासिक धार्मिक पुरातात्त्विक महत्त्वको उल्लेख गरिएको छ । विकासका विभिन्न कार्यहरूदेखि पारिजातको सालिक स्थापना गर्न जुटेका कर्मशील व्यक्तित्वहरूको पनि चर्चा गरिएको छ ।

### ४.२.२.१० रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा (पृ. २५-२७)

*रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा* निबन्धमा निबन्धकारले आफूले रुम्जाटारमा रात बिताउँदा माओवादी विद्रोहीहरू र सरकारी सेनाबीचको गोली र बम हानाहान भएको दृश्य र नजिकिएको लक्ष्मीपूजामा रोटी चढाउँदा ‘बिन्ध्यवासिनी’को नाम लिने चलनसँग सम्बन्धित छ । त्यसैले यहाँ निबन्धकारले विन्ध्यवासिनीको मन्दिरका साथै पोखराका ऐतिहासिक, धार्मिक, पुरातात्त्विक, सांस्कृतिक पक्षलाई चर्चा गर्दै नेपालको पश्चिमबाट नै पूर्वतर्फ संस्कृति सर्दै गएको कुरालाई रुम्जाटारमा विन्ध्यवासिनीको पूजा हुनेको आधारमा जोडेका छन् ।

### ४.२.२.११ गोर्खा भ्रमणका केही साहित्यिक सन्देश (पृ. २८-३०)

सन्त संस्कृतिको अध्ययनको निम्ति गोर्खा गएको र त्यहाँ नाथ सम्प्रदायको नालीबेली खोज्न गोर्खा घुमेको विषयसँग सम्बन्धित रहेर निबन्धकारले *गोर्खा भ्रमणका केही साहित्यिक सन्देश* निबन्ध प्रस्तुत गरेका छन् । उनले नेपाली संस्कृतिको निर्माणमा सन्तहरूका साथै गोरखनाथी मतको ठूलो योगदान रहेकोले इतिहासमा महत्त्वपूर्ण स्थान रहेको छ भनेका छन् । नाथ सम्प्रदायको परम्पराको बारेमा नेपाल र भारतीय विद्वान्हरूले अनुसन्धानमूलक लेख लेखेका छन् भन्दै गोर्खामा पुरातात्त्विक र ऐतिहासिक सामग्रीहरू विद्यमान रहेको कुरा व्यक्त गरेका छन् । साथै इतिहासका ठूला-ठूला वीर योद्धाहरूको साथै राणाहरू एवम् साहित्यकारहरूको जन्मथलो गोर्खामै रहेको भनी नामावली समेत पेस गरेका छन् ।

## ४.२.२.१२ हेर्न नपाइएको बागलुङ्को हनुमान नाच : नयाँ वर्षका पुराना कुरा (पृ. ३१-३३)

बागलुङ महोत्सवको लोकदोहोरी कार्यक्रममा त्यसका संयोजकले ओखलढुङ्गा, रुम्जाटारका जालपा सांस्कृतिक परिवारका लोकदोहोरी टोलीलाई गरिएको दुर्व्यवहारसँग *हेर्न नपाइएको बागलुङ्को हनुमान नाच : नयाँ वर्षका पुराना कुरा* भन्ने निबन्ध सम्बन्धित छ । त्यसो त उक्त बागलुङ महोत्सव पूर्व र पश्चिमका भाकाहरूको प्रस्तुतिले दुवै क्षेत्रका कलाकारहरूको बीचमा सौहार्दता, मित्रता, एकअर्कोको कलाकृतिको जानकारी र मेलमिलाप हुने महान् कार्यले त्यसको अझ उचाइ थपिने थियो तर त्यहाँका सि.डि.ओ., साहित्यस्रष्टा, **धौलाश्री** दैनिकका सम्पादक, उद्योग वाणिज्य सङ्घ बाग्लुङकी कर्मचारी कसैको आग्रहलाई नसुनी आफ्नो मनोमानी एकलौटी निर्णय गर्ने ती संयोजकको व्यवहार देखेर निबन्धकार आश्चर्यचकित भएका छन् । साथै उनले ती बाग्लुङ महोत्सवका आयोजक र खासगरी लोकदोहोरीका संयोजकलाई ओखलढुङ्गाको रुम्जाटार आउन निमन्त्रणा गर्न चाहन्छन् । साथै आफ्नो संस्था खासगरी जालपा सांस्कृतिक परिवारले त्यहाँको जस्तो दुर्व्यवहार नगर्ने र रित्तो हात नफर्काउने वाचा गर्दछन् त्यस्तै यस निबन्धमा जालपा सांस्कृतिक परिवारले गरेका विकास निर्माणका कामहरू पनि उल्लेख गरेको पाइन्छ ।

## ४.२.२.१३ यसपालि पनि पऱ्यो चिट्ठा, दोसाँधको घाम हेर्न पुगियो काँकडभित्ता (पृ. ३४-३६)

झापाका एक प्रसिद्ध साहित्य स्रष्टा पुण्यप्रसाद खरेलको सद्यः प्रकाशित कृति **दोसाँधको घाम** (उपन्यास) को विमोचन एवं विवेचना कार्यक्रममा चितवनबाट मोदनाथ मरहट्टा र निबन्धकार स्वयं सहभागी भई त्यहाँ सहभागी हुँदाको क्षण अनि यात्रालाई मुख्य विषयवस्तु बनाएर लेखिएको *यसपालि पनि पऱ्यो चिट्ठा, दोसाँधको घाम हेर्न पुगियो काँकडभित्ता* निबन्ध निबन्धकारले चर्चा-परिचर्चा गरेका छन् । साथै लेखकद्वय काँकडभित्ताको मेचीमा पुगी सीमास्तम्भ हेरेको, मलामी हुलमा मिसिएको अनि पुण्यप्रसाद खरेलको पहिलो उपन्यास **दोसाँधको घाम**को लोकार्पण अनि त्यसमाथि चर्चा-परिचर्चा कार्यक्रममा सहभागी भएको कुरा निबन्धमा आएको छ । त्यस्तै गरी **दोसाँधको घाम** उपन्यासको कृति समीक्षा, टिप्पणी र मन्तव्य दिने क्रममा उनका कमी, कमजोरी अनि

उपन्यासको नकारात्मक पक्षमा बढी प्रकाश पारिएकोले निबन्धकारले सोसियल सेन्सको चाहिँ कमी देखिएको महसुस गरेका छन् । वास्तवमा उक्त पुस्तक बाहिर आउनुअघि त्यसका कमी कमजोरी हटाउन सहयोग गर्नुपर्ने धारणा निबन्धकार व्यक्त गर्दै **दोसाँधको घाम**लाई झापाको गौरवगाथाको रूपमा लिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

### ४.२.२.१४ नारायणगढदेखि दक्षप्रजापतिको राजधानीसम्म (पृ. ३७-३९)

निबन्धकारको आफ्नो बसाइँस्थलदेखि दक्षप्रजापतिको राजधानीसम्म यात्रा गर्दा त्यसभित्र आएका सुखमय क्षण र कठिनाइको विस्तृत विवरणको रूपमा *नारायणगढदेखि दक्षप्रजापतिको राजधानीसम्म* निबन्ध प्रस्तुत गरेका छन् । निबन्धकार कस्मिक एयरको उडानमा दिल्ली पुग्दा साबिकभन्दा बढी मूल्य तिर्नुपरेको, महिपालपुर र कोटलातर्फ जाँदा त्यसबीचको यात्राका क्रममा विभिन्न व्यवसाय गरिएका व्यक्तिदेखि चटके, भिखारी, बाबा लगायतबाट बचेर हिंड्नु परेको यथार्थतालाई निबन्धमा चर्चा गरेका छन् । त्यस्तै हरिद्वार, ऋषिकेश अनि कनखल पुग्दा आफूले साँच्चै नै धर्मशास्त्रमा अध्ययन गरे अनुरूप पाइएको धारणा उनी व्यक्त गर्दछन् । साथै त्यस स्थानमा रहेको विभिन्न मन्दिरहरूको नाम समेत आफ्नो निबन्धमा प्रस्तुत गरेका छन् । साथै घरबाट भारतको कुनै पनि स्थलको भ्रमण गर्न जाँदा जहाँ पनि हिन्दी बोल्नुपर्ने र हिन्दी गीत मात्र सुन्नुपर्दा निबन्धकारलाई दिक्क लागेको निबन्धमार्फत बताएका छन् ।

### ४.२.२.१५ दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर (पृ. ४०-४२)

*दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर* निबन्ध निबन्धकारको यात्रासँग सम्बन्धित छ । निबन्धकार जुन बेला नेकपा (चौम)को पूर्णकालीन सदस्य थिए अर्थात् सक्रिय राजनीतिमा लागेका त्यसबेला पाल्पामा काम गरेका उनीलाई गोरखपुर बोलाई मद्रासको पार्टीमा खटाउने काम मोहनविक्रम सिंह र चित्रबहादुर के.सी.ले गरे भन्ने सम्झना गरेका छन् । त्यस्तै उनी ट्रेनमार्फत मद्रास जाने क्रममा क्षार समुद्रको पानी अनि सहर कस्तो होला भनी उत्सुकता व्यक्त गरेका छन् । जब उनी मद्रास पुग्दछन् त्यहाँ बाग्लुङ निवासी राजु शर्माको डेरामा रही मद्रास किनारमा रहेको समुद्र, त्यहाँको सांस्कृतिक पक्ष, व्यवहार, सौन्दर्य-प्रसाधन, फूलैफूलका मालाहरूको आभूषण देखेर प्रभावित भएका छन् । एउटी केरा बिक्रेता १२-१३ वर्षकी बालिकाले निबन्धकारले पैसा फिर्ता लिन भुलेको

रकम फिर्ता गरिदिन्छिन् । निबन्धकारले उनको इमान्दारिता देखेर आफू अत्यन्त प्रभावित भएको र अझै सम्झना आइरहने विचार प्रकट गरेका छन् ।

## ४.२.२.१६ मिसनदेखि मोडल हस्पिटलसम्मको यात्रा कथा (पृ. ४३-४८)

*मिसनदेखि मोडल हस्पिटलसम्मको यात्रा कथा* निबन्धकारको आफ्नो जीवन दुर्घटनामा परेदेखि मोडल हस्पिटलमा उपचार गराइ निको भएसम्मको अत्यन्त नरमाइलो घटना सम्बन्धी निबन्ध हो । यस निबन्धमा २०६० साल माघ २२ गते आफ्नो गृह जिल्ला प्रवेशसँगै ओखलढुङ्गाको मानेभञ्ज्याङ हिटीमा ट्रयाक्टर दुर्घटना परेको विषयसँग सम्बन्धित छ । निबन्धकार आफू, भाइ सबिन र एन.जि.ओ. कार्यकर्ता चढेको उक्त ट्रयाक्टरमा लेखक भने मन नलगाई चढेका, पछि ट्रयाक्टर दुर्घटना हुँदा एन.जि.ओ. कार्यकर्ता आफूलाई छोडेर भागेका, लेखक आफूलाई उकुसमुकुस भएको, महिलाहरूको सहायताबाट आफूले नयाँ जीवन पाएको, ठेकेदार घिसिङले आफ्नो रकम धेरै खर्च हुन्छ भनी मिसन हस्पिटलमा उपचार गर्न बाध्य पारेको, हस्पिटलमा जँड्याहा केटाहरूले होहल्ला गरेका सम्पूर्ण घटनाहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गरेका छन् । त्यस्तै मिसन हस्पिटलबाट आफ्नो शारीरिक अवस्थामा सुधार नआएकोले आर.एन.ए.सी. को जहाजबाट काठमाडौं उपचार गर्न जाने क्रममा आर.एन.ए.सी. का हाकिमको गैरजिम्मेवारीपन, एयरहोस्टेजको अमानवीय व्यवहारलाई देख्दा लेखक आफ्नी श्रीमती प्रसूति भएको घटना सम्झन्छन् । अस्पतालका कर्मचारीहरूको छुट्टाछुट्टै व्यवहारको सम्बन्धमा उनले आफ्नो यस निबन्धमा चर्चा गरेका छन् । पछि मोडल अस्पतालको एम्बुलेन्स एयरपोर्टमा पुग्दा आश्चर्यचकित भई खुसी व्यक्त गर्दछन् । त्यस्तै मोडल अस्पतालमा उपचार गर्दा आफू भएको ठाउँमा इष्टमित्र, नातागोता, साहित्यकार, पार्टीका ठूलाठूला नेता, राजनैतिक कार्यकर्ता, पत्रकार, लेखक एवम् शुभचिन्तकदेखि डाक्टर सबैलाई अनि आफूलाई सहयोग गर्ने सम्पूर्णमा धन्यवाद दिई यो निबन्ध टुङ्ग्याइएको छ ।

## ४.२.२.१७ मलाई नाटकीय अभिनय गर्न आउँदै आएन (पृ. ४९-५०)

निबन्धकार आफूलाई साहित्य सम्बन्धी रचना, खेलसम्बन्धी विभिन्न प्रतियोगितामा सहभागी भई पुरस्कार जित्न सक्ने तर नाटकीय अभिनय गर्न खोज्दा आफू पानी पानी भएकोतर्फ वास्तविकताको रूपमा *मलाई नाटकीय अभिनय गर्न आउँदै आएन* भन्ने निबन्धमा प्रस्तुत गरिएको छ । वि.सं. २०३१ सालको इन्जिनियरिङको विद्यार्थी छँदा

उपन्यासकार पिटर जे. कार्थकले आफ्नो उपन्यासको केही भाग पढ्न दिएको, वासु रिमाल सरले २ वटा रचनाहरू **विदेह**मा छपाइदिएको, भलिबल खेलमा सर्वोत्कृष्ट स्थान पाई फुरुङ्ग भएको तर विजय मल्लको नाटकमा 'यात्री' सरले नायकको अभिनय गर्न प्रस्ताव राख्दा आफूले केही अभिनय गरेपनि सही ढङ्गमा अभिनय गर्न नै नआएको प्रसङ्गको तितो यथार्थपनलाई निबन्धकारले यस निबन्धमा चर्चा गरेका छन् ।

### ४.२.२.१८ म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ (पृ. ५१-५३)

*म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ* निबन्धकारको एक साधुसन्तसँग भेट भएको र सवाल जवाफसँग केन्द्रित छ । यस निबन्धमा निबन्धकारलाई उनका मित्र वासु वाग्लेले एकजना सन्तसँग परिचित गराएको प्रसङ्ग छ । पहिले त साधुलाई नमानेपनि पछि साधुले विभिन्न सन्त र उनीहरूको बेलीविस्तार लगाएपछि निबन्धकार उक्त साधुबाट प्रभावित भएको कुरा उल्लिखित छ । यस निबन्धमा सन्त र भक्त, दशनामी सन्यासीहरू, धर्म संस्कृतिको हिसाबले नेपाल र भारतमा खासै भिन्नता नभएको, साधुसँग महाविष्फोटको सिद्धान्त, पदार्थको विषयमा छलफल भएको छ । त्यस्तै अन्तमा साधु आचार्य परमेश्वरानन्द अद्भुतले 'चूर्णीभूत भएको पदार्थ यदि स्थूलबाट सूक्ष्मतामा यात्रा गरिरहेको हो भने सूक्ष्म चेतना स्थूलीभूत हुँदै पदार्थतिर यात्रा गर्न सक्छ कि सक्दैन' भन्ने प्रश्न गर्दा निबन्धकार स्तब्ध भएको निबन्धमार्फत व्यक्त गरिएको छ ।

### ४.२.२.१९ पाहुनाहरूसित केही गम्भीर कुराकानी भए (पृ. ५४-५६)

साहित्य सङ्गम चितवनको छैटौं अधिवेशनमा प्रमुख अतिथिको रूपमा आएका हरिगोविन्द लुइँटेल र सम्मानित व्यक्तित्वको रूपमा आमन्त्रण गरिएका वरिष्ठ समीक्षक निनु चापागाईंसँग विभिन्न प्रसङ्गमा रहेर निबन्धकारले गरेको छलफलसँग प्रस्तुत निबन्ध *पाहुनाहरूसित केही गम्भीर कुराकानी भए* सम्बन्धित छ । यस निबन्धमा निबन्धकारले आफूलाई निनु चापागाईसँग तुलना गरेर आफ्ना धेरै कुराहरू मिल्ने कुरा बताएका छन् भने सम्मान ग्रहणको सम्बन्धमा आफूलाई लागेको सङ्कोच आफैले मेटाएका छन् । त्यसै गरी उनले यस निबन्धमा राजाबाट दिइएको बिर्ता, विनामूल्यमा प्राप्त भएको पुस्तक, संस्कृत भाषाको अध्ययन सम्बन्धी दृष्टिकोण, एउटै मात्र भाषा प्रयोगमा आउँदा त्यसले ल्याउने विभिन्न समस्याहरूको निबन्धमा चर्चा गरिएको छ । जुन बेलासम्म छुत-अछुत, कालो-गोरो,

धनी-गरीबको विभाजनको रेखा रहिरहन्छ देशको पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक सम्पदाहरू ध्वंश भइरहन्छन् भन्ने विचार निबन्धमा प्रकट भएको छ ।

### ४.२.२.२० रातो आन्दोलन/सेतो आन्दोलन (पृ. ५७-५९)

रातो कपडा पहिरिने नारी र सेतो पहिरन पहिरिने नारीहरूलाई निबन्धकारले *रातो आन्दोलन/सेतो आन्दोलन* निबन्धको शीर्षक बनाई प्रस्तुत गरेका छन् । समाजमा एकाथरी सामाजिक कु-संस्कारको कारणले श्रीमान्‌को मृत्यु हुनासाथ श्रीमती विधवा हुने र उनीहरूले बाध्यतावश सेतो कपडा लगाउनु पर्ने, 'अलच्छिनी', 'पोइ टोकुई' जस्ता अपशब्द बेहोर्नुपर्ने, छिःछिः र दूर-दूर गर्छन् भने अर्काथरीले श्रीमान्‌को निधन भएपनि रातो लुगा लगाउँदा कुनै फरक पर्दैन भन्दै उनीहरूले चलाएको रातो आन्दोलन मनासिब, स्वभाविक र न्यायोचित छ भनी टिप्पणी गर्दछन् । यसैगरी लेखकको सेतो आन्दोलनका नारीहरूसँग भेट हुँदाहुँदा उनीहरू ब्रह्माकुमारी राजयोग विश्वविद्यालय वा 'ॐ शान्ति' का प्रतिनिधि थिए । उनीहरूको आफ्नो सेतो पहिरनको रूपमा विद्यालयको ड्रेस मान्नुहुने कुरालाई यस निबन्धमा उनीहरूकै भनाइलाई पेस गरिएको छ । यसरी सेतो ड्रेस लगाउँदा पनि विभिन्न सास्तीहरू पाउनु परेका कुरालाई पनि प्रस्तुत निबन्धमा चर्चा गरिएको छ । यस्तै गरी पूर्व विधवा जसको घरबार भए पनि समाजमा उनीहरूलाई होच्याउने, आतङ्कित पार्ने र व्यङ्ग्य गरेबाट लेखकले अति तुच्छ, निन्दनीय र अमानवीय कार्यको रूपमा लिएका छन् । वास्तवमा जो-जसले सेतो र रातो आन्दोलनबाट अगाडि बढे पनि रूढिवादी समाजको विरुद्धमा आन्दोलनरत हुन बल, साहस, धैर्य मिलोस् भनी लेखकले शुभकामना व्यक्त गरेका छन् ।

### ४.२.२.२१ स्वर्गबासी पारिजातलाई अर्जेन्ट पत्र (पृ. ६०-६६)

*स्वर्गबासी पारिजातलाई अर्जेन्ट पत्र* अन्तर्गत पत्र १, २ र ३ मा निबन्धकारले स्वर्गबासी पारिजातलाई आफ्नो हातले पारिजात जीवित रहेको अवस्थामा भएका विभिन्न विषयहरूसँग केन्द्रित भई पठाएको पत्रसँग यो सम्बन्धित छ ।

पत्र १ मा निबन्धकार आफूले २२ वटै कृतिहरूको मूल्याङ्कन गरिएको किताब 'पारिजात स्मृति केन्द्र' छपाएको, म्हेंपीमा सालिक स्थापित गरेको कुराहरू सम्बन्धित छन् । त्यस्तै लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**पछि दोस्रोमा बिक्री हुने पुस्तक **शिरीषको फूल**

भएको, विभिन्न भाषामा अनुवाद भएको विषय पनि उठाइएको छ । पहिला पहिला पारिजात आफू हुँदा म्हेंपीमा भीड लाग्ने साहित्यकारहरू अहिले त्यस्तो वातावरण नदेखिएको बताउँदै घर-घरमा टि.भी., रेडियो इत्यादि श्रव्यदृश्य माध्यमबाट प्राप्त हुने रसको बयान गरी साध्य छैन भनी पुस्तकतर्फ पाठकलाई आकर्षित गरिएको कुरा लेखिएको छ ।

त्यस्तै पत्र २ मा सातवटै आफूलाई प्राप्त भएको पत्र स्वरूपको समालोचना पुस्तक **पारिजातको साहित्यिक मूल्याङ्कन** छापिने सङ्केत पनि गरेका छन् । त्यस्तै गरी निबन्धकार र पारिजात बीच विगतमा भएको वार्तालाप र सम्झनाका कुरा लेखिएको छ भने 'उसले रोजेको बाटो'को नाम जुराएको उल्लेख छ ।

पत्र ३ मा पारिजात, रायन र रामेश मिलेर राल्फाको मुख्य सूत्रधार भएको अनि पछि यस समूहमा अन्य साहित्यकारहरू थपिँदै गएका कुरा उल्लेख गरिएको छ । राजनैतिक परिस्थितिको चर्चा गर्दै विभिन्न सङ्केतमा चल्नुपर्ने कुरा लेखिएको छ । हाल भने राल्फा जमातका एक व्यक्ति अर्कोमा पर्दैनन् भन्दै उनले देशको मुहार फेर्ने गीतहरूको रङ बद्लिएको बताएका छन् । जमानाले पल्टा खाएर होला साहित्य, सङ्गीतको होइन बन्दुकको बढाइ भने कायम छ भन्ने कुरा पत्र मार्फत निबन्धकारले टिप्पणी गरेका छन् ।

## ४.२.२.२२ बाबाको सम्झनामा (पृ. ६७-६९)

*बाबाको सम्झनामा* भन्ने निबन्धमा निबन्धकारले दिवङ्गत हुनुभएका आफ्नो बुबाको सम्झनामा आएका कुराहरूलाई प्रस्तुत गरेका छन् । प्रकृतिको नियम मानिस जन्मिएपछि मर्नुपर्दछ यसतर्फ इङ्गित गर्दै लेखकले बाबु बाँचिरहेको भए झुम्कामा बनेको घर हेर्न पाउनु हुने, आफूलाई जन्म दिँदा खुसी हुनुभएका पलहरू, मिहेनती स्वाभिमानी भएकै कारणले धेरैले उहाँलाई रुचाउने कुरा उल्लेख गरेका छन् । घोडाका सौखिन बाबाले अतिरिक्त हुलाक इन्चार्ज र गा.वि.स.को सचिव भएर गाउँलेको सेवा गरेको निबन्धकारले स्मरण गरेका छन् । अहिलेसम्म बाबा बाँचेका भए धेरै सपनाहरू पुरा भएका हुन्थे भनी निबन्धको अन्त्य गरिएको छ ।

## ४.२.२.२३ चूडामणि रेग्मीसित चौबिस घण्टा बिताउँदा (पृ. ७०-७२)

चन्द्रगढी झापाका वरिष्ठ स्रष्टा एवम् भाषाशास्त्री चूडामणि रेग्मीसँग २४ घण्टाको पर्याप्त समय बिताउन पाएका लेखकको *चूडामणि रेग्मीसित चौबिस घण्टा बिताउँदा* निबन्ध

प्रस्तुत भएको छ । चूडामणि रेग्मी लेखकको घरमा शोधखोज गर्दै आएका र उनीसँग २४ घण्टा समय बिताउन पाउँदा खुसीले गद्‌गद् भएको कुरालाई समेत लेखकले चर्चा गरेका छन् । यस्तो मौका फेरिफेरि नआउने भन्दै उनका बोलीलाई प्रमुखता दिइएको यस निबन्धमा चूडामणि रेग्मीकै बारेमा यो निबन्ध घुमेको छ ।

वास्तवमा चूडामणि रेग्मीले झर्रो नेपाली आन्दोलन किन चलाए त भन्ने सवालमा नेपाली भाषामा हिन्दीको प्रभाव, नेपाली लवज पनि हिन्दीको जस्तै हुने, नेपाली भाषालाई आफ्नै मौलिक पहिचानमा राखिनु पर्छ भन्न चाहने यो आन्दोलन स्वाभिमानी, भाषाप्रेमी र देशभक्तहरूको आन्दोलनको रूपमा यसलाई लिइएको छ भनी लेखकले आफ्नो निबन्धमा चर्चा गरेका छन् । यसै गरी मृदुभाषी, शालीन, सौम्य, शिष्ट र अत्यन्त क्रियाशील व्यक्तित्वका धनी चूडामणिसँग भेट्न पाउँदा यसलाई उनले अवसरका रूपमा लिएका छन् ।

## ४.२.२.२४ क्षेत्री-बाहुनको संस्कृति नै छैन (पृ. ७३-७५)

*क्षेत्री-बाहुनको संस्कृति नै छैन* भन्ने निबन्धमा निबन्धकार र एकजना मङ्गोल मित्र बीचमा चलेको वार्तालाप हो । यस निबन्धमा क्षेत्री बाहुनको कुनै संस्कृति, मौलिकता खासै नभएको अनि पुस्तौंपुस्तासम्म जनजातिहरूलाई थिचोमिचो गरेको अनि जनजातिलाई पाखा लाएर शासन गरेको जस्ता आरोप लगाइएकोलाई निबन्धकारले मुख्य विषय बताएका छन् भने यसै गरी निबन्धकारले क्षेत्री-बाहुनको पनि आफ्नै संस्कृति, मौलिकता भएको भनी जिकिर गरिए तापनि मङ्गोल मित्रले त्यसलाई मान्न नसकिने बताउँदै विदेशीहरूले समेत जनजातिहरूको मौलिक संस्कृति परम्पराको खोजीनीति गरेको तर क्षेत्री बाहुन भने फिरन्ते संस्कृति हुनाले आफ्नो पाटीभित्र संस्कृतिले काम गरिरहेको सन्दर्भमा निबन्धकारले प्रश्न र उत्तरको शैलीमा प्रस्तुत गरेका छन् ।

## ४.२.२.२५ ढुङ्गाको डुङ्गा हेर्न सोमेश्वर जाने होइन ? (पृ. ७६-८०)

*ढुङ्गाको डुङ्गा हेर्न सोमेश्वर जाने होइन ?* निबन्ध सोमेश्वर गढीमा रहेको पुरातात्विक वस्तुहरूको अध्ययन भ्रमणसँग सम्बन्धित छ । लेखकले बघौडा गा.वि.स. मा रहेको सोमेश्वरगढी हेर्ने धोको भएको हुँदा आफू त्यसतर्फ थारू पुरोहित तथा अन्यलाई साथमा लिइ सोमेश्वर डाँडामा अवस्थित ४६ नं. र ४७ नं. को नेपाल भारतस्तम्भलाई अवलोकन गरेको, घ्याम्पे ढुङ्गो अनि काटिएको ढुङ्गाको विषयमा त्यसको रहस्य प्राप्त गरेको, त्यस्तै त्यहाँका निर्माण गरिएका मन्दिर, बैठक मुढाहरूको जानकारी लिइएको

कुराहरू निबन्धमा प्रस्तुत गरिएको छ । त्यस्तै रिऊ उपत्यका, रिऊ नदी र मुङ्गईनदीको नामकरण कसरी भयो भन्नेतर्फ पनि निबन्धले खुलाएको छ ।

### ४.२.२.२६ चेतना र पदार्थको अन्तःसम्बन्ध र गुरुदक्षिणा (पृ. ८१-८२)

*चेतना र पदार्थको अन्तःसम्बन्ध र गुरुदक्षिणा* निबन्ध गुरु गङ्गाको शिष्य बनेर ॐ शान्ति भरतपुर केन्द्रको आध्यात्मिक स्कुलमा सात दिने शिक्षा ग्रहण गरेको विषयसँग सम्बन्धित छ । आफू त्यस स्कुलमा जाँदा मन्दिरमा जस्तो न विधि पुऱ्याएको, न डोनेशन दिनु नै परेको तर यसभन्दा बढी आफूलाई उपहार एवं सम्मान दिइएको विषयमा घोत्लिँदा आफूले आजसम्म लिएको तर दिन नसकिरहेको परिवेशमा लाज लागेको कुरा निबन्धकार व्यक्त गर्दछन् । त्यस्तै आजको हाम्रो बोलीचाली, व्यवहार, आगन्तुकका अप्ठ्यारालाई बुझ्न नसक्ने, हल्लाखल्ला गर्ने संस्कृतिमा रमाइरहने प्रवृत्तिका छौँ होला भन्दै निबन्धकारले त्यस स्कुलले जीवनमा अरूसँग व्यवहार गर्नुपर्ने कुराहरू मर्यादित, अनुशासित, सभ्य र शिष्ट ढङ्गले व्यवहार गर्नुपर्ने एवं शिष्टता, मिष्टता, सदाचार, समझदारी, सद्भाव, प्रेम, करुणा, स्नेह इत्यादि त्यहाँबाट प्राप्त गरेकोले आफू ज्यादै प्रभावित भएको विचार व्यक्त गरेका छन् ।

### ४.२.२.२७ पूर्वेली लोकदोहोरीमा थप अर्को पाइलो : वर्षे भाकाको क्यासेट विमोचन (पृ. ८३-८५)

*पूर्वेली लोकदोहोरीमा थप अर्को पाइलो : वर्षे भाकाको क्यासेट विमोचन* निबन्धमा कल्याण राईको 'हाम्रो रुम्जाटार' नामक गीति क्यासेटको लोकार्पण गराएको र रुम्जाटार त्यस वरपरका लोकभाकालाई उल्लेखनीय रूपमा उजिल्याउने काम धेरै पहिलेदेखि नै हुँदै आएको कुरालाई विषयवस्तु बनाइएको छ । त्यसै गरी जनजिब्रोमा गडिएर बसेका धुन, लय, छन्द, ढाँचा, बोली, भाषा, लवज र भाकालाई टपक्क टिपेर लिपिमा उतारेको अनि आज पनि यस्ता भाकाहरू जीवितै रहेको लेखकले व्यक्त गरेका छन् । यस्तै इतिहास र संस्कृति निर्माता जनताहरू नै हुन् भन्दै इतिहासमा जन्मने युगपुरुषहरूलाई विशिष्ट घटनाका रूपमा लिएका छन् । सांस्कृतिक एवम् जातीय एकताको समन्वयात्मक कार्यद्वारा सांस्कृतिक एवं साङ्गीतिक विविधताहरू फल्नेफुल्ने भएकोले ओखलढुङ्गा रुम्जाटारले कयौं यस्ता प्रतिभाहरू जन्माएको भनी नामावली समेत दिएका छन् ।

### ४.२.२.२८ नौमती बाजा बिनाको बिहे (पृ. ८६-८८)

*नौमती बाजा बिनाको बिहे* परम्परागत ढङ्गले नभई प्रगतिशील तरिकाले गरिएको विवाहलाई आधार बनाई लेखिएको निबन्ध हो । यस निबन्धमा निबन्धकार आफूले हाइस्कुलदेखि कलेज पढ्दासम्म कुनै पनि केटीहरूसँग हेलमेल नगरेको, आमालाई जहानपरिवारले हेलाँ गरेको, बिहे गरेपछि नारीहरूले पुरुषको गोत्र र थरलाई स्वीकार्नुपर्ने, श्रीमान् मृत्यु भएमा विधवा जीवन बिताउन बाध्य हुनुपर्ने, दाइजो लिने इत्यादि प्रसङ्ग उठाएका छन् । त्यस्तै उनले आफूले धेरै कुरा सोचेपछि विवाह आवश्यक छ भन्ने ठानी निबन्धकारले बिना नौमती बाजा एक अर्कोलाई माला लगाएर र भाषण गरेर मैनबत्तीलाई यज्ञ ठानेर आफूले आमन्त्रण गरेका व्यक्तित्वहरूलाई पुरोहित बनाएर बिहे गरेको प्रसङ्ग निबन्धमा प्रस्तुत गरेका छन् ।

### ४.२.२.२९ भक्तपुर : प्राचीन किल्ला न्यातपोल र नारायणमान बिजुक्छे (पृ. ८९-९१)

*भक्तपुर : प्राचीन किल्ला न्यातपोल र नारायणमान बिजुक्छे* निबन्ध भक्तपुरको प्राचीन किल्ला न्यातपोल र नारायणमान बिजुक्छेसँग गरिएका वार्तालापमा केन्द्रित छ । जेरुसेलम शहरको प्राचीन किल्लाबन्द सहर र दिल्लीको लालकिल्लाको प्रसङ्ग चलिरहँदा विष्णु घिमिरेको सल्लाह बमोजिम भक्तपुरको प्राचीन किल्ला हेर्न मन लागेको निबन्धकारले व्यक्त गरेका छन् । त्यसपछि आफू नक्सा हेर्दै न्यातपोल पुगेको अनि त्यहाँको ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक पक्षलाई राम्ररी नियालेर भक्तपुरको प्राचीन किल्लाको बारेमा वर्णन गरिएको छ । त्यस्तै सय वर्षपछिको भक्तपुरका लेखक नारायणमान बिजुक्छेसँग भेट र उनको बोलीवचन एवं स्वभावलाई समेत लेखकले आफ्ना निबन्धमा प्रस्तुत गरेका छन् ।

### ४.२.२.३० मानिसहरू भन्छन् जानेदेखि कोलकोत्ता नजाने बेपत्ता (पृ. ९२-९४)

*मानिसहरू भन्छन् जानेदेखि कोलकोत्ता नजाने बेपत्ता* निबन्ध निबन्धकार कोलकोत्तामा पार्टीको कामको सिलसिलामा ६ महिना बस्दा आफूले देखे भोगेका वृतान्तहरू यसमा पोखिएको छ । आफू पहिलोचोटि सन् १९८१ मा कोलकोत्ता टेक्दा त्यहाँ देखिएको सुन्दर वातावरण, सङ्गठन निर्माणका निमित्त गरिएका कार्यहरू, अग्लो स्थानबाट हेरिरहूँ

जस्ता लागिरहने सहरको बनावट, कम्युनिष्ट नेता ज्योतिवसुको साम्यवादमा नगरबधुहरूको तानातान, प्रवेशद्वारमा शरीर लिलामी, रछ्यानमा रहेका जुठो धोइपखाली खाएका गरीब भिखारीहरू, मान्छेको भिडभाड र फोहोर, लुच्चा गुण्डाहरूको बिगबिगी, ट्राफिक जाम, मान्छेले घोडा भई तानेको रिक्सा देख्दा भने उनलाई विक्षिप्त पारेका कुराहरूबारे चर्चा गरिएको छ ।

## ४.२.२.३१ कार्लमार्क्स अहिले नेपाल आउँथे भने खानु गोदाइ खान्थे (पृ. ९५-९६)

*कार्लमार्क्स अहिले नेपाल आउँथे भने खानु गोदाइ खान्थे* निबन्धकारको एक्लै घोरिएर बस्दाको मानसिक सोचाइका रूपमा आएका विषयवस्तु हुन् । मार्क्सले मुलुकमा एउटा मात्र सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने पार्टी हुन्छ भनेका थिए तर नेपालमा खुलेका कम्युनिष्ट पार्टीहरू धेरै भएको हुनाले मार्क्सको विचार एवं सिद्धान्त विपरीत भएकोप्रति व्यङ्ग्य गरेका छन् । यहाँ निबन्धकारले एउटै कम्युनिष्ट हुन छाडेर विभिन्न टुक्रामा विभाजित कम्युनिष्टहरूले आ-आफ्नो क्षेत्रतर्फ मार्क्सलाई लैजान्थे होलान् भनिएको छ । कसैले रोल्पा, कसैले प्यूठान, कसैले बाग्लुङ त कसैले भक्तपुर लान चाहन्थे तर कार्लमार्क्स भने तानातानमा पर्थे । यहाँका कम्युनिष्टको बकम्फुसे कुराहरूबाट मार्क्स हल्लिँदैनथे अनि मोर्चावालाहरू रिसले चुर भएर मार्क्समाथि हमला गर्न पुग्थे । विचरा मार्क्सले खानु गोदाइ खान्थे भनी व्यङ्ग्यात्मक शैलीमा निबन्धलाई प्रस्तुत गरेका छन् ।

यसरी उनको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहलाई केलाउँदा यात्राको क्रममा कुनै राजनीतिक कार्यको शीलशीलामा देखे भोगेका अनुभव गरिएका विषयसँग सम्बन्धित छ भने कुनै सामाजिक, ऐतिहासिक, धार्मिक एवं पुरातात्त्विक विषयसँग यो निबन्ध सम्बन्धित छ ।

## ४.२.३ भाषाशैली

डी.आर. पोखरेलको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरूमा प्रयोग गरिएका भाषाशैली सरल, सहज एवं सरस किसिमको छ । उनको निबन्धमा नेपाली उखान, हिन्दी र अङ्ग्रेजी भाषा, धर्मसंस्कृतिसँग सम्बद्ध गीतहरू चुड्का भजनहरूको प्रयोगले गर्दा निबन्ध थप आकर्षक बनेको निबन्धको अध्ययनबाट अवगत हुन्छ ।

पोखरेलले **खुला आकाशतर्फ** शीर्षकको निबन्ध *लोकभाका घन्किन छाडेछ मेरो गाउँमा* प्रयोग गरेको एक सबाई भ्याउरे छन्दको नमूना-

यो रुम्जाटारको कोदाको पीठो निर्गुणको दाउन

धर्म र कर्म गुरुङले गऱ्यो छक्क पऱ्यो बाहुन । (पृ. १६)

यात्रा, संस्मरण एवं नियात्राको रूपमा देखा परेको यस निबन्धबाट पाठकहरूमा जिज्ञासा, कौतुहलता एवम् उत्साह जागृत गर्नमा मद्दत पुऱ्याउँछ । एउटा नमुना- 'चूर्णीभूत भएको पदार्थ यदि स्थूलबाट सूक्ष्मतामा यात्रा गरिरहेको हो भने सूक्ष्म चेतना स्थूलीभूत हुँदै पदार्थतिर यात्रा गर्न सक्छ कि सक्दैन ?' (पृ. ५३)

डी.आर. पोखरेलका शैलीलाई हेर्दा आफूले देखेका, अनुभव गरेका सम्पूर्ण विवरणहरूलाई जस्ताको तस्तै रूपमा द्रुततर गतिमा कलम चलाएका छन् भने आफ्ना निबन्धका अधिकांश शीर्षकमा मनमा लागेका भावना एवं विचारलाई प्रश्नोत्तर शैलीमा सलल बगाएका छन् । यसै गरी स-साना घटना वा प्रसङ्गलाई पनि विशाल रूप दिई जीवन र जगत्को खोजीनीति गर्ने प्रयास गरेका छन् ।

डी.आर.को अभिव्यक्ति कलाको सबभन्दा सुन्दर पक्ष हो- भाषिक सरलता । गाउँघरका मीठा चलनचल्तीका स्तरीय शब्द र केही ठेट नेपाली एवम् आगन्तुक हिन्दी अङ्ग्रेजी शब्द प्रयोगद्वारा आफ्नो अभिव्यक्ति थोरै शब्दमा चोटिलो किसिमले प्रकट गर्न सक्नु पाठकका लागि संवेद्य कुरा हो । अझ अभिव्यञ्जना र लक्षणाका झन्झटबाट मुक्त भई अभिधावृत्तिबाटै गहन विषयको परिचय दिन सक्नु पनि सरल शैलीको विशेषता हो । वस्तुतः **खुला आकाशतर्फ**को भाषामा पाइने मिठास र लचक दुवैले परिपूर्ण भएका यी लेखहरू सामान्यदेखि बौद्धिक पाठकसम्मका खुराक बन्न सक्छन् ।[२] भाषिक सरलता र विषयको स्पष्ट प्रस्तुति डी.आर. पोखरेलको मूल विशेषता हो ।[३]

शैलीलाई हेर्दा लेखकको कलम साह्रै द्रुततर गतिमा बढ्ने गरेको देखिन्छ । मनको भावना र विचारलाई जस्ताको तस्तै खरर लिपिबद्ध गर्ने लेखकको स्वभाव देखापर्छ ।[४]

---

[२] नारायणप्रसाद खनाल, *खुला आकाशतर्फलाई खुल्लमखुला शुभकामना,* **खुला आकाशतर्फ,** डी.आर. पोखरेल, चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. ज ।

[३] भवनाथ सडौला, *खुला आकाशतर्फ : एक समीक्षा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ७१ ।

[४] हरिबहादुर श्रेष्ठ, *खुला आकाशतर्फबारे,* **खुला आकाशतर्फ,** डी.आर. पोखरेल, चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. घ ।

प्राप्त तथ्यलाई समसामयिक सन्दर्भ प्रदान गर्ने क्रममा दर्शनको जलप लगाएर प्रस्तुत गरिएका निबन्धहरू ज्ञानमूलक, सूचनामूलकक र संचेतनामूलक रहेका छन् ।[५] यथार्थको प्रस्तुतिमा पनि पोखरेलको अभिव्यक्ति कला सहजै हृदयस्पर्श गर्ने खालको छ ।[६] प्रायः सबै निबन्धहरूमा प्रयोग भएका शब्दहरू सरल र स्वाभाविक देखिन्छन् ।[७]

यसरी उनका गद्य शैलीमा प्रस्तुत गरिएका निबन्धहरूमा सरल, सहज एवं सन्तुलित शब्दहरूको समन्वय भई पाठकहरूलाई पठनीय बनाएको छ । कुनै स्थान अनि त्यस वरपरका दृश्यहरूलाई सुन्दर तरिकाले भाषाशैली मिलाई आस्वादन गराएका छन् । कुनै पनि विषयवस्तुमा रहेर आफ्ना विचार तथा भावानुभूतिलाई अत्यन्त उच्च कलात्मक शैलीले प्रस्तुत गरेको हुँदा निबन्धले पाठकमा छुट्टै प्रभाव छोडेको छ । विषय प्रस्तुतिका आधारमा संस्मरणात्मक शैली र भाषा प्रयोगका आधारमा सरल शैली अपनाइएको छ भने यात्राको क्रममा गफगाफको भाषाले पनि यस निबन्धको आकर्षण थप्नमा मद्दत गरेको छ ।

## ४.२.४ चिन्तन र विचारधारा

डी.आर. पोखरेल नेपाली साहित्यका क्षेत्रमा बहुमुखी प्रतिमा मानिन्छन् उनी मूलतः समालोचक हुन् तैपनि समालोचनाको सीमित घेरामा आफू सीमित नभई साहित्यका विविध विधाहरूमा कलम चलाएका छन् । यिनै मध्ये **खुला आकाशतर्फ** संस्मरणत्मक निबन्ध पनि एउटा हो ।

**खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धमा उनका चिन्तन र विचारधारालाई निम्न बुँदागत आधारमा प्रस्तुत गर्न सकिन्छ :-

क) अग्रजहरूप्रति श्रद्धा र सम्मान गर्नुपर्ने धारणा व्यक्त हुनु ।

ख) साहित्यिक स्रष्टालाई सम्मान तथा पुरस्कारको नाममा आएको विकृति विसङ्गतिप्रति चोटिलो प्रहार गर्दै स्वाभिमानी स्रष्टाको शिर उँचो राख्न जनस्तरबाट साहित्य र कलालाई बचाउनु पर्नेमा जोड दिनु ।

---

[५] धनेश्वर भट्टराई, *संस्कृतिको सेरोफेरोलाई फन्को मार्दा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. २५ ।

[६] गोविन्दराज विनोदी, *डी.आर. पोखरेल : जस्तो मैले चिनें,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ११ ।

[७] विनोद पौडेल, **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्यामपस, चितवन, पृ. १०४ ।

ग)	मानिसमा रहेको अन्तर्निहित प्रतिभा पहिचान गरी अघि बढ्नु पर्छ भन्ने धारणा व्यक्त हुनु ।

घ)	सामाजिक कुसंस्कार, कुरीति, अन्धविश्वास, अन्धपरम्परा आदि अटाई सुसभ्य सुसंस्कृत समाजको परिकल्पना गर्नु ।

ङ)	समाजमा सांस्कृतिक धरोहरको रूपमा रहेको सांस्कृतिक पर्व, परम्परालाई जोगाउँदै लैजानुपर्ने विचार व्यक्त हुनु ।

च)	देशको धार्मिक, ऐतिहासिक, पुरातात्त्विक, सामाजिक, सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण स्थलबारे जानकारी दिनु ।

छ)	लिङ्ग, जाति, वर्ण, धर्म, क्षेत्र र संस्कार भेदभावका विपक्षमा समाजमा जागरण ल्याउनेतर्फ अग्रसर हुनु ।

ज)	देशभित्रका विभिन्न जातजातिका भाषा, धर्म, संस्कृतिको समन्वय गराएर राष्ट्रिय संस्कृतिको निर्माण एवम् उत्थान गर्ने सोच पाइनु ।

झ)	देशभक्ति, जातिप्रेम, प्रकृतिप्रेम जस्ता भावना पाइनु ।

ञ)	नारीमाथि हुने शोषण, अन्याय, अत्याचार, हेप्ने प्रवृत्तिको विरोध गर्दै नारी उत्थानको निमित्त आवाज उठाउनु ।

ट)	समाजमा रहेको भेदभावलाई समूल नष्ट गरी अग्रगतिमा समाजको रूपरेखा कोर्नुपर्ने धारणा व्यक्त गर्नु ।

ठ)	राजनैतिक क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा एवम् मनोमानी क्रियाकलापप्रति असन्तुष्टि व्यक्त गर्नु ।

## ४.२.५ निष्कर्ष

डी.आर. पोखरेलको प्रस्तुत निबन्ध **खुला आकाशतर्फ** पाँचौ कृति हो । यस अर्थमा उनले नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाएर नेपाली साहित्यको सेवा गरेका छन् । उनले **खुला आकाशतर्फ** संस्मरणत्मक निबन्धमा आत्मपरक शैलीमा आफ्नो जीवनमा घटेका घटनाको साथै देश विदेशमा आफू भ्रमण गर्दा अवलोकन र अनुभवबाट प्राप्त भएका विषयवस्तुहरूलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । साथै धर्म, संस्कृति र दर्शनसँग सम्बन्धित लेखकका दृष्टिकोणहरूलाई समेत समावेश गरिएको हुनाले बौद्धिक पाठकका

लागि खुराक बन्ने प्रस्ट छ । सामाजिक, धार्मिक, सांस्कृतिक, राजनैतिक आदि क्षेत्रमा देखापरेका विकृति विसङ्गतिको चिरफार गर्दै सुखद भविष्यको कामना गरेका छन् ।

## ४.३ 'संस्कृतिको सेरोफेरो' सांस्कृतिक निबन्धसङ्ग्रहको अध्ययन

निबन्धकार डी.आर. पोखरेलको वि.सं. २०६४ मा प्रकाशित **संस्कृतिको सेरोफेरो** सांस्कृतिक निबन्धसङ्ग्रह नेपाली समाजमा रहेको विकृति-विसङ्गतिलाई केलाउँदै स्वच्छ, सभ्य एवं सुसंस्कृत समाजको परिकल्पनाको रूपमा प्रस्तुत भएको छ ।

### ४.३.१ परिचय

डी.आर. पोखरेल नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाउने साहित्यकार हुन् । उनी नेपाली संस्कृति सम्पदाको अध्ययनतर्फ लागी त्यसभित्र रहेको विकृति विसङ्गतिलाई हटाएर सुसभ्य एवम् सुसंस्कृतिमूलक आदर्श समाज निर्माण गर्ने उद्देश्यले कृति मार्फत आफ्ना धारणाहरू प्रस्तुत गरेका छन् । **हाम्रो सिर्जना** त्रैमासिक पत्रिकाका निमित्त बाबुराम पाण्डेद्वारा मिति २०६४ साल पौष २८ गते प्रकाशनमा ल्याइएको **संस्कृतिको सेरोफेरो** कृतिमा लेखक पोखरेलले मुख्य गरी आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक विषयवस्तुसँग संस्कृतिलाई जोडेर त्यसलाई केलाउने प्रयास गरेका छन् । प्रस्तुत कृतिमा प्रकाशित १८ वटा सांस्कृतिक निबन्धहरूमा प्रथम रचना *संस्कृतिका विचित्र अभिव्यक्तिहरू* हो भने अन्तिम लेखको रूपमा *अब सांस्कृतिक क्रान्तिको पालो* हो । दशै, तिहार जस्ता चाडपर्व राशिफल, गोत्र र गणचिह्न लगायत पार्टी संस्कृतिका भित्री रहस्यलाई खोतलखातल पार्ने प्रयास कृतिमा गरिएको छ ।

### ४.३.२ संरचना

**संस्कृतिको सेरोफेरो** कृतिको बाहिरी आवरणको प्रथम भागमै हेनरी मनिस्सेको विश्वप्रसिद्ध कलाकृति 'नृत्य' को कल्पनामा आधारित नृत्यको चित्र दिइएको हुँदा आवरणले नै यो कृति संस्कृतिसँग सम्बन्धित रहेको प्रस्ट हुन्छ । **संस्कृतिको सेरोफेरो** कृतिको शीर्षकबाट नै यस कृतिभित्रका शीर्षक अनुसारका विषयवस्तुहरू संस्कृतिका विविध पक्षका बारेमा व्याख्या विश्लेषण गरिएको अनुमान लगाउन सकिन्छ । पुस्तकको पछिल्लो बाहिरी पृष्ठको बाँयापट्टि डी.आर. पोखरेलको तस्वीर र त्यसदेखि मुनिपट्टि क्रमशः उनको जन्ममिति,

जन्मस्थान र हाल बसोवास गरिएको स्थान उनका प्रकाशित कृति र प्रकाशित गरिएको मिति अनि उनले प्राप्त गरेका सम्मान तथा पुरस्कार समेत दिइएको छ । यसै गरी त्यसको दाहिनेपट्टि भागको सबैभन्दा माथि विष्णुप्रसाद घिमिरे र धनेश्वर भट्टराइले डी.आर. पोखरेलको **संस्कृतिको सेरोफेरो** सांस्कृतिक लेखका विषयमा आफ्ना भनाइहरू प्रस्तुत गरेका छन् । यसै गरी पुस्तकको आवरण पृष्ठमुनि भित्रको एक पाना खाली छोडेर अर्को पानाको माथिल्लो स्थानमा लेखकको नाम, पुस्तकको नाम, संस्करण प्रकाशन मिति, प्रकाशन प्रति, कभर डिजाइन, मूल्य, मुद्रक र ISBN नं. दिइएको छ । त्यसपछिको पानामा विष्णुप्रसाद घिमिरेको *भूमिका मन्तव्य* समेटिएको छ । घिमिरेले डी.आर.को पाण्डुलिपि हेर्न र आफ्नो धारण राख्न पाएकोमा खुसी व्यक्त गर्दै विविध जातिको संस्कृतियुक्त नेपालको राष्ट्रिय संस्कृति जस्तै विविध विषयक एवम् संस्कृतिकै अनेक रूपलाई पुस्तकमा प्रस्तुत गराएकाले लेखकबाट मानव समाजका निम्ति मागदर्शन हुने सिर्जनाहरू आइरहून् भन्ने कामना गरिएको छ । पाँचौ पानामा डी.आर. पोखरेलको *प्राक्कथन* रहेको छ । यसमा डी. आर. ले साहित्यसँगै संस्कृतिको समेत अध्ययन गरी संस्कृतिका सबल र दुर्बलपक्ष केलाई यस कृतिलाई तयार पार्न सघाउने सबैप्रति कृतज्ञता प्रकट गरेका छन् भने छैटौँ पानाको पहिलो पृष्ठमा लेखकले आफ्नी बहिनी गीता पोखरेल र उनका जिज्ञासु छोरा निरञ्जन पोखरेलप्रति समर्पणको भावना प्रकट गरेका छन् । यसैको दोस्रो पृष्ठमा बाबुराम पाण्डेले परम्परागत रूपमा चल्दै आएका विकृति र विसङ्गतिहरूलाई वैज्ञानिक रूपमा विकसित गर्दै आधुनिकीकरणतर्फ रूपान्तरित गर्दै लैजानुपर्छ भन्ने मन्तव्य पोखिएको छ । सातौँ पानाको पहिलो पृष्ठमा भने कृतिको नाम, क्र.सं. शीर्षक पृष्ठ नं. दिइएका छन् भने दोश्रो पृष्ठ खाली रहेको छ ।

**संस्कृतिको सेरोफेरो** कृति जम्मा ८६ पृष्ठमा फैलिएको छ भने विशेषतः यो कृतिभित्र अठारवटा सांस्कृतिक लेखहरू समावेश गरिएका छन् । न्यूनतम तीन पृष्ठदेखि अधिकतम आठ पृष्ठसम्म रहेका सांस्कृतिक लेखहरूमध्ये तीन पृष्ठसम्मका लेखका सङ्ख्या तीन चारपृष्ठका लेखका सङख्या सात, पाँच पृष्ठसम्मका लेखका सङ्ख्या तीन, छ पृष्ठसम्मका लेखका सङख्या दुई, सात पृष्ठसम्मका लेखका सङ्ख्या दुई र आठ पृष्ठसम्मका लेखका सङ्ख्या एक गरी जम्मा अठारवटा लेखहरू रहका छन् । संस्कृति सम्बन्धी लेखका शीर्षक, पृष्ठसङ्ख्या, अनुच्छेद सङ्ख्या, पङ्क्ति सङ्ख्या र योजनाका आधारमा प्रस्तुत संस्कृतिसम्बन्धी लेखहरूको संरचनालाई निम्नअनुसार तालिकाद्वारा यसरी देखाउन सकिन्छः-

**संस्कृतिको सेरोफेरो निबन्धसङ्ग्रहमा सङ्गृहीत निबन्धहरू**

**तालिका सङ्ख्या-२**

| क्र.सं | शीर्षक | पृष्ठ सङ्ख्या | अनुच्छेद सङ्ख्या | पङक्ति सङ्ख्या |
|---|---|---|---|---|
| १ | संस्कृतिका विचित्र अभिव्यक्तिहरू | ६ | १४ | १४४ |
| २ | मिथक : हाम्रो सांस्कृतिक चिन्तनको स्रोत | ८ | १५ | २१५ |
| ३ | सांस्कृतिक रूपान्तरणका प्रश्नहरू | ४ | १९ | १२५ |
| ४ | हिंसा र प्रतिहिंसाको नग्न रूप | ५ | १७ | १२० |
| ५ | दिएको खाने अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन | ४ | १३ | १०२ |
| ६ | पुर्खौली संस्कृतिको नमूनाः गोत्र र गणचिह्न | ७ | १४ | १७७ |
| ७ | दीपावलीको सांस्कृतिक पृष्ठभूमि | ४ | १३ | १११ |
| ८ | दशै : शक्तिपूजाको अनुपम उदाहरण | ६ | १५ | १६३ |
| ९ | आर्यजातिको सम्झनामा | ३ | ८ | ८१ |
| १० | सांस्कृतिक रूपान्तरणको प्रसङ्ग | ५ | २२ | १५८ |
| ११ | भित्ताहरू गरीबका छापाखाना हुन् | ४ | २० | १२४ |
| १२ | राशिफलः रामभरोसे संस्कृतिको उपज | ७ | १५ | १०९ |
| १३ | के हो संस्कृति र सांस्कृतिक क्रान्ति भनेको | ४ | ११ | ११८ |
| १४ | गणतन्त्र र गणतान्त्रिक संस्कृति | ४ | १४ | ११४ |
| १५ | पार्टी संस्कृति | ३ | १४ | ९६ |
| १६ | लोकभाका घन्किन छाडेकै हो त | ५ | १७ | १४७ |
| १७ | दशैंको महत्त्व : एक छलफल | ३ | ११ | ७८ |
| १८ | अब सांस्कृतिक क्रान्तिको पालो | ४ | १९ | १२२ |

## ४.३.२ विषयवस्तु

**संस्कृतिको सेरोफेरो** सांस्कृतिक विषयसँग सम्बन्धित लेखहरूको सङ्ग्रह हो । यस कृतिमा मानवलाई सिर्जनाको स्रोत अनि संस्कृतिको रूपमा लिइएको छ । नेपालीहरूको परम्परागत रूपमा चलि अएका चापर्वहरू, संस्कार एवम् राजनीति धर्मका नाममा देखिएका विकृति विसङ्गतिलाई यस कृतिमा प्रस्तुत गर्दै जीवनमूल्यको बोध गराइएको छ । साथै सामन्तवादी सोच अनि प्रतिगामी विचारहरू अनि रुढीवादी चिन्तनहरूलाई आमूल परिवर्तन

गरी सुसभ्य संस्कृति एवम् असल समाज निमार्ण गर्नतर्फ कृति केन्द्रित भएको छ । कृतिमा समावेश भएका प्रत्येक लेख-रचनाको अध्ययन निम्न अनुसार गर्न सकिन्छ ।

### ४.३.२.१ संस्कृतिका विचित्र अभिव्यक्तिहरू

**संस्कृतिको सेरोफेरो** कृतिमा समावेश भएका १८ वटा सांस्कृतिक लेखहरूमध्ये संस्कृतिका विचित्र अभिव्यक्तिहरू पहिलो सांस्कृतिक लेखको रूपमा रहेको छ । यस लेखमा डी.आर. पोखरेलले संस्कृतिको परिचय दिनुका साथै मानव जातिको विकासदेखिका संस्कृति सभ्यताको व्यापक चर्चा गरेका छन् । यसै गरी मातृसत्तात्मक युगतर्फ यसको परम्परागत रहन सहन, चालचलन, संस्कारलाई उठाउँदै प्राचीन नेपाली संस्कृतिलाई बुझाउन विभिन्न सांस्कृतिक इतिहासको सन्दर्भ कोट्याइएको छ । किराँत, भू-मध्यसागरीय जाति, द्रविड, मङ्गोल, आर्यहरूको सांस्कृतिक योगदान, थारु संस्कृति र तिनका गणचिह्नबारे पनि उल्लेख गरिएको छ । नयाँ पुरानो संस्कृतिको बारेमा तुलना गर्दै लेखकले पुरानो संस्कृतिलाई फ्याँक्न नयाँले बल प्रयोग अर्थात् सङ्घर्ष गर्नुपर्ने हुन्छ भन्ने धारणा अघि सारेका छन् ।

### ४.३.२.२ मिथक : हाम्रो सांस्कृतिक चिन्तनको स्रोत ?

पोखरेलले कपोलकल्पनामा आधारित मिथक आदिम मनको सृष्टिलाई लिदैं हाम्रो पूर्वजहरूले प्रकृति, मानव समुदाय र मनभित्रका विचित्र खेलहरूबाट प्रभावित भएर तिनको स्पष्टीकरण, सामान्यीकरणको क्रममा मिथकलाई जन्म दिएको विषयसँग प्रस्तुत शीर्षकलाई सम्बन्धित बनाएका छन् । साहित्य, धर्म, दर्शन, इतिहास संस्कृति लगायत जीवनका विविध क्षेत्रमा विकास विस्तार भएका चाड-पर्वहरू, रीतिरिवाजहरू, सोच-विचारहरू मिथकीय छन् । महाभारतका तिलस्मी कथा, चराचर, पशुपक्षी, जीव-निर्जीव, धर्मशास्त्रमा वर्णित ईश्वरीय क्रियाकलाप पनि मिथकीय सोचकै अभिव्यक्ति हो । पूर्व र पश्चिममा धेरैजसोको देवीदेवता, वीरपुरुष, स्मृति-प्रतीकहरू हुन् या टुँडालहरूमा अलौकिक वीरको मूर्ति कुँदिएको र वर्णन गरिएको पाइन्छ । अवतार, प्रतीकात्मक चित्रलाई ईश्वरीय तत्त्व वा अलौकिक तत्त्वको अस्तित्वलाई मिथकले स्थापित गरिएको विषयलाई लेखकले यहाँ उठाएका छन् । यसका साथै मानिसले गरेको अद्भुत कल्पना अनि जीवन-जगत्का अनगिन्ती वस्तु र घटनालाई बुझ्ने क्रममा मिथकको जन्म भएको कुरा उल्लेख गरेका छन् तर मिथक धर्मको मेरुदण्ड, जीवनदृष्टि, रसमय र रोमाञ्चित हुँदाहुँदै गलत धारणा समेटिएका कारण वैज्ञानिक

दृष्टिकोणमा भयङ्कर अवरोध पुऱ्याएकोले यसका सोद्देश्य खोजी गर्नु जरुरी छ भनी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् ।

### ४.३.२.३ सांस्कृतिक रूपान्तरणका प्रश्नहरू

कार्लमार्क्सको भनाइबाट थालनी भएको 'सांस्कृतिक रूपान्तरणका प्रश्नहरू' सांस्कृतिक लेख डी.आर. पोखरेलको चेतनशील मनस्थितिको उपजको रूपमा मान्न सकिन्छ । समाज बदल्न चाहने, समाजलाई अग्रगति एवम् समाजको सांस्कृतिक रूपान्तरणको निम्ति सामाजिक आन्दोलन गर्न चाहने आदर्शको कुरा गर्ने नेतृत्ववर्ग सबैभन्दा पहिले आफै ठीक हुनु जरुरी हुन्छ नत्र ढोँगी हुन्छ भन्ने विचार प्रकट गरिएको छ । भ्रष्ट क्रियाकलाप गर्ने, निजी स्वार्थमा डुब्ने, राम्राभन्दा हाम्रा मान्छे खोज्ने, अकूत धनसम्पत्ति जोड्ने, सर्वहारा पर्टीमा समावेश हुने, पद, पैसा र शक्तिको आडमा जे गर्न पनि पछि नपर्ने आजको खराब संस्कृति मौलाइरहेको परिप्रेक्ष्यलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् । राष्ट्र र जनतालाई सर्वोपरि ठानेर विवेकपूर्ण न्यायपूर्ण, इमान्दार भई काम गर्नुपर्ने कथित क्रान्तिकारी व्यक्तिहरू दिनप्रतिदिन हठी, दम्मी, उग्र स्वार्थी हुँदै गएको संस्कृतितर्फ इङ्गित गरेको छ । समाजमा जातभात, छुवाछुत, नारीप्रतिको परम्परावादी सोच नत्यागेसम्म सुन्दर समाजको परिकल्पना गर्न नसकिने हुँदा आफूलाई सच्चा देखाउन उच्च संस्कृति अनुकूल रूपान्तरण गर्ने प्रक्रिया थालनी गर्नुपर्छ भन्ने यसको सन्देश रहेको छ ।

### ४.३.२.४ हिंसा र प्रतिहिंसाको नग्न नृत्य

हिंसा र प्रतिहिंसाको परिभाषाबाट थालनी गरिएको *हिंसा र प्रतिहिंसाको नग्न नृत्य* मानिस मानिसका बीचको पारस्परिक स्वार्थका कारणले सृजित वीभत्स घटनाको रूपमा लिन सकिन्छ । क्रान्तिकारिताको नाउँमा आपराधिक क्रियाकलापको उनले भण्डाफोर गर्दै शान्तिपूर्वक बस्न चाहने मानिसहरूलाई विकेकी, मानवीय व्यवहार गर्नुपर्नेमा यसको विपरीत बन्दुकको निसाना बनाउने कार्यबाट के यसलाई जनहित, क्रान्ति, सामाजिक, न्याय भन्न सकिन्छ भनी प्रश्न गर्दछन् । हतियारधारी दुवै पक्षबीच भएको युद्ध वा पारस्परिक हिंसाको रणनीति नै एकले अर्केलाई स्वाहा पार्ने हो भनी बताएका छन् । विगतमा धर्मको नाममा आस्था र विश्वासको नाममा मानिसहरूलाई धर्मरक्षाका निम्ति भन्दै जिउँदै स्वास्नीमान्छेलाई जलाउने, दासलाई मौलामा बाँधी काट्ने, नरबली दिने चरम अन्याय

अत्याचार गर्ने गरिन्थ्यो भने अहिले पनि त्यही गढीमाईको मेलामा हिंसाको रूपहरू देख्न सकिन्छ भनी चर्चा गरेका छन् । मानिसमा रहेको विवेक र सहजवृत्तिले शान्ति र हिंसालाई निर्देशित गर्ने हुनाले मानिसले आफूलाई पशुजगत्बाट अलग्याउँदै सांस्कृतिक वैचारिक स्तरलाई निरन्तर परिमार्जित गर्दै अगाडि बढेमा जङ्गलीवृत्तिहरूलाई हटाउन र सहजवृत्तिलाई विवेकमा फेर्न सकिन्छ भन्ने सन्देशलाई भारतका महात्मा गान्धी, शिवदास घोष अनि चिन्तक श्री अरविन्द घोषलाई उभ्याएर पुष्टि गर्ने प्रयास गरेका छन् ।

## ४.३.२.५ दिएको खाने, अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन

नेपालीहरूले पढेर शिक्षित भई आफ्नै खुट्टामा उभिनुको गर्व गर्नुभन्दा लाहुरेको संस्कृतिमा अरू कसैले दिएको र अह्राएको काम गर्ने यथार्थतालाई *दिएको खाने, अह्राएको गर्ने हरूको सांस्कृतिक उचाइ हुँदैन* भन्ने शीर्षकमा प्रस्तुत गरेका छन् । देशभित्रका भारदार हुन् या परिवर्तनको नाममा खोलिएका सङ्गठनहरू चाहे देशबाहिरका अंग्रेजहरू नै हुन् उनीहरूको शक्तिमुखी सेनामुखी जनमानसले गर्दा शारीरिकरूपले बलिष्ठ युवाहरूमा दिइएको खाने, अह्राएको गर्ने मनोवृत्तिले काम गरेको देखिन्छ भन्दछन् । साथै उनले राष्ट्रको लागि केही गर्ने राष्ट्रवादी राजाको रूपमा पृथ्वीनारायण शाहलाई लिँदै उनको राष्ट्रभक्ति देखेर प्रभावित भएको तर त्यसपछि दरबारभित्र हुर्किएको भ्रष्ट्राचार, लुटतन्त्र, षड्यन्त्रको पराकाष्ठा स्वरूप देखापरेको खराब संस्कृति र दर्शन कहीँ कतै नपाएको अनि विकृति विसङ्गतिको रूपमा हुर्किएको शक्तिमुखी, केन्द्रमुखी हाम्रो देशको राष्ट्रिय संस्कृतिले देशलाई ह्रासन्मुख बनाएको तर्फ सङ्केत गरेका छन् । चाहे त्यो पार्टी संस्कृतिभित्र हुर्किरहेका नकारात्मक प्रवृत्ति नै किन नहोओस् । यी सबै कुरालाई विचार गर्दा लेखकले सबै पक्षमा खराब देख्दैनन् । यो विसङ्गति अव्यवस्थालाई सांस्कृतिक-वैचारीक मानवीय रूपान्तरणले घनघोर अँध्यारोलाई उज्यालो फेर्न सक्छ भनी आशावादी बनेका छन् ।

## ४.३.२.६ पुर्ख्यौली संस्कृतिको नमूना गोत्र र गणचिह्न

डी.आर. पोखरेलले *पुर्ख्यौली संस्कृतिको नमूना गोत्र र गणचिन्ह*मा अहिले जस्तो राज्य, परिवार र नीति सम्पत्तिको अस्तित्व नरहेको ऐतिहासिक कालमा गोत्र व्यवस्था वा टोटेमवाद नै सामाजिक व्यवस्था थियो भन्दै २०४६ सालपछि यसको व्यवस्थापन गर्नतर्फ लागेकोमा लेखकले विभिन्न आधारहरू देखाई पुष्टि गर्ने प्रयास गरेका छन् । लेखकले मातृसत्तात्मक युगका गोत्रहरू र पितृसत्तात्मक गोत्रबीच भिन्नता देखाउँदै मातृसत्तात्मक

युगमा गोत्रहरू पशुपन्छी, वनस्पतिलाई पुर्खा मानिने, छोरीहरू आमाका उत्तराधिकारी हुने, छोराहरूलाई बिहे गरेर स्वास्नीमान्छेका घरमा लैजाने, गोत्रभित्र विवाहको इजाजत नहुने, समुदायका साझा वस्तुमा छोरीको हक, भूमिमाथि गोत्रको सामुदायिक स्वामित्व आदि हुन्थ्यो भने पितृसत्तात्मक गोत्रमा अंशमा छोरीको हक नहुने, सम्पतिमाथि पुरुषको एकलौटी अधिकार नारीको थरबाट वंश नचल्ने, नारीलाई आर्थिक अधिकार नदिइने जस्ता विशेषता उल्लेख भएको पाइन्छ । साथै मातृसत्तात्मक समाजमा म र मेरो अस्तित्व नभई हामी र हाम्रो भावनाको संस्कृति थियो भन्दै गाणचिह्नका बारेमा पनि आधार सहित प्रष्ट्याइएको छ । त्यसबेलाको संस्कृति अनुसार गरिने कार्यहरूमा गर्न हुने/नहुने, खान हुने/नहुने पवित्रता/अपवित्रता, पुण्यबोध/पापबोध समेतको चर्चा गरिएको छ । हिजोको अवस्थामा र आजको अवस्थाको तुलना गर्दै लेखकले आजको मानिसमा आएको नितान्त व्यक्तिवादी, निराशा एवम् हताश मनस्थिति यसैको परिणाम हो भनी देखाउन खोजेका छन् ।

### ४.३.२.७ दीपावलीको सांस्कृतिक पृष्ठभूमि

डी.आर. पोखरेलले *दीपावलीको सांस्कृतिक पृष्ठभूमि*मा नेपाली सांस्कृतिक ढुकढुकीमा रहेको हिन्दुहरूको दोस्रो महान् पर्व दीपावली (तिहार) को महिमाबारे बताइएका छन् । दीपावलीको पर्व सम्बन्धमा भिन्नभिन्न विद्वान्हरूले गरेका अभिव्यक्तिप्रति वास्तविक कुराको खोजी गर्ने वैज्ञानिक खोज, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गर्नुपर्ने कुरा औँल्याइएको छ । त्यस्तै देवता र दानवबीचका विवादास्पद भनाइलाई उनले प्रस्ट्याएका छन् भने लक्ष्मीपूजा हुने र देउसीभैलो खेलिने परम्परालाई समेत उजागर गरेका छन् । परम्परागत रूपमा चलनचल्तीमा आएको तिहार जस्तै चाडपर्वहरूको वैज्ञानिक विश्लेषण आवश्यक छ भन्दै लोक-संस्कृतिको संरक्षणतर्फ आवाज उठाएका छन् । त्यस्तै यस्ता चाडपर्वहरूको अवमूल्यन हुन नदिन लोकसंस्कृतिको दुरुपयोग गर्न नदिन ठग्ने प्रवृत्तिलाई हटाउन अनि बाहिरी तडक-भडक, भड्किला कुराहरू फस्टाउन नपाओस् भनी सजग र सतर्क बन्नुपर्ने सन्देश दिनुपर्ने धारणा समेत व्यक्त गर्दछन् ।

### ४.३.२.८ दशैँ शक्तिपूजाको अनुपम उदाहरण

डी.आर. ले दशैँ *शक्तिपूजाको अनुपम उदाहरण*मा दशैको परिचय दिदै मातृपक्षको श्रद्धा र स्मृतिसहित महामाता दुर्गाको अदभ्य साहस, वीरता र सौर्य अर्थात् शक्ति पूजाको

अनुपम उदाहरण बोकेर अति प्राचीनकालदेखि विभिन्न धर्म, सम्प्रदाय, विचार, भावना र व्यवहारको समन्वयात्मक पर्वको रूपमा दशैँलाई लिइएको धारणा अभिव्यक्त भएको छ । यसले मातृसत्तात्मक अवस्थाका नारीहरूको गरिमालाई जनाउने, नारी शक्तिको प्रशंसा गर्ने संस्कृतिलाई बढावा दिएको छ भन्दै दशैँलाई किराँतले द्रविडहरूमाथि विजय पाएसँगै मनाउन थालिएको परम्पराको रूपमा लिइएको छ । यसै गरी दुर्गामाताले राक्षस अर्थात् शत्रुमाथि विजय हाँसिलको क्रममा गरिएका वर्णनहरू अनि रातो टिकाको अर्थलाई अर्थ्याउने प्रयास गरिएको छ भने दशैँमा दिइएको पशुबलीले प्राचीन अश्वमेधयज्ञको सम्झना दिलाएको प्रसङ्ग उल्लेख गरेका छन् । दशैँ आजको जस्तो कर्मकाण्डमा आधारित हुनुभन्दा अघि पशुबलीमा खरो उत्रने क्रममा तालिम र उत्सवको रूपमा मनाउने कुरा व्यक्त भएको छ । त्यस्तै दशैँलाई सम्झना गर्ने क्रममा विभिन्न जातजाति तथा धर्म मनाउनेहरूले आफ्नो तरिकाले मनाएकोतर्फ उल्लेख गर्दै सबै जातजाति, वर्ण, धर्म, वर्ग, संस्कृतिलाई एउटै पर्वले समेटेर सबैको साझा र सिङ्गो राष्ट्रिय संस्कृतिभित्र अटाउन प्रयत्न गर्नुपर्ने धारणा प्रस्तुत गरेका छन् ।

## ४.३.२.९ आर्य जातिको सम्झनामा

डी.आर. पोखरेलको *आर्य जातिको सम्झनामा* शीर्षक सांस्कृतिक लेखमा आर्यहरू र तिनका उत्पत्ति सम्बन्धमा जिज्ञासा राख्दै तिनीहरूको खोजीको विषय बनाएका छन् । मानवजातिको सभ्यताको थलो 'मेसोपोटामिया'लाई सम्झँदै उनले सप्तसिन्धुसम्म आइपुग्दा आर्यजत्थाको नेतृत्व माताले नै गर्ने गरेको पछि सिन्धुबासीलाई असभ्य आर्यले हराउँदा माताहरूको शक्ति खस्कन गई पितृसत्तामा प्रवेश गरेको प्रसङ्ग उल्लेख गरिएको छ । आर्यजातिका सम्बन्धमा विद्वान् एवम् प्रतिष्ठित लेखकहरूका पुस्तकहरू आफूले अध्ययन गरेको तर यस जातिको साङ्गोपाङ्गो परिचयको जिज्ञासु रहिरहेको उनले यसमा व्यक्त गरेका छन् । साथै आर्यजातिहरूको सम्बन्धमा विभिन्न प्रश्नहरू राख्दै आजसम्मको मानव सभ्यता र सिर्जनशीलतालाई हेर्दा आर्यहरूको काव्यिक उडानको प्रशंसा गरेका छन् । आफूले पूर्वजहरूका श्रेष्ठ कार्यहरू एवम् सिर्जनशीलताको लेखोटको रूपमा प्रस्तुत गर्न पाउँदा गौरव अनुभूति गरेका छन् ।

## ४.३.२.१० सांस्कृतिक रूपान्तरणको प्रसङ्ग

मानव समाजको परिचायकको रूपमा रहेको सुसंस्कृतिले मानव समाजलाई असल एवम् सभ्य बनाउँछ तर समाजका अग्रजहरू दिशाहीन भएमा समाज अनि राष्ट्रले कोल्टो

फेर्न सक्दैन भन्ने कुरालाई आधारमा डी.आर. को *सांस्कृतिक रूपान्तरणको प्रसङ्ग* उल्लिखित छ । उनले यस लेखमा मानव संस्कृतिलाई सामाजिक एवम् राजनीतिले प्रभाव पार्ने हुनाले समाज एवम् राष्ट्रका ठूला समाजसेवी एवम् राजनीतिज्ञले देखाएको दोहोरो चरित्र एवम् काम गर्ने शैलीलाई उठान गरेको छ साथै पुरानै संस्कृतिमा घुमिरहेको देख्दा आक्रोश प्रकट गर्दछन् । समाज अहिलेसम्म पनि पुरानो धार्मिक सामन्ती-संस्कृतिको लिकबाट हिँडेको हुनाले 'बसुधैव कुटुम्बकम्' को संस्कृति अपनाएर परिवर्तनमुखी, अग्रगामी जनमुखी-वैज्ञानिक र सिर्जनामुखी संस्कृतितर्फ लागौँ भन्ने लेखकको आग्रह छ । शिक्षाको कमी, ध्वंस मच्चाउने, ज्ञान नभएका भिन्दाभिन्दै मानिसहरूका आ-आफ्नो सोच एवम् बुझाइले संस्कृतिको उचित अध्ययन र विश्लेषण नभएको तर्क लेखकले व्यक्त गरेका छन् । आदर्शपक्ष, नीति-नैतिकताको पक्ष, सहनशीलता, धैर्य, अध्ययनशीलता, इमान्दारीपन एवम् राष्ट्रलाई उन्नति एवम् समृद्धिको मार्गतर्फ अघि बढाउने आशा एवम् विश्वास लेखकले गरेका छन् ।

### ४.३.२.११ भित्ताहरू गरिबका छापाखाना हुन्

ल्याटिन अमेरिकी देश उरुग्वेका प्रख्यात लेखक एडवार्डो गालिमानोको भनाइलाई डी.आर. ले आफ्नो शीर्षक ठानेका छन् । उनले गरिब र धनी या मालिक बीचमा तुलना गर्दै स्वामित्वको विषयमा भिन्दाभिन्दै दृष्टिकोण प्रस्तुत गरेका छन् । युगौँदेखी परम्परागत आग्रहमा जकडिएको हुनाले गरिब वर्गले वैचारिक एवम् सांस्कृतिक रूपले सक्षम भइनसकेको हुनाले युगलाइ हाँक्न नसकिरहेको तर्क उनी गर्दछन् त्यस्तै संस्कृतिको विश्वमान चित्रमा धेरै होचो भएर विकसित देशहरूबाट विकृति र विसङ्गति हाम्रो देशमा भित्रिएर मौलिकता दिनप्रतिदिन गुमाउँदै गएको प्रति लेखकले ध्यानआकर्षण गराएका छन् । गरीब देशका भित्ताहरू ठूला देशका आर्थिक, व्यापारिक विज्ञापनले रङ्गिएका छन् भन्दै धर्मको नाममा नेपाली महिलाहरूले देखाएको अन्धोपनप्रति चकित परेको बताएका छन् । सञ्चारको क्षेत्रमा धनीवर्गको प्रवेश अनि रजाइँ चलिरहेको हुनाले गरिबका लागि सञ्चारका क्षेत्र भनेको सहरबजारका भित्ताहरू हुन् र यसै भित्तामार्फत् हाल समाज अनि राष्ट्रमा देखापरेका विकृति-विसङ्गतिको संस्कृति विरुद्ध न्यायपूर्ण लडाइँको शङ्खघोष गर्ने लेखकको रहर बनेको छ ।

### ४.३.२.१२ राशिफल : रामभरोसे संस्कृतिको उपज

आफ्नो कर्ममा अडिग नरहने, विचारहीन विश्वास गर्ने परिपाटीको विकास भएको हाम्रो जस्तो समाजमा परम्परागत ढङ्गका पण्डा-पुजारी, पुरोहित, ज्योतिष, धामी-झाँक्री,

तीर्थयात्री त राशिफलमा विश्वास गर्छन् नै त्यसमा पनि शिक्षित एवम् सञ्चार साधन विचार जगत् जातजातीका समूहहरू समेत राशिफलतर्फ आकर्षित भएकोतर्फ *राशिफल: रामभरोसे संस्कृतिको उपज*मा लेखकले आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । वास्तवमा अहिलेको युग वैज्ञानिक युग भएकोले विज्ञानले गरेका उपलब्धिलाई महत्त्वपूर्ण ठानी त्यसका प्रमाणलाई आधार मानेर अघि बढ्नु पर्नेमा राशिफलकै धन्दामा लागी वेअर्थको जन्म पत्रिकामा मान्छे अल्झेको देख्दा लेखक आश्चर्य प्रकट गर्दछन् । साथै राशीफल घडी, पल इत्यादिको बारेमा प्राचीन समयमा बनाइएका आधारलाइ पस्किँदै लेखकले चन्द्रमा र मङ्गलमा मानववस्ती बसाल्ने तयारी भइरहेका वेला ज्योतिष विद्यामा लागी मानिसलाई उल्लु बनाउन भ्रमपूर्ण यात्रा गरिरहेको उनले ठहर गरेका छन् । यस्तै हिजो र आजको समयलाई तुलना गर्दै लेखकले राम्रो र असल भए उसको लागि राशिफल ज्योतिष केही नचाहिने र खराब संस्कारमा व्यक्तिहरूले राशिफललाई रक्षाकवच वनाएको संस्कृतिप्रति लेखकले लेखनीको मुख्य विषय बनाएका छन् ।

## ४.३.२.१३ केही संस्कृति र सांस्कृतिक क्रान्ति भनेको ?

डी.आर. पोखरेलले प्रस्तुत शीर्षकमा सांस्कृतिको परिचय दिनुका साथै पार्टीका नेताहरूमा हुर्कदैँ गइरहेको दोहोरो चरित्र र दोहोरो भूमिकालाई प्रस्ट पार्ने प्रयास गरेका छन् । सत्तामा पुग्नुभन्दा अघि अनि पुगेपछि ठूलाठूला सिद्धान्त एवम् आदर्शका कुराहरू गर्ने तर व्यवहारमा त्यसलाई कत्तिपनि नउतार्ने संस्कार देख्दा उनीहरू सन्तुलित भएर हिंड्न नसकेको भनी टिप्पणी गरेका छन् । त्यस्तै जब नेताहरूलाई अवसर प्राप्त हुन्छ त्यसपछि स्वार्थमा डुब्ने अनि देशी विदेशीहरको चाकरीमा रमाउने संस्कृति रहिरहन्छ तब देशमा आएको परिवर्तनलाई आत्मसात् गर्न सकिँदैन भनी जीवनमूल्यको बोध गराएका छन् । पार्टी संस्कृतिको विकृति विसङ्गतिलाई लेखकले भन्डाफोर गरेका छन् । त्यस्तै लेखकले सुन्दर, सुसंस्कृत समाजको निर्माण गर्न जनताका अगुवाहरूले आफूलाई अनुकूल परिवर्तन गर्नुपर्दछ भन्ने विचार समेत प्रकट गरेका छन् ।

## ४.३.२.१४ गणतन्त्र र गणतान्त्रिक संस्कृति

देश र जनता सामन्ती शोषण र उत्पीडनको प्रतीक राजतन्त्रको जाँतोमा पिसिइरहेको बेला देशमा गणतन्त्र र गाणतान्त्रिक संस्कृतिलाई बचाइ राख्न जनतामा आएको क्रान्तिकारी चेतना एवम् सामाजिक जीवनमूल्यलाई डी.आर. पोखरेलले प्रस्तुत शीर्षकमा

अभिव्यक्ति गरेका छन् । दोश्रो जनआन्दोलन ०६२/०६३ सालमा नेताहरूले गणतन्त्र ल्याउन जनतालाई सडकमा ल्याए आन्दोलन गरे त्यसपछि गणतन्त्र ल्याउन सहमत भएपछि तिनै नेताहरू दोहोरो भूमिका एवम् चरित्र देखाइ सम्झौतावादी र अवसरवादी बन्दैछन् भन्दै लेखकले यदि नेताहरूको यस्तै चरित्र हो भने आन्दोलनको औचित्य नै थिएन भनि आफ्नो प्रतिक्रिया दिएका छन् । कतिपय नेताहरू सत्तामा नपुगुन्जेल प्रजातन्त्रमा खतरा परेको र देशमा सङ्कट आएको व्याख्या गर्ने तर आफू सत्तामा जानासाथ सबै कुरा ठीक देख्ने सत्तालिप्सा संस्कृति हावी भएको तर्फ संकेत गरेका छन् । गणतन्त्रवादी माओवादीमा समेत दोहोरो भूमिका रहेको हुनाले अग्रगामी सोच पूरा हुन नसक्नेतर्फ लेखकले औल्याएका छन् । साथै नेपालमा गणतन्त्र आए पनि देश टाठाबाठाहरूको हातमा जाने भएकोले देश जातीय र क्षेत्रीय आधारमा विखण्डिततर्फ उन्मुख हुन सक्ने भएकोले यसतर्फ चनाखो, सतर्क एवम् सजग हुन उनले आह्वान गरेका छन् ।

### ४.३.२.१५ पार्टी संस्कृति

नेताहरूले जनताहरूलाई परिवर्तन गर्नुपर्छ भन्दै आन्दोलनमा अगाडि बढाएका थिए तर लोकतन्त्रको प्राप्ति पछि भने व्यक्तिगत सुविधा भोगीमा लागेर देश र जनताप्रति उपेक्षा गरिएको प्रसङ्गलाई पार्टी संस्कृतिमार्फत् डी.आर. पोखरेलले छर्लङ्ग पारेका छन् । वास्तवमा नेपाली जनता सामन्तवादी भाग्यवादी र प्रतिगामी संस्कृतिबाट मुक्त नभइरहेको सन्दर्भमा तिनै सुविधाभोगी अवसवादी व्यक्तिवादी नेतृत्ववर्ग पिछलग्गु बनिरहेको तर्फ ध्यानाकर्षण गरेका छन् । नेतृत्ववर्गले जनतालाई पाखा लगाउने संस्कृतिले नेतृत्वप्रति जनताको आदरभाव, विचार शुन्य भएको छ भन्ने गम्भीर धारणा व्यक्त गरेका छन् । प्रजातन्त्र अघि जुन सोच विचार धारणा थिए त्यसैमा आफूलाई प्रजातन्त्र प्राप्तिपछि पनि आफूलाई समाहित गरेर अघि बढ्ने सुविधाभोगी नेताहरूको चिन्तन विकास भएको संस्कृतितर्फ औल्याएका छन् । वर्गीय भावनाको मनोवृत्तिवाट पार्टी र नेताहरू नचलेको हुनाले सांस्कृतिक वैचारिक पक्षलाई सुदृढीकरण गर्दै राजनैतिक पुनर्गठन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

### ४.३.२.१६ लोकभाका घन्किन छाडेकै हो त !

परम्परागत रूपमा आएको लोक-सिर्जनाको अभिव्यक्तिको रूपमा श्रुतिपरम्पराबाट लोकभाका आएको र त्यो विस्तारै हराउँदै जान लागेको सन्दर्भमा प्रस्तुत शीर्षकमा

पोखरेलले अभिव्यक्ति गरेका छन् । वास्तवमा लोकसाहित्यअन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, लोककथा र लोकनाटक सहित गाँउखाने उखानटुक्का र मन्त्र हाम्रा मौलिक संस्कृति हुन् भन्दै उनले प्रचलित रूपमा रहेको विभिन्न जातजाति, भेषभूषा संस्कृति, चाडपर्व, गीत, नृत्य, भोट र भूकम्पका सवाई, असारे, लोकदोहोरी, सेलो, बालुन र सिलोक, देउसी भैलो र पर्मगीतहरू आज धेरैजसो लोप भइसकेको उल्लेख गरेका छन् । लोकसाहित्य ज्यूँदै इतिहास भएकोले हाम्रा पूर्खाहरूको धरोहरलाई बचाएर राख्नुपर्ने धारणा उनी व्यक्त गर्दछन् । तर अहिले आधुनिकताका नाममा विदेशी संसकृतिको सिको गरेर पप र ऱ्यापमा रमाउनेहरूलाई लेखक हाम्रा लोकभाका र अभिव्यक्तिहरूलाई जीवन बनाइ राख्न इतिहासको जानकारी लोकभाका र अभिव्यक्तिहरूलाई जीवन्त बनाइ राख्न इतिहासको जानकारी गराउँदछन् । त्यस्तै हाम्रा अग्रजका मूल्यवान् लोकसिर्जनालाई जोगाउन आजका यूवावर्गले गम्भीर अध्ययन गरी आफ्नो पहिचान जोगाउनुपर्ने अभिव्यक्ति दिएका छन् ।

### ४.३.२.१७ दशैको महत्त्व एक छलफल

डी.आर. पोखरेलले हिन्दुहरूको महान् चाड दशैको परिचय दिदैं यसको उत्पत्तिका सम्बन्धमा प्रकाश पार्न खोजिएको छ । नवदुर्गाको पूजाको सामाजिक ऐतिहासिक सम्बन्धमा भने मातृसत्ताको नौ शक्तिशाली नारीहरूको सम्झना र सम्मानको चर्चा गरिएको उल्लेख पाइन्छ । जब पितृसत्ताको उदय भयो त्यसपछि युद्धको तयारीको निम्ति शक्तिस्वरूप शक्तिमातालाई उपासना गरिएको सम्बन्धमा उनले प्रकाश पारेका छन् । खेतीपाती भ्याएपछि मौलाको पूजा गर्ने, हातहतियार उध्याउने कार्य गर्थे र युद्धका निम्ति छानिएका योद्धालाई रातो टीका लगाइदिएर आशिर्वाद दिएर विदा गर्ने चलनस्वरूप हालसम्म पनि सोही चलन कायम भएको तर्क उनले वताएका छन् ।

### ४.३.२.१८ अब सांस्कृतिक क्रान्तिको पालो

लामो समयसम्म जरा गाडेर बसेको सामन्तवादी सत्ता जनताहरूको बलले ढल्न पुगेको र देश लोकतान्त्रिक गणतन्त्रतर्फ उन्मुख भएकोले यसको छुट्टै ऐतिहासिक महत्त्व वारेमा डी.आर. पोखरेलले उल्लेख गर्दै सामाजिक जीवनलाई आमूल परिवर्तन गर्न र पूर्णता दिन सांस्कृतिक क्रान्ति गर्नुपर्ने धारण प्रस्तुत शीर्षकमा व्यक्त गरेका छन् । देशमा परिवर्तनलाई संस्थागत गर्नुका सट्टा आ-आफ्नो निजी स्वार्थका लागि नेताहरूले आफू

आएको बाटो कहीँ बिर्सने त होइनन् भनी सचेत पार्न खोजीएको छ । सिद्धान्तका कुरा गर्ने अनि नीति-नियम बनाएर मात्र हुँदैन त्यसको व्यावहारिक कार्यान्वयन गर्नु पनि जरुरी छ भन्दै उनले नेताहरूलाई साच्चै देश र जनताका हीतमा आफू राजनीतिमा प्रवेश गरेका हुन् भने प्रतिगामी संस्कृति त्याग्नुपर्ने धारणा व्यक्त गर्दछन् । लोकतन्त्रका सहयात्रीहरूमा आएको विचलन, हठवादीलाई हेर्दा सामन्तवादीसोचको संस्कृति ज्यूँका त्यूँ रहेको लेखकको ठहर छ । लोकतन्त्रका लागी लडेका दलका नेताहरूले लोकतन्त्रपश्चात् अनुशासनहीन क्रियाकलाप बढ्दै गएको, आफ्नो सहयात्रीदललाई सिध्याउन लागी परिरहेको प्रति सङ्केत गर्दै यसबाट लोकतान्त्रिक संस्कृतिमा विकृति-विसङ्गति भित्रने उनको भनाइ छ । सरल जीवन उच्च विचारका धनी भारतका लालबहादुर शास्त्री र भियतनामका हो चि मिन्हबाट हाम्रा नेताहरूले पाठ सिक्नुपर्ने कुरा उनले बताएका छन् । यी सबैबाट दलका नेताहरूका आनीबानी, तिनका भनाइ र गराइको फरकपन देश र जनताहरूलाई सही दिशा प्रदान गर्न असल संस्कृतिको विकास गर्न अर्को सांस्कृतिक क्रान्तिको पालो आएको छ भन्ने कुरातर्फ औंल्याएका छन् ।

## ४.३.३ चिन्तन र विचारधारा

डी.आर. पोखरेल चितवनमा मात्र नभएर नेपालभरिकै पत्रकारिता र साहित्यिक फाँटमा परिचित नाम हो ।[८] उनले साहित्यसँगै संस्कृतिको पनि अध्ययन गरे अनि समाज अनि देशलाई असल संस्कृति र सभ्यताबाट अघि बढाउनुपर्छ भन्ने दृष्टिकोण राखेका छन् । डी.आर. पोखरेलको लेखहरू यथार्थ धरातलमा टेकेर आदर्शजीवनको परिकल्पना गर्ने सत्योन्मुखी विचारसँग सम्बन्धित छन् । साथै उनले देखेका भोगेका विषयलाई विवेकपूर्ण, न्यायपूर्ण ढङ्गबाट स्पष्ट रूपमा राख्दछन् । रीतिरिवाज, धर्म र संस्कृतिको नाममा मानवले गर्ने हिँसा र प्रतिहिँसाले समाज आक्रान्त छ भन्दै उनले सहजवृत्ति त्याग्नु पर्ने विचार व्यक्त गरेका छन् । मानव नै सिर्जनाको स्रोत अनि संस्कृतिको स्रोत रहेकोले समाजमा विद्यमान अन्धविश्वास, अन्धपरम्परा, विकृति, बिसङ्गति, रुढिवादी संस्कारलाई हटाउन सकेमा मात्र समाजले गति लिने सक्ने उनको विचार छ । समाजभित्रको हिंस्रक, आततायी घट्नालाई सरल सहज ढङ्गबाट शब्दद्वारा प्रस्तुत गरी मानव मनलाई ब्युँझाएका छन् । यसैगरी पार्टीका नेताका स्वार्थका कारणले देश जर्जर एवम् अस्तव्यस्त भएकोतर्फ सङ्केत गर्दै उनले

[८] बालकृष्ण थापा, *डी.आर. पोखरेल : संस्कृतिको सेरोफेरो समीक्षा र संस्मरण,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल विशेषाङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ४७ ।

समाजको वर्गद्वन्द्व केलाएर राष्ट्रलाई अग्रगामी परिवर्तन गर्न सांस्कृतिक क्रान्तिका निम्ति अर्को आन्दोलन जरुरी भएको र त्यसले मात्र स्वाभिमानी राष्ट्रवादी समाजवादीको सम्बोधन गर्ने जनमुखी राष्ट्रिय संस्कृतिको निर्माण गर्नतर्फ उन्मुख हुने चिन्तन प्रस्तुत गर्दछन् ।

हिजोका सामन्तवादी सोचहरूलाई प्रतिगामी विचारहरूलाई रुढिवादी चिन्तनलाई आमूल परिवर्तनसँगै राजनैतिक पुनर्गठन गरिएन भने यहाँको प्रजातन्त्र र दलहरूको अधोगतिको यात्रालाई कसैले रोक्न सक्दैन । यसैगरी क्रान्तिलाई पूर्णता दिन सांस्कृतिक रूपान्तरणको आवश्यकता तथा आफ्नो सांस्कृतिक जीवनको रूपान्तरण बिना नेपाली समाजको रूपान्तरण सम्भव छैन भन्दछन् ।

राजनैतिक दलमा आवद्ध अधिकांश नेताहरूमा बढ्दै गइरहेको पद, पैसा र शक्तिको उन्मादमा आएको विकासको संस्कृतिलाई नजिकबाट निहालिरहेका उनले यस्तो संस्कृतिले देशको भविष्य अन्धकारतर्फ धकेलिएको तर्फ इङ्गित गरेका छन् । त्यसैले उनले मार्क्सका भनाइलाइ अघि सार्दै “संसार परिवर्तन गर्न मजदुरवर्ग पहिले आफै परिवर्तन हुनुपर्छ” भने झैँ देशको उन्नति र समृद्धि चाहने हो भने नेतृत्व आफै परिवर्तन हुनुपर्ने उनको विचार छ । आधुनिकताको नाममा आफ्नो पहिचान नै गुम्ने गरी नयाँ मार्ग अपनाएकोतर्फ सङ्केत गर्दै हाम्रो इतिहास, संस्कृति, धर्म, दर्शन, लोकसाहित्य हाम्रा सांस्कृतिक धरोहर हुन्, त्यसैले पूर्वजहरूबाट बहिर्मुख हुँदै जान लागेको आजको युवा जगतलाई सुकार्य एवम् सिर्जनशीलताबाट यथेष्ट पाठ सिक्ने कुराको बोध गराउन सकिने विचार पोखेका छन् ।

नेपालको क्रान्तिलाई पूर्णता दिन सांस्कृतिक रूपान्तरणको आवश्यकता सांस्कृतिक रूपान्तरण बिना नेपाली समाजको रूपान्तरण हुन नसक्ने र ‘बसुधैन कुटुम्बकम्’ को संस्कृतिलाई विकसित गरी पुरातनवादी, युवा जगत, राजनीतिकर्मी, भौतिकवादी अध्यात्मवादी सबैका लागी उत्तिकै मननीय बनाउनुपर्ने चिन्तन उनी प्रकट गर्दछन् । शोषण असमानताका विरुद्ध निर्भिक रूपमा कलम दौडाउने यिनी शोषित पीडितका पक्षमा उनका सांस्कृतिक लेखहरूमार्फत उठान गरेका छन् ।

## ४.३.४ शैली/प्रस्तुति

लेखकले आफ्ना भाव वा विचारलाई अभिव्यक्त गर्ने माध्यमको रूपमा भाषालाई नै अपनाउँदछ । साहित्यिक विषयवस्तुको अनुसारको भाव स्पष्ट गराउने भिन्दाभिन्दै रचना -

शिल्पलाइ शैली भनिन्छ ।[९] यस *संस्कृतिको सेरोफेरो* सांस्कृतिक लेखमा उनले प्रयोग गरेका भाषा सरल, सहज, सुकोमल एवम् हृदयस्पर्शी छन् । समसामयिक नेपाली समाजमा संस्कृति र सभ्यताप्रति बढ्दै गइरहेको विकृति-विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको यस निबन्धमा लेखकले आत्मपरक, विवरणात्मक र आत्मपरक विवरणात्मक मिश्रित शैली अपनाएको पाइन्छ । जसमा संस्कृतिका विचित्र अभिव्यक्तिहरू, हिंसा र प्रतिहिंसाको नग्ननृत्य, दिएको खाने अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन, आर्यजातिको सम्झनामा, भित्ताहरू गरिवको छापाखाना हुन्, *अब सांस्कृतिक क्रान्तिको पालो* सांस्कृतिक लेखहरू आत्मपरक शैलीमा सुन्दर ढङ्गबाट लोखिएका छन् भने *मिथक : हाम्रो सांस्कृतिक चिन्नको स्रोत, पुर्खौली संस्कृतिको नमुना : गोत्र र गाणचिन्ह, दीपावलीको सांस्कृतिक पृष्ठभूमि, दशैं : शक्तिपूजाको अनुपम उदाहरण, सांस्कृतिक रूपान्तरणको प्रसङ्ग, राशिफल : राम भरोसे संस्कृतिको उपज, गणतन्त्र र गणतान्त्रिक संस्कृति, पार्टी संस्कृति, दशैंको महत्त्व : एक छलफल* विवरणात्मक शैलीमा लेखिएको छ । त्यस्तै *के हो संस्कृति र सांस्कृतिक क्रान्ति भनेको र लोकभाका घन्किन छाडेकै हो त ?* आत्मपरक विवरणात्मक मिश्रित शैलीमा प्रस्तुत गरिएको छ । मानवको आचरण, आनिबानी र भाषाको कलात्मक अर्थका साथ प्रस्तुत गरिएको यस निबन्धमा लोकोक्ति वा किंवदन्ती, दन्त्यकथाहरू, गाउँखाने कथा, लोक व्यवहार र उखानटुक्काको पनि सान्दर्भिक रूपमा शिष्ट र परिष्कृत भाषामा प्रयोग गरिएको छ ।

जस्तै केही उखान र टुक्काहरू लिउँ-

क) नखाऊँ दिनभरिको शिकार, खाऊँ त कान्छा बाउको अनुहार (संस्कृतिका विचित्र अभिव्यक्तिहरू पृ.२)

ख) आफै त उत्तानो कसले देला वर (गणतन्त्र र गणतान्त्रिक संस्कृति पृ.७०)

ग) रातभन्दा सपना लामो (मिथक हाम्रो सांस्कृतिक चिन्तनको स्रोत? पृ.८)

घ) हात्तीका मुखमा जीरा (संस्कृतिक रूपान्तरणका प्रश्नहरू पृ.१६)

ङ) जसको लाठी उसको भैस (हिंसा र प्रति हिंसाको नग्न-नृत्य पृ.२१)

च) नानीदेखि लागेको बानी (सांस्कृतिक रूपान्तरणको प्रसङ्ग पृ.५२)

छ) नाडी बजेर भुत्ला मिनेट (राशिफल : रामभरोसे संस्कृतिको उपज पृ.५७)

[९] वसन्तकुमार शर्मा नेपाल, **सङ्क्षिप्त नेपाली शब्दसागर,** काठमाडौ : शब्दार्थ प्रकाशन, २०६२, पृ. ७८८ ।

ज) धनको चिन्ह पराल, पहेलो भनेपछि बेसार भन्नु नपरे (गणतन्त्र र गणतान्त्रिक संस्कृति पृ.६९)

झ) सत्तामा जानुअघि जनतासँग 'राँडो रुवाइ' र सत्तामा पुगेपछि 'राजा रुवाई' (गणतन्त्र र गणतान्त्रिक संस्कृति पृ.७०)

ञ) जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बिँड (पार्टी संस्कृति पृ.७२)

ट) माल पाएर के गर्नु चाल नपाएपछि (पार्टी संस्कृति पृ.७२)

ठ) भिल्लको देशमा मणि ( पार्टी संस्कृति पृ.७२)

ड) खाई न पाई छालाको टोपी लाई (लोक भाका घन्किन छोडे कै हो त! पृ७७)

यसै गरी मनका भावनालाई स्वस्फूर्त रूपमा प्रकटीकरण गरिएको यस निबन्धमा परम्परागतरूपमा आएर कथ्य भाषा, एवम् झर्रो शब्दको पनि प्रयोग भएको छ । जस्तैः-

क) सात पुस्ता खाने मावली (संस्कृतिका विचित्र अभिव्यक्तिहरू पृ.२)

ख) ससुराली गएजस्तो (संस्कृतिक रूपान्तरणको प्रसङ्ग पृ.४९)

ग) उहीलेका कुरा खुइले (लोक भाका घन्किन छोडे कै हो त! पृ.७७)

घ) गाउँको मुखिया बाटो हगुवा (संस्कृतिक रूपान्तरणको प्रश्नहरू पृ.१५)

साथै उनले व्यक्तित्वका विचार (कार्ल मार्क्स), धर्मग्रन्थका सन्दर्भ, राजनैतिक सफलता प्राप्तिका लागि अपनाइएका शैली एवम् लेखक स्वयंका अभिव्यक्तिहरूलाई आफ्नो निबन्धमा स्थान दिइ पाठकहरूलाई झकझकाउने प्रयास गरेका छन् । जस्तै :-

क) संसार परिवर्तन गर्न मजदुर वर्ग पहिले आफै परिवर्तन हुनुपर्छ (संस्कृतिका विचित्र अभिव्यक्तिहरू पृ.५)

ख) अहिंसा परमोधर्म (हिंसा र प्रतिहिंसाको नग्न-नृत्य पृ.२१)

ग) जाँड पर्व (दिएको खाने, अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन पृ.२६)

घ) बडाको आदर (राशिफल : रामभरोसे संस्कृतिको उपज पृ.६३)

ङ) पुरानोको ध्वंस नयाँको निर्माण (सांस्कृतिक रूपान्तरणका प्रश्नहरू पृ.१७)

च) योग्यता अनुसारको काम र काम अनुसारको माम (अब संस्कृतिक क्रान्तिको पालो पृ.८६)

यसैगरी उनले निबन्ध लेखनको क्रममा जीवन र जगत्का विषयमा विभिन्न घटना परिवेश एवम् मनस्थितिलाई गाउँखाने कथा, लोकबालगीत, मालश्री एवम् मार्मीक गीतलाई समावेश गरेर निबन्धलाई रोचकता एवम् रसमय तुल्याएका छन् । जस्तैः-

**क) लोकबालगीतको उदाहरण**

चिँ मुसी चीँ मुसाले खायो धान, काट बिरालोको कान

टपटप टोपी लेकको ताना, परबाट आयो कुम्भै राना

(लोक भाका घन्किन छोडे कै हो त! पृ.७५)

**ख) गाउँखाने कथाको उदाहरण**

एकै र मुठी जिरीको साग तेल ध्यूले भान न, मरेको पाडो खेतखेतै डुल्छ त्यो के हो भन न (लोक भाका घन्किन छोडे कै हो त! पृ ७७)

**ग) मालश्री गाउने गीतको उदाहरण**

रातो रेखी सेतो रेखी दशैँ गयो देखिदेखि (लोक भाका घन्किन छोडे कै हो त! पृ ६८)

**घ) भैली गीतको उदाहरण**

हामी त्यसै आएका होइनौँ, बलिराजाले पठाएका, हे ! औंसीको बारो गाई तिहारो भैलो (दिपावलीको सांस्कृतिक पृष्ठभूमि पृ.३५)

**ङ) मार्मिक लोकगीतको उदाहरण**

हरियो भन्नु तुलसीपत्र पहेलो सुरती, परन्तुसम्म नहने भए के गर्नु पिरती

केउरेनी डाँडा डढेली पाखामा, रुम्जाटार काखैमा।

भफल्को आउँछ जन्मेको गाउँ, यी मेरा आखैमा

(लोकभाका घन्किन छोडे कै हो त ! पृ.७९)

नेपाली बाहेक उनले यस सांस्कृतिक लेखहरूमा संस्कृत भाषाजस्तै शुक्लपक्ष, निष्पत्ति आदि, अङ्ग्रेजी भाषा सोर्सफोर्स, लाइटफेस्टिवल आदि, फारसी भाषा जस्तै अदना, वाहियात आदि, स्वैरकल्पनाको प्रयोग वनभाँक्री, नरसिंह अवतार आदि प्रयुक्त भएका छन् । निबन्धमा सरलभाषा शैली मिठास शब्द रहेको हुनाले पाठकहरूमा पठनीयता र श्रुतिरम्यता सिर्जना रहेको पाइन्छ । लेखकले तार्किक र तथ्यपरक ढङ्गले हाम्रा चाडपर्व, परम्परा, विश्वास, मूल्य र आदर्शको विवेचना गरेका छन् ।

## ४.४ साहित्यकार डी.आर. पोखरेलका फुटकर निबन्धहरूको सूची

डी.आर. पोखरेलका संस्मरणसङ्ग्रह **खुला आकाशतर्फ** (२०६३) निबन्ध सङ्ग्रहहित निबन्धहरू एउटै पुस्तकाकारको रूपमा आउनुभन्दा अघि ती निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका थिए । अझै पनि उनका कतिपय साहित्य धर्म संस्कृतिसँग सम्बन्धित विषयका निबन्धहरू छन्, जुन निबन्ध सङ्ग्रहको रूपमा आउन नसकी विभिन्न पत्रपत्रिकाहरू जनधारणा, मूल्याङ्कन जस्ता राष्ट्रिय मासिकमा प्रकाशित हुनुमा सीमित रहेका छन् । उनका २०४८ सालदेखि हालसम्मका प्रकाशित फुटकर ती निबन्धहरूको सूचि तल दिइएको छ ।

**साहित्यकार डी.आर. पोखरेलका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धहरू**

**तालिका सङ्ख्या-३**

| क.सं. | निबन्धको शीर्षक | पत्रिकाको नाम, वर्ष, अङ्क | प्रकाशन मिति |
|---|---|---|---|
| १ | ढोग : विभाजित मनस्थितिको उपज | मूल्याङ्कन, वर्ष १०, अङ्क ३, पृ. ७१ | २०४८/०४९ |
| २ | विद्रोह र क्रान्ति | मूल्याङ्कन, वर्ष १०, अङ्क ५, पृ. ३७ | २०४९ |
| ३ | निन्दा र प्रशंसा | मूल्याङ्कन पू ६, वर्ष १०, अङ्क ६, पृ. २८ | २०४९ |
| ४ | त्यागको मानसिकता | मूल्याङ्कन, वर्ष ११, पू. ८, पृ. २५ | २०४९ |
| ५ | नयाँ र पुरानो | मूल्याङ्कन, पू. २६ | २०४९ |
| ६ | साहित्यमा गुदी र बोक्राको कुरा | जनधारणा, चैत्र, पृ. ६ | २०५९ |
| ७ | साहित्यमा 'ब्राह्मणवाद वैश्यवाद र भाग्यवाद' | जनधारणा, वर्ष ११, अङ्क ४३, पृ. ६ | २०५९ |
| ८ | खै सदाचार साहित्य लेखिएका ? | जनधारणा, वर्ष ११, अङ्क ४१ | २०५९ |
| ९ | नेपाली उखानः जहाँ इच्छा त्यहाँ उपाय | जनधारणा, वर्ष ११, अङ्क ४० | २०५९ |
| १० | भ्रष्ट्राचारीलाई सामाजिक बहिष्कार पनि गर्ने हो कि | जनधारणा, वर्ष ११, अङ्क ३९ | २०५९ |

| क.सं. | निबन्धको शीर्षक | पत्रिकाको नाम, वर्ष, अङ्क | प्रकाशन मिति |
|---|---|---|---|
| ११ | पुरानो पुस्ता किनारा लाग्ने नै भो त ! | जनधारणा, वर्ष ११, अङ्क ३३, पृ. ६ | २०५९ |
| १२ | लडाइँ हुन्जेल कसैले पनि 'वेद' नपढ्ने नै हो त ! | जनधारणा, वर्ष ११, अङ्क ३१, पृ. ६ | २०५९ |
| १३ | क्रान्ति र क्रान्तिकालको साहित्य | जनधारणा, वर्ष ११, अङ्क २२, पृ. ६ | २०५९ |
| १४ | तसलिमा नसरीनका 'ध्यानहरू' | जनधारणा, वर्ष ११, अङ्क २०, पृ. ६ | २०५९ |
| १५ | साहित्य लेखन 'सुको' कमाइ नहुने पेसा | जनधारणा, वर्ष ११, अङ्क १९, पृ. ६ | २०५९ |
| १६ | साहित्यका नैतिक पात्रबाट सावधान | जनधारणा, वर्ष ११, अङ्क १४, पृ. ६ | २०५९ |
| १७ | छेकुडोल्मा अर्थात् पारिजातको म्हार म्हेन्दो | जनधारणा, वर्ष ११, अङ्क १३, पृ. ६ | २०५९ |
| १८ | मान्छे ठूलो कि सिद्धान्त | जनधारणा, वर्ष ११, अङ्क १२, पृ. ६ | २०५९ |
| १९ | साहित्यमा बिना सत्यको सौन्दर्य | जनधारणा, वर्ष ११, अङ्क ११, पृ. ६ | २०५९ |
| २० | नेपाली समाजको मागी खाने संस्कृति | जनधारणा, वर्ष १२, अङ्क १६, पृ. ६ | २०६० |
| २१ | आर्यहरूको भौतिकवादी चिन्तनको प्रतीक : ऋग्वेद | जनधारणा, वर्ष १२, अङ्क ४, पृ. ६ | २०६० |
| २२ | हाम्रो संस्कृति र पुतलाको पतिया | जनधारणा, वर्ष १२, अङ्क ३६, पृ. ६ | २०६० |

| क.सं. | निबन्धको शीर्षक | पत्रिकाको नाम, वर्ष, अङ्क | प्रकाशन मिति |
|---|---|---|---|
| २३ | 'बडा विचित्र' प्राणी है मनुष्य | जनधारणा, वर्ष १२, अङ्क ३१, पृ. ६ | २०६० |
| २४ | अवसर नपाएर बेइमान हुनबाट बाँचेको यो पङ्क्तिकार ? | जनधारणा, वर्ष १२, अङ्क ३०, पृ. ६ | २०६० |
| २५ | नेपाली साहित्यः बैसमा नआएको डण्डीफोर नहोस् | जनधारणा, वर्ष १२, अङ्क २९, पृ. ६ | २०६० |
| २६ | अब कैद हुने पालो भागवत गीताको | जनधारणा, वर्ष १२, अङ्क २८, पृ. ६ | २०६० |
| २७ | भाङ पेल, धतुरो पेल, ले मेरो तेल | जनधारणा, वर्ष १२, अङ्क २४, पृ. ६ | २०६० |
| २८ | आफ्नो मान्छेको संस्कृति हिजो र आज | जनधारणा, वर्ष १२, अङ्क २३, पृ. ६ | २०६० |
| २९ | अन्यौल कुनै सिर्जना होइन | जनधारणा, वर्ष १२, अङ्क २२, पृ. ६ | २०६० |
| ३० | चाकरीको संस्कृति | जनधारणा, वर्ष १२, अङ्क २०, पृ. ६ | २०६० |
| ३१ | जस्तालाई त्यस्तै ढिंडोलाई निस्तै | जनधारणा, वर्ष १३, अङ्क ११, पृ. ४ | २०६१ |
| ३२ | मुर्दा रामभन्दा जिउँदो रावण नै ठीक | जनधारणा, वर्ष १३, अङ्क ४, पृ. ४ | २०६१ |
| ३३ | म पनि सिलाऊँ कि क्या हो दौरा सुरुवाल ? | जनधारणा, वर्ष १३, अङ्क ६, पृ. ४ | २०६१ |
| ३४ | चितवनको साहित्यिक, सांस्कृतिक र ऐतिहासिक रूपरेखा | हाम्रो सिर्जना, वर्ष १३, अङ्क ४, पूर्णाङ्क २० | २०६५ पौष |
| ३५ | सामन्ती संस्कृतिभित्र जकडिएको समाजवाद | मूल्याङ्कन, वर्ष २७, पूर्णाङ्क १७३, पृ. ४६ | २०६६ |

| क्र.सं. | निबन्धको शीर्षक | पत्रिकाको नाम, वर्ष, अङ्क | प्रकाशन मिति |
|---|---|---|---|
| ३६ | बहुलवादी चिन्तन बहुलवादी संस्कृति | मूल्याङ्कन, वर्ष २७, पूर्णाङ्क १७१, पृ. ५४ | २०६६ |
| ३७ | स्कर्टिङ्ग-समाजवाद | हाम्रो पाइला (हाम्रो एफ.एम. ९४ मेगाहर्ज) | २०६६ आश्विन |
| ३८ | भरियाको कथाको कथ्यगत संसार | नौलो राँको, अङ्क ९ | २०६६ मार्ग |
| ३९ | चितवनको विगतमाथि एक विहङ्गम दृष्टि | स्मारिका रत्ननगर महोत्सव | २०६६ पौष २७-माघ |
| ४० | मार्क्सवाद के हो ? | जनउद्‌बोध बुलेटिन वर्ष ३, पूर्णाङ्क ५ | २०६७ असोज-कार्तिक |
| ४१ | लेख कसरी लेख्ने ? | स्वर्ण जयन्ती स्मारिका (श्री सिद्धिविनायक मा.वि., भ.न.पा. ११, बसेनी) | २०६७ मंसिर १७ |
| ४२ | चितवन साहित्यिक पत्रकारिताको सङ्क्षिप्त रूपरेखा | चितवन महोत्सव, स्मारिका | २०६७ पौष २५-माघ ४ |
| ४३ | उपन्यासका पात्रको स्वरूप | स्वर्ण जयन्ती विशेष स्मारिका (श्री चतुर्मुखी उ.मा.वि., शक्तिखोर, चितवन) | २०६७ फाल्गुन ६ गते |
| ४४ | चितवनबाट प्रकाशित स्मारिकाहरू : एक सर्वेक्षण | पत्रकारिता चितवन स्मारिका | २०६७ |
| ४५ | श्यामप्रसाद र उनको दुई लाइनबिच... | भानु, वर्ष ४९, अङ्क १४२ | २०६८ असार |
| ४६ | चितवनका पुस्तक र पत्रिकाहरूको नालीबेली | अभियान स्मारिका (बृहत् राष्ट्रिय पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सव) | २०६८ कार्तिक ३०-मंसिर |
| ४७ | स्मृतिको सेरोफेरो | रत्ननगर महोत्सव स्मारिका | २०६८ पौष २७-माघ ४ सम्म |

| क.सं. | निबन्धको शीर्षक | पत्रिकाको नाम, वर्ष, अङ्क | प्रकाशन मिति |
| --- | --- | --- | --- |
| ४८ | काँडेघारीको यात्राको सरसर्ती अध्ययन | बहुआयाम (सङ्कलित पुस्तक) | २०६८ माघ |
| ४९ | चेपाङ जातिको लोकगीत, लोकसाहित्य र लोकनाट्य : एक झलक | उद्यम स्मारिका (राष्ट्रिय औद्योगिक प्रदर्शनी) | २०६८ |
| ५० | डा. बालकृष्ण थापा : एक प्रतिभाशाली बहुआयामीक व्यक्तित्व | जुही साहित्यिक त्रैमासिक (साहित्यिक प्रतिभा विशेषाङ्क-२) वर्ष ३१, अङ्क ४, पूर्णाङ्क ६८ | २०६८/०६९ चैत-वैशाख-जेठ |
| ५१ | पढ्न मन नलाग्नुको ओखती | नारायणी स्वर्ण स्मारिका नारायणी नमुना उ.मा.वि. भरतपुर-१०, चितवन | २०६९ जेठ ६ |
| ५२ | मोतीराम भट्टका योगदानहरू | हाम्रो सिर्जना वर्ष ८, अङ्क १२ | २०६९ साउन |
| ५३ | हायू जातिको लोकगीत | हाम्रो सिर्जना वर्ष ८, अङ्क १३ | २०६९ मंसिर |
| ५४ | जयगोविन्द साहको सांस्कृतिक जीवन | लालमधेश (जयगोविन्द साह स्मृति विशेष) वर्ष ५, अङ्क ५ | २०६९ पौष |
| ५५ | रहरको फेहरिस्त | कन्या स्वर्ण स्मारिका बालकुमारी कन्या उ.मा.वि., नारायणगढ | २०६९ माघ २९ |
| ५६ | दिक् कालको अवधारणा | जनउद्बोध बुलेटिन वर्ष ५, पूर्णाङ्क ६ | २०६९ माघ |
| ५७ | बुद्धकालीन संस्कृति | चितवन महोत्सव, स्मारिका-९ | २०६९ पुस |

## ४.५ निष्कर्ष

डी.आर. पोखरेलको सांस्कृतिक लेखहरूको सङ्गालोको रूपमा आएको प्रकाशित कृति **संस्कृतिको सेरोफेरो** साहित्यिक रचनाहरूको छैटौं स्थानमा पर्दछ । उनले यो कृतिलाई प्रकाशमा ल्याउनुपूर्व उनका समालोचना, अनुसन्धान र अनुवाद गरिएका कृतिहरू प्रकाशित भएका छन् । साहित्यको योगदानमा सहयोग पुऱ्याएबापत उनको उच्च मूल्याङ्कन गर्दै साहित्य सम्मान तथा पुरस्कार प्रदान गरिएको छ । साहित्यसँगै संस्कृतिको अध्ययन अनुसन्धान स्वरूप उनले 'संस्कृतिको सेरोफेरो' पुस्तक प्रकाशित गरेका छन् । प्रकाशित उनको यस कृतिमा एकातर्फ नितान्त नेपाली समाजमा परम्पराको रूपमा चलिआएको कुसंस्कार, अन्धपरम्परालाई हटाई सुसभ्य, सुसंस्कृत समाजको स्थापनामा जोड दिइएको छ भने उनका यसैकृतिभित्र रहेका कतिपय सांस्कृतिक लेखहरूमा पार्टी संस्कृति अर्थात् पार्टीमा प्रवेशसँगै देखिएका विकृति, विसङ्गति र त्यस्तो संस्कृतिले देश र समाज दिनप्रतिदिन ओरालो लाग्दै गएको तर्फ सचेत पारिएको छ । यस्तो अवस्थामा नवीनतम सांस्कृतिक प्रणाली विकसित गरी वैज्ञानिक ढङ्गबाट आधुनिकीकरणतर्फ रूपान्तरण गर्दै लैजानुपर्ने धारण अभिव्यक्त भएको छ । उनका यी खोजमूलक चेतनामूलक एवम् जानकारीमूलक लेखहरूमा संस्कृत, अङ्ग्रेजी, अरबी, फारसी लगायत तत्सम र आगन्तुक शब्द प्रयोगबाट कृति रोचक बनेको छ । यस कृतिभित्र आएका उखान, मिथक, लोकलय एवम् आलङ्कारिक कथनको संयोजनबाट कृतिलाई उजिल्याउने सफलता प्राप्त भएको छ । आजको युगलाई सांस्कृतिक रूपान्तरणमा सही दिशा प्रदान गर्नमा प्रस्तुत कृति प्रेरणादायी हुनेछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद : पाँच

# डी.आर. पोखरेलको निबन्धकारिताको मूल्याङ्कन

## परिच्छेद : पाँच

# डी.आर. पोखरेलको निबन्धकारिताको मूल्याङ्कन

नेपाली साहित्यका सुपरिचित पारिजात एवम् **वेदना** साहित्यिक पत्रिकाका सञ्चालक दिलवरदान र सुवास श्रेष्ठ  र मञ्जुल, रायन, रामेश, मोहन दुवालहरूको कवित्ववाट प्रभावित यिनै साहित्यकारहरूको प्रेरणाबाट निबन्धलेखन सुरु गरेका डी.आर. पोखरेलले वि.सं. २०३० सालमा *निषेधको निषेध* निबन्ध **वेदना** त्रैमासिकमा छपाएबाट यिनको निबन्धमा पहिलो प्रवेश मानिन्छ । त्यसपछि राजनीति अनि साहित्यका अन्य विधातर्फ आकर्षित भएका उनको २०६३ सालमा प्रकाशित **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धमा ३१ वटा र २०६४ सालमा प्रकाशित **संस्कृतिको सेरोफेरो** सांस्कृतिक निबन्धमा १८ वटाका साथै अन्य पत्रपत्रिकामा थुप्रै फुटकर निबन्धहरू प्रकाशित गरेबाट निबन्ध साहित्यमा उनको अलग्गै पहिचान कायम भएको मान्न सकिन्छ । समकालीन निबन्धकारको पङ्क्तिमा आफूलाई उभ्याएका यिनी मूलतः आत्मपरक निबन्धकारका रूपमा चिनिन्छन् । उनका निबन्धका विषयवस्तु, संरचना र कथनढाँचा, शीर्षक चयन, पात्रप्रयोग र भाषाशैलीका पक्षमा केन्द्रित रहेर उनको निबन्धकारिताको मूल्याङ्कन गर्न खोजिएको छ ।

## ५.१ विषयवस्तुका आधारमा मूल्याङ्कन

डी.आर. पोखरेलको निबन्धकारिताको सेरोफेरोले व्यापक क्षेत्रलाई समेटेको पाइन्छ । उनले मानव जीवनका भोगाइ, अनुभव एवम् विचारलाई निबन्धमा उतारेका छन् । यिनले जीवनका विविध घटना, सांस्कृतिक, सामाजिक, राजनैतिक, ऐतिहासिक, निजीयात्रा, संवेदना आदिलाई विषयवस्तुको रूपमा चयन गरेका छन् ।

निबन्ध रचनाका सन्दर्भमा उनले आफूले देखेका भोगेका यथार्थ दृश्यहरूलाई हुबहु आफ्ना कृतिमा प्रस्तुत गरेका छन् । यसलाई लेखकले आफ्नै कथा एवम् व्यथाको रूपमा निबन्धमा उतारेका छन् । *सपनाको रहस्यमाय संसारमा विचरण गर्दा, लोकभाका घन्किन छाडेछ मेरो गाउँमा, मलाई नाटकीय अभिनय गर्न आउँदै आएन, मानिसहरू भन्छन् जाने*

*कोलकोत्ता नजाले बेपत्ता, भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ, बाबुसित म कसरी पेस भएँ, मिसनदेखि मोडेल हस्पिटलसम्मको यात्रा-कथा* आदि आफ्नो जीवनमा घटेका घटनाहरूको तीतो-मिठो अभिव्यक्ति आएको छ भने खुल्दुलीपूर्ण परिवेशको रूपमा *सपनाको संसारमा विचरण गर्दा, भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ र म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ* भन्ने निबन्धका विषयवस्तुहरू आएका छन् ।

डी.आर. पोखरेल मूलतः भ्रमण गर्न रुचाउने निबन्धकार हुन् । उनका कतिपय निबन्धका विषयवस्तुहरू यात्राकै क्रमबाट लिइएका छन् । आफू जन्मेको ठाउँ त्यहाँको वरपरको वातावरण, चितवनको माडी क्षेत्र, देशभित्रका ऐतिहासिक पुरातात्विक तथा धार्मिक, ऐतिहासिक सांस्कृतिक स्थलहरू भारतका विभिन्न स्थानहरू यसअन्तर्गत लिन सकिन्छ । *चौदन्डीगढी घुमेर हेर्दा, रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा, गोर्खा भ्रमणका केही साहित्यिक सन्देश, नारायणगढदेखि दक्षप्रजापतिको राजधानीसम्म, ढुङ्गाको ढुङ्गा हेर्न सोमेश्वर जाने होइन ?, भक्तपुर : प्राचीन न्यातपोल र नारायणमान बिजुक्छे* जस्ता निबन्धहरूले लेखनी क्षमताको परिचय दिदैँ लेखकले आफूसँगै पाठकहरूलाई त्यस महत्त्वपूर्ण स्थलका बारेमा अवलोकन गराएको अनुभूति हुन्छ ।

यिनी साहित्य स्रष्टाको सम्मान वा पुरस्कारको नाममा हुने विकृतिलाई राम्रो मान्दैनन् अनि आलोचना मात्र गर्ने साहित्यकारको प्रवृत्तिलाई स्वीकार पनि गर्दैनन् । यिनको मान्यता जनस्तरबाट गरिने सम्मान तथा पुरस्कारलाई छ । अनि आलोचनामात्र नगरी स्रष्टालाई साहित्यिक पृष्ठपोषण दिएमा स्रष्टाको मनोबल उठाउनतर्फ सचेत तुल्याउँछन् । *जुहीले जुराइदिएको सयपत्रीको माला* अनि *यसपाली पनि पऱ्यो चिट्ठा दोसाँधको घाम हेर्न पुगियो काँकडभित्ता* निबन्धहरूमा यसलाई स्पष्टताका साथ प्रस्तुत गरेका छन् ।

पोखरेलले धर्म संस्कृतिका नाममा निर्दोष पशुबलीमा चढ्नु परम्परागत मान्यतालाई अघि सार्दै उनले हिंसाजन्य प्रवृत्ति कदापि सह्य नहुने धारणा व्यक्त गरेका छन् । **संस्कृतिको सेरोफेरो**का सांस्कृतिक लेखहरूमा प्रस्तुत गरिएका *संस्कृतिका विचित्र अभिव्यक्तिहरू, सांस्कृतिक रूपान्तरणका प्रश्नहरू, हिंसा र प्रतिहिंसाको नग्न नृत्य, दशै : शक्तिपूजाको अनुपम उदाहरण, सांस्कृतिक रूपान्तरणको प्रसङ्ग, अब सांस्कृतिक क्रान्तिको पालो*मा उनी धर्म-संस्कार, परम्पराको नाममा लागेको पट्टी खोल्न चाहन्छन् र एउटा सुन्दर समाजको परिकल्पनाको आशा राख्दछन् ।

यसै गरी नेपालमा आएको प्रजातन्त्रको लहरले देश र जनतामा खासै परिवर्तन नआएकोतर्फ औँल्याउँदै नेताहरूको आफ्नो व्यक्तिगत स्वार्थलाई नै यसको जिम्मेवार ठहऱ्याइएको छ अनि अबको सांस्कृतिक क्रान्तिले मात्र देशको काँचुली फेर्न सक्ने वास्तविकतालाई निबन्ध लेखनका विषय बनाएका छन् *पार्टी संस्कृति* र *अब सांस्कृतिक क्रान्तिको पालो* निबन्धहरूमा यिनै विषयलाई उठाइएको छ ।

## ५.२ संरचना र कथनढाँचाका आधारमा मूल्याङ्कन

डी.आर. पोखरेलका २०६३ र २०६४ सालमा गरी दुईवर्षको निबन्धयात्रामा प्रकाशित दुईवटा निबन्धात्मक कृतिमा निबन्धको संरचना र कथनढाँचामा पनि विविधता भेट्न सकिन्छ । धेरैजसो आफूले विगतमा यात्राको क्रममा होस् या आफ्नो जीवनमा घटेका तीतामीठा घटनाहरूको स्मरण एवम् नेपालमा चलिआएको सांस्कृतिक परम्पराको वस्तुस्थितिलाई मूलकथ्य बनाएर कृतिको संरचना गरिएको होस्, निबन्धमा आत्मपरकका साथै तार्किक र विवरणात्मक शैली अभिव्यक्त भएको पाइन्छ । उनले अभिव्यक्त गरेका कथनढाँचाका केही नमुना यहाँ प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.१ वर्णनात्मक

डी.आर. पोखरेलले विभिन्न घटना परिवेश एवम् सामाजिक ऐतिहासिक, राजनैतिक एवम् सांस्कृतिक विषयवस्तुहरूसंगै सम्बन्धित रही त्यसको वर्णन गर्ने काम निबन्धमा गरेका छन् । निबन्धलाई प्रभावकारी बनाउन उनले आलङ्कारिक भाषा र शैलीको कला अवलम्बन गरेका छन् । जस्तैः-

क) पोखरामा प्रसिद्ध पर्यटकीय, पुरातात्त्विक, धार्मिक एवम् ऐतिहासिक स्थल र वस्तुहरूमध्ये विन्ध्यवासिनीलाई एक प्रमुख मानिँदो रहेछ । पोखराको फेवातालमा बिहानको झुल्केघामसँगै माछापुच्छ्रे हिमालको टहकदार छायाँ फेवातालमा देख्न सकिँदोरहेछ । (*रुम्जाटारदेखि पोखरासम्मको सांस्कृतिक यात्रा* पृ.२३)

ख) आँखाले भ्याएसम्म हेरिरहेँ तर लाग्यो, समुद्र भनेको पानी-पानीको संसार रहेछ । पानीकै अनकन्टार फाँट रहेछ । मलाई समुद्र भेउ पाइनसक्नु

लाग्यो । समुद्रको पल्लो किनार त आकाशै रहेछ, समुद्र त हाम्रो ठुलो थुम्को डाँडाजस्तो आकाश छुने गरेर उडेको रहेछ । किनारमा एकै छिन उभिएपछि समुद्र मान्द्रो बटारिएजस्तो गरेर हामीतिर आयो ।

(*दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर* पृ.४१)

ग) प्राचीन युनानमा जस्तो भित्र खुला ठाउँ चोक भएको मन्दिर, मन्दिरको मूल ढोकामा भित्रबाट लगाउने वीरे आग्लो, भव्य मन्दिर परिसर आदि हेर्दै प्राचीन नेपाली शिल्प र प्रविधिको महत्त्व र गरिमालाई गुन्दै र भक्तपुरका विभिन्न टोल, गल्ली र डबली घुम्दै र हेर्दै हामी ख्वपकलेजमा गयौ ।

(*भक्तपुर : प्राचीन किल्ला न्यातपोल र नारायणमान बिजुक्छे* पृ.९०)

घ) एउटा क्रान्तिकारी व्यक्ति वा पार्टी विवेकपूर्ण छैन, न्यायपूर्ण छैन, मानवीय पनि छैन केवल बल प्रयोग र यान्त्रिक तहका कुरामात्र गर्छ भने त्यसबाट सामाजिक सांस्कृतिक रूपान्तरणका निम्ति कुन सिन्को भाँचिन्छ र ! आफै जोगीले अरूलाई के भिक्षा दिन्छ ? (*सांस्कृतिक रूपान्तरणका प्रश्नहरू* पृ.१७)

## ५.२.२ विवरणात्मक

डी.आर. पोखरेलले निबन्ध लेखनको क्रममा विभिन्न विषयहरूमा रहेर त्यस वस्तुको सविस्तार वर्णन गरेका छन् :-

क) वास्तवमा हामी सामन्तवादी भाग्यवादी र प्रतिगामी संस्कृतिबाट मुक्त भएका रहेनछौ किनभने आज पनि हामी तिनैबाट शासित भइरहेका छौँ । तिनैको नेतृत्वमा सङ्गठित भइरहेका छौं । तिनै सुविधाभोगी, व्यक्तिवादी, अवसरवादी नेतृत्वको पछि लागिरहेका छौँ हामी । हामीले तिनलाई दण्ड वा बहिष्कार गर्न सकेका छैनौँ । (*पार्टी संस्कृति* पृ.७३)

ख) अर्कोतर्फ पूर्व विधवा नारी, जो अहिले पुनर्विवाह गरेर राम्रोसँग जीवन धानिरहेका छन्, त्यस्ता नारीलाई समेत समाजका सफेदपोशी मानिसहरूले बेलाबेलामा होच्याउने, आतङ्कित पार्ने गरेको र व्यङ्ग्य गर्नेजस्ता काम गर्ने गरेको पाइन्छ । (*रातो आन्दोलन/सेतो आन्दोलन* पृ.५८)

ग)	ढाका टोपी ढल्काएर लाउनु हुन्थ्यो । कोट, दौरा, सुरुवाल, ढाकाटोपी र चस्मा लगाउँदा बाबा मन्त्रीजस्तो देखिनु हुन्थ्यो । त्यसमाथि घोडामा चढेर हिँड्दा त मान्छे झुक्किन्थे । कहाँको बडाहाकिम आए भनेर !

(*बाबाको सम्झनामा,* पृ. ६९)

## ५.२.३ विश्लेषणात्मक

निबन्धकार डी.आर. पोखरेलले आफ्नो निबन्धलेखनको क्रममा कतिपय विषयवस्तुलाई विश्लेषणात्मक ढङ्गले पनि व्याख्या एवम् विश्लेषण गरेका छन्, जस्तैः-

क)	वास्तवमा सक्कली कुरो भन्ने हो भने त सबै मान्छे प्रतिभाशाली रहेछन् । सबैसित अपरिमित शक्ति भएको ब्रेन रहेछ । सबै जनाले आफूले जे छ, त्यही हुनुपर्दो रहेछ ! गुलाफले गुलाफ र गुराँसले गुराँस । गुलाफले गुराँस वा गुराँसले गुलाफ हुन खोज्नु र त प्रतिभामाथि तगारो रहेछ ।

(*प्रतिभा पहिचानको धुन* पृ.५)

ख)	साहित्यिक सम्मान र पुरस्कार भन्ने बित्तिकै अब जुनसुकै पनि स्विकार्न सकिने भएको छ । त्यसको यावत् पक्ष नबुक्षी यस्तो सम्मान र पुरस्कार ग्रहण गरिनु हुँदैन, किनभने ती ग्रहणयोग्य छैनन् । तिनबाट लेखकीय स्वत्व जीवित हुन सक्तैन ।

(*'जुही' ले जुराएको सयपत्रीको माला* पृ.२)

ग)	सिद्धान्तलाई यन्त्रिक रूपमा प्रयोग गर्दा त्यो उग्र काम हुन्छ । ध्वस्त गर्नुपर्ने कुरो त प्रतिक्रियावादी सोच र व्यवहारहरू हुन् । रुढिपरम्परा, अवैज्ञानिक व्यवहार, अन्ध-व्यवहार, असांस्कृतिक, अविवेकी, उग्र, दम्भी र जनविरोधी विचार र व्यवहारलाई त ध्वस्त गर्नै पर्छ तर पुरानो ध्वस्त गर्ने नाममा हजुरबुबाको पालामा बनेको चौतारो, वैदिककालमा जन्मिएको ऋग्वेद, मल्लकालीन, सेनकालीन र अझ लिच्छविकालीन भौतिक सम्पदाहरूलाई नष्ट गर्नु उद्दण्डता हो ।

(*सांस्कृतिक रूपान्तरणका प्रश्नहरू* पृ.१७)

## ५.२.४ संवादात्मक

निबन्धकारले निबन्धलाई सरल रोचक एवम् प्रभावशाली तुल्याउन निबन्धका कतिपय स्थानहरूमा संवादको प्रयोग यसरी गरेका छन् :-

क)	एक छिन घोरियो र भन्यो-'बाबा ! हजुर मर्नुभएपछि मलाई खेलौना कसले किनिदिन्छ ?'

मैले भनें -'ममीले !'

'अनि ममी मर्नुहुन्न ?'

किन झुठो बोल्ने भनेर भनिदिएँ । (*बाबुसित म कसरी पेस भएँ ?* पृ.६)

ख)	एकजना मङ्गोल मित्रले भने, 'क्षेत्री-बाहुनको संस्कृति नै छैन ।'

मैले जिज्ञासा तेर्स्याए, 'पूरा क्षेत्री-बाहुन जाति नै संस्कृतिविहीन त होइन होला ?'

उनले मन्तव्य तेर्स्याए, 'केही संस्कृति छैन, जे छ त्यो विकृति हो'

मैले दबेको स्वरमा राखें, 'यो भाषा-भेस, बोलिचाली, नाचगान आदि क्षेत्री-बाहुनको छैन र मित्र ?'

(*क्षेत्री-बाहुनको संस्कृति नै छैन !* पृ.७३)

ग)	उहाँले सोध्नुभयो- 'उसो भए चेतना के हो त?'

मैले भनें- 'यो matter कै उत्पादन हो, त्यसैको विकसित रूप हो । उहाँले मलाई सोध्नुभयो 'चेतना त पदार्थबाट जन्मिएछ, लौ यो ठिक छ अनि पदार्थचाहिँ कहाँबाट आयो नि ?'

मैले भनें- 'पदार्थ त स्वयम्भू हो । आफै उत्पन्न भएको हो ।'

## ५.२.५ आख्यानात्मक

आफूले भ्रमण गरेका स्थान, परिवेश एवम् घटनाक्रमलाई कथानक रूप दिई पाठकहरूमा रोचकता प्रदान गर्न निबन्धकारले आख्यानात्मक शैलीमा यसरी प्रस्तुत गरेका छन् :-

क)	सायद ती बालिकाले आफ्नो भाषामा भन्दै थिइन्, 'ए परदेशी! तिम्रो फिर्ता पैसा लेऊ ! पैसा छाडेर किन हिँडेको ? केले बस चढ्छौ ?'

(*दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर* पृ.४२)

ख)	चणिवर गीतमा गीतको साथमा घोडा हिनहिनाएजस्तो आवाज निकालेर बडो फुर्ती र जोडले रहनी वा कोरस आउँदा गाउँ नै थर्किने स्वरलहरी आउँदो रहेछ ।

(*अहा ! यस्तो पो संस्कृति* पृ.१९)

ग) नराम्रा एवम् खतरा खालका सपनाहरूमा तेल घसेको, भैँसी चढेको वा भैँसीले हानेको, भात खाएको, दाँत फुक्लिएको, रौँ देखिएको, हिलोमा गाडिएको, पकाएको मासु खाएको, फूलमाला अबिर लगाएको, दक्षिण दिशाको यात्रा गरिएको आदि थिए । यस्तो सपना नदेखियोस् भनेर हामीहरू कामना गर्दथ्यौं ।

(*सपनाको रहस्यमय संसारमा विचरण गर्दा* पृ.११)

## ५.२.६ तार्किक

समाजमा देखिएका अनेकौं कुरीति, अन्धविश्वास, अन्धपरम्परा, कुविचार हटाई मानवीय भावनाको प्रतिनिधित्व गराउन उनले आफ्ना निबन्धहरूमा तार्किक भनाई यसरी व्यक्त गरेका छन् :-

क) उनीहरूको भाषा पनि रमाइलो लाग्यो । उच्चारणको हरेक पदावली 'ण' ले बनेको जस्तो लाग्यो । टिनको भाडोमा केही मसिना ढुङ्गा हालेर हल्लाउँदा आएको ध्वनिजस्तै लाग्यो उनीहरूको भाषिक ध्वनि जस्तो रण्डे, अण्डे, भण्डे प्रकारको !

(*दक्षिण भारतको महानगरी मद्रास र क्षारसागर* पृ.४२)

ख) नारीलाई स्वतन्त्र मान्न इन्कार गर्ने रूढिवादी समाजप्रति आन्दोलित रहन नारीको पक्षमा आफ्नो स्वर यसरी मिलाउँछन्- उहाँहरूलाई बल, साहस, धैर्य र आत्मिक शान्ति मिलिरहोस्- मेरो लाख शुभकामना छ ।

(*रातो आन्दोलन/सेतो आन्दोलन* पृ.५८)

ग) सर्वहारावर्गको प्रतिनिधित्व गर्ने एउटै पार्टी हुनुपर्नेमा उनकै भाषामा बुटैपिच्छेका पार्टीहरूप्रति प्रश्न गर्दै उनी यसो भन्छन्, "कार्लमार्क्स नेपाल आएका भए सबभन्दा पहिले कहाँ जान्थे होलान् ?"

(कार्लमार्क्स अहिले- पृ ९५)

आफूमा घटेको यथार्थ घटनाको आत्मलाप यसरी गरेका छन्-

अ) आफ्नो यो मृत्युको अनुभव चिच्याएर सुनाउनुहुन्थ्यो । कठै ! अब कसैसित पनि भेट नहुने भयो ! यो पृथ्वीमा बाँच्नु यत्ति रहेछ भन्ने लाग्यो । सकी

नसकी अरू एक पटक 'बचाओ' भनेर चिच्याउन मनलाग्यो चिच्याउन खोजेँ तर कुनै ध्वनि नै घाँटीबाट, निस्किएन ।

(*मिसनदेखि मोडल हस्पिटलसम्म* पृ.४४)

## ५.२.७ मनोवादात्मक

मनमा उठेका तर्क, जिज्ञाशा, छटपटी, अपशोच, अनुभूति आदिलाई पनि निबन्धकारले आफ्ना निबन्धहरूमा प्रस्तुत गरेका छन् । जस्तैः-

क) मैले मनमनै गुनें- 'आज बाबुसित जे-जस्ता वार्तालाप भए, बाबुको उमेर, जिज्ञासा, रुचि अनुसार पो भएन कि ? अलि बढी भयो कि ? वा कम भयो कि ? के भयो होला ? वा कसरी उत्तर दिनुपर्दथ्यो ? उत्तरको ढङ्ग पो भएन कि ? अब के गर्ने होला ?

(*बाबुसित म कसरी पेस भएँ ?* पृ.७)

ख) यो मलाई लागेको मेरो अनुभूतिको कुरो मात्र थिएन भन्ने मलाई अहिले पनि लागेको छ । किनभने एउटी अपरिचित केटीको हात समात्नु र उनीसित प्रेमका कुरा गर्नु मेरा लागि कहाँ सम्भव थियो र ! अघि-पछि कहिल्यै कुनै केटीसित हाइ-हेल्लोसमेत गर्न नसक्ने म जस्तो सङ्कोची, लज्जालु र अन्तर्मुखी प्रकारको मान्छेले अगाडि केटीको हात समातेर प्रेमको अभिनय गर्न सक्नु !

(*मलाई नाटकीय अभिनय गर्न आउँदै आएन* पृ. ५०)

ग) तर त्यहाँ किन हाम्रा प्रतिनिधिहरू पदको लागि तँछाडमछाड गर्छन् हँ? कुन विचार र संस्कृतिले त्यहाँ घर गर्न थालेको हो ? फेरि पनि सत्ता साझेदारीमै अलमलिने हुन् कि क्या हो हाम्रा नेताहरू ! आ-आफ्ना दलका डम्फू बजाउनमै तल्लीन हुनेहुन् कि क्या हो- मन्त्रालय, सचिवालय, विभाग र हाकिम महलहरू ! राष्ट्रप्रतिको चिन्ताभन्दा आ-आफ्ना दलका र व्यक्तिगत चिन्तामा नेताहरू फँस्दै गएका देखिन्छन् ।

(*अब सांस्कृतिक क्रान्तिको पालो* पृ.८४)

## ५.२.८ व्यङ्ग्यात्मक

नेपाली समाजमा रहेको विकृति र विसङ्गतिलाई पाठकसमक्ष प्रस्तुत गर्न निबन्धकार डी.आर. पोखरेलले निबन्धमा भरपुर रूपमा ब्यङ्ग्य प्रहार गरेका छन् । जस्तैः-

क) कार्लमार्क्स पक्कै पनि विवादको घेरामा आउँथे । उनका कट्टर अनुचरहरू नै मार्क्सलाई हियाउन थाल्थे । मार्क्सको भनाइ सुन्ने कोही हुँदैनथ्यो । मार्क्सलाई मदन भण्डारीको जस्तो आकर्षक भाषण गर्न, लीलामणिको जस्तो तातो भाषण गर्न किमार्थ आउँदैनथ्यो । उमेर अलि पाको भएकोले विष्णुबहादुर मानन्धर पक्कै पनि कार्लमाक्सको स्वागत गर्न विमानस्थलसम्म पुग्नुहुन्थ्यो होला ।

(*कार्लमार्क्स अहिले नेपाल आउँथे भने खानु गोदाइ खान्थे* पृ.९६)

ख) सत्तामा नपुगुन्जेल जनतासित 'राँडो रुवाइ' गर्ने र सत्तामा पुगेपछि 'राजा रुवाइ' गर्ने हाम्रा अग्रज नेताहरूको प्रवृत्ति र त्यस्तो सांस्कृतिक स्तरबाट भएको नेतृत्वले समाजको रूपान्तरणमा के माखो मार्न सक्छ र !

(*गणतन्त्र र गणनान्त्रिक संस्कृति* पृ.७०)

ग) दरबारियाहरू नै 'बक्सियोस्' लाएर बोल्छन्, सुनको थालमा भात खान्छन् र 'जनवादी गणतन्त्र चीनका राष्ट्रपतिको भन्दा २ हजार ४ सय २३ गुणा बढी' एकमुष्ट राज्यकोषबाट राजाले सुबिधा लिन्छन् । श्री ५ को सरकारलाई बेचिसकेको नारायणहिटीमा सजधज गरी बस्छन् ।

(*दिएको खाने, अह्राएको गर्नेहरूको सांस्कृतिक उचाइ हुँदैन* पृ.२५)

## ५.२.९ सन्देशमूलक

निबन्धकार डी.आर. पोखरेलले पाठकसमक्ष आफ्नो निबन्धका विषयवस्तु प्रस्तुतिको क्रममा पाठक, अध्येता, समाज अनि राष्ट्रको निमित्त सन्देश छाडेका छन् । जस्तैः-

क) वास्तवमै ती बालिकाको त्यो इमान्दार व्यवहारले गर्दा मलाई आज पनि मद्रासको सम्झना आइरहन्छ । यस्तो सोच्छु, यदि नेपाल, बिहार र मद्रासमा एकैचोटि समाजवाद आउने हो भने कस्तो-कस्तो खालको समाजवाद आउँथ्यो होला !

(*दक्षिण भारतको महानगरी मद्रास क्षारसागर* पृ.४२)

ख)	नारीलाई स्वतन्त्र मान्न इन्कार गर्ने रूढिवादी समाजको विरुद्ध आन्दोलनरत हुन सधै उहाँहरूलाई बल, साहस, धैर्य र आत्मिक शान्ति मिलिरहोस्- मेरो लाख शुभकामना छ ।

(*रातो आन्दोलन/सेतो आन्दोलन* पृ.५९)

ग)	सांस्कृतिक वैचारिक पक्षहरूमा आमूल परिवर्तनसँगै राजनैतिक पुनर्गठन गरिएन भने यहाँको प्रजातन्त्र र दलहरूको अधोगतितर्फको यात्रालाई कसैले रोक्न सक्दैन ।

(*पार्टी संस्कृति* पृ.७५)

घ)	आधुनिकताको नाममा आफ्नो पहिचान नै गुम्ने गरी उद्दण्डतर्फ हामफाल्नु उचित छैन । एकचोटि आफ्नै मौलिकतातर्फ गहिरिएर हेरौँ ।

(*लोक भाका घन्किन छोडे कै हो त !* पृ.७९)

यसरी उनका निबन्धकारिताको मूल्याङ्कन गर्दा प्रस्तुत गरिएका निबन्ध-सङ्ग्रहहरूबीच विविध संरचना भएको पाइन्छ ।

## ५.३ शीर्षकचयनका आधारमा मूल्याङ्कन

डी.आर. पोखरेलका शीर्षकचयनलाई आधार मानेर मूल्याङ्कन गर्ने हो भने उनको व्यक्तिगत घटना, भेटघाट, बातचितबाट उठेका प्रसङ्गहरू ऐतिहासिक स्थलको भ्रमण, अवलोकन, सामाजिक परिवेशमा बाँचेका मानिसहरूको विवश जीवन, संस्मरण, सांस्कृतिक घटना एवम् परिवेश इत्यादिबाट प्रभावित भई निबन्ध लेखेको पाइन्छ । निबन्धका शीर्षकमा उद्धरण, योजक, अल्पविराम, प्रश्नवाचक, संयोजक, विसर्ग इत्यादि प्रयोगमा आएका पाइन्छन् । यस्ता केही निबन्धका शीर्षकहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

*जुहीले जुराएको सयपत्रीको माला, भूत-प्रेत खोज्दै जाँदा मसानेको फेला परेँ, म स्तब्ध भएँ, मैले उत्तर दिन सकिनँ, ढुङ्गाको डुङ्गा हेर्न सोमेश्वर जाने होइन ?, पारिजातलाई अर्जेन्ट पत्र-१,२ र ३, भक्तपुर : प्राचीन न्यातपोल र नारायणमान बिजुक्छे, रातो आन्दोलन/सेतो आन्दोलन* आदि आदि ।

यसै गरी डी.आर. पोखरेलको सुरुमा प्रकाशित (२०६३ साल) **खुला आकाशतर्फ** निबन्धसङ्ग्रहमा प्रस्तुत भएका निबन्धहरू निबन्धकारका स्वच्छ र सफा हृदयका प्रतीकको रूपमा आएको आभाष मिल्दछ भने २०६४ सालमा प्रकाशित **संस्कृतिको सेरोफेरो**

सांस्कृतिक निबन्धसङ्ग्रहमा सभ्यता र संस्कृतिको परिचय दिँदै वास्तविक सांस्कृतिक क्रान्तिमा जोड दिएको सन्दर्भसँग यसको शीर्षक चयन गरेका हुन् भन्न सकिन्छ ।

## ५.४ पात्र प्रयोगका आधारमा मूल्याङ्कन

निबन्धमा वर्णन गरिएका वस्तु तथा घटना एवम् परिवेश निर्माणका क्रममा प्रस्तुत हुने रचनाको आधार नै निबन्धका पात्र हुन् । निजात्मक शैलीमा लेखिएका उनका निबन्धका रचनाहरूमा प्रस्तुत भएको पात्र निबन्धकार स्वयं डी.आर. पोखरेल छन् भने उनीसँग भेटघाटमा आएका साहित्यकारहरूमा चूडामणि रेग्मी (*चूडामणि रेग्मीसित चौबिस घण्टा बिताउँदा,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.७०) पारिजात, मञ्जुल, रायन, लगायत (*प्रतिभा पहिचानको धुन,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.४), उनका छोरा निरञ्जन र उनकी श्रीमती लक्ष्मी पोखरेल (*बाबुसित म कसरी पेस भएँ,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.६), यात्रासँग सम्बन्धित उनका मित्रहरू विष्णु घिमिरे, पशुपति नेपाल (*चौदण्डीगढी घुमेर हेर्दा,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.८), राजनैतिक व्यक्तित्वहरू क. मोहनविक्रम सिंह, क. चित्रबहादुर के.सी., क. निर्मल लामा, राजु, दलबहादुर (*दक्षिण भारतको महानगरी मद्रास र क्षार सागर* : **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.४०), डाक्टरहरू हीरा डङ्गोल, चन्द्र ब. कार्की (*मिसनदेखि मोडल हस्पिटलसम्मको यात्रा कथा,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.४६), सङ्गीतकर्मीहरू रायन, रामेश श्रेष्ठ, मेलवादेवी, कल्याण राई, पाण्डव सुनुवार बिर्सन नसकिने घटनामा समावेश भएका गाडीका मालिक श्री राम घिसिङ, मोडल हस्पिटलका प्रमुख भरत प्रधान, एनजिओका कार्यकर्ता, एनजिओका हाकिम, एअरहोस्टेजकी बहिनी अनि आफूलाई बचाउने महिलाहरूको जमात अनि राजनैतिक दलका व्यक्तित्वहरू गिरिजाप्रसाद कोइराला, प्रदीप नेपाल, प्रदीप ज्ञवाली लगायत (*मिसनदेखि मोडल हस्पिटलसम्मको यात्रा कथा,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह) सबै उनका निबन्धका पात्र बनेका छन् (*पूर्वेली लोकदोहोरीमा थप अर्को पाइलो, वर्षे भाकाको क्यासेट विमोचन,* **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह पृ.८४) ।

## ५.५ भाषाशैलीका आधारमा मूल्याङ्कन

डी.आर. पोखरेलले आफ्नो निबन्धकृतिहरूको सङ्ग्रहमा प्रयोग गरिएको भाषाशैली सरल, सहज एवम् समसामयिक छ । उनको भाषा सलल बगेको कारण पाठक वर्गले सजिलै

बुझ्दछन् । उनका कृतिमा आडम्बर र कृत्रिम भाषाशैली प्रयोग गरिएको छैन । आफ्ना कृतिहरू पाठकहरूमाझ जोड्ने नेपाली उखान-टुक्का, पुराना सांस्कृतिक परम्परामा बाँचेका गीतहरू, महान् व्यक्तित्वका भनाइहरूलाई समावेश गरिएको छ । साथै आलङ्कारिक वाक्यांश, मिथक र स्वैरकल्पनाको प्रयोगले भाषालाई थप मिठास बनाएको छ । निबन्धकारले आफ्नो निबन्धमा नेपाली शब्दका साथै संस्कृत, अङ्ग्रेजी, फारसी, फ्रेन्च, अरबी भाषाका शब्दको पनि प्रयोग गरेका छन्, जसले लेखकको कृतिलाई थप रुचिकर बनाएको छ । थारु जातिका सांस्कृतिक पर्वहरूमा सामूहिक रूपमा गाइने र नृत्य तथा अभिनय गीतको एक नमुना यसप्रकार छः-

"भादोनी मासे आइरी पुगीरी गेल कुवारा नी ओवते तुलाई री धनीरी मोर री वृक्ष री तर ।" (अहा ! यस्तो पो संस्कृति पृ.१८)

निबन्धकारले बालमस्तिष्कको राम्रो ख्याल राखी गरिएका प्रश्नहरूको स्वाभाविक उत्तरलाई बालमनोविज्ञानको रूपमा प्रयोग गरिएको प्रश्न उत्तरात्मक भाषा यसप्रकार छः-

'हजुरबा मर्नुभएपछि के हुन्छ ?' बाबुको जिज्ञासा अरू बढ्दै गयो ।

मैले उत्तर दिएँ- 'हजुरबुबा मर्नुभएपछि हिँड्न, डुल्न, खान, बस्न, बोल्न, रुन केही पनि गर्न सक्नुहुन्न ।'

'किन त्यस्तो हुन्छ ?' बाबुका प्रश्नहरू उर्लिरहेका थिए ।

'किनभने' मैले यसपछि उत्तर दिने कुरा पाइन । किनभने..........किनभने दोहोऱ्याउँदै थिएँ ।

यसै गरी उनले ग्रामीण परिवेशमा बाँचेका गुरुङ परिवारका लोप हुन गइरहेका लोकसंस्कृतिलाई बचाउन र संरक्षण गर्नुपर्नेतर्फ जोड दिँदै सुन्दर एवम् आकर्षक ढङ्गबाट यसरी सवाई प्रस्तुत गरेका छन् :-

भेडीगोठ आयो लेकखानीको डाँडा
मान्छेको दर्शन पाउनु रिजेमिन्टे गौडा
चैते उनको थुप्रो लाग्यो पारी हाल्यो किरी
भोटेको जग्गामा आयौ डुली- फिरी ।

निबन्ध पाठ्यविधा भएकोले यसलाई पाठकवर्गमा रुचिपूर्ण एवम् ग्रहणयोग्य बनाउन विभिन्न उखानटुक्काको प्रयोग गरेका छन् । 'कोरीको पाउ मोल्नु', 'अर्ती न उपदेश गयो बुढो परदेश', 'अजिङ्गरको आहारा दैवले जुराउँछ', 'नखाऊँ त दिनभरिको सिकार खाऊँ त

कान्छा बाउको अनुहार', 'जान्नेलाई श्रीखण्ड नजान्नेलाई खुर्पाको बिँड', 'उहिलेका कुरा खुइले' जस्ता उखानले निबन्धको स्वाद दिन सफल भएको छ ।

## ५.६ निष्कर्ष

यसरी आधुनिक नेपाली निबन्धको प्रथम चरण (वि.सं. १९९१-२००३) देखि लक्ष्मीप्रसाद देवकोटाद्वारा थालनी भएको यात्रा निबन्धको मेसोमेलो बनिसकेको सन्दर्भमा द्वितीय चरण (वि.सं. २००४-२०१६) मा आएर तारानाथ शर्मा, रमेश विकल लगायतका निबन्धकारहरूबाट निबन्धको रूपरेखा कोर्दै अगाडि बढिरहेको अवस्थामा वि.सं. २०१७ साल अर्थात् तेस्रो चरणका प्रख्यात नियात्राकारहरू- यादव खरेल, बनिरा गिरी, मञ्जुल, देवीचन्द्र श्रेष्ठ, घनश्याम राजकर्णिकार, निर्मोही व्यास आदिका सँगसँगै हिँड्ने उनका दुई निबन्धसङ्ग्रहहरू **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धसङ्ग्रह (२०६३) र **संस्कृतिको सेरोफेरो** सांस्कृतिक निबन्धसङ्ग्रह (२०६४) प्रकाशित गरेबाट उनी समसामयिक चरणका एक सक्रिय निबन्धसाहित्यका स्रष्टाको रूपमा देखापरेका छन् । समाजलाई स्वच्छ समृद्ध बनाई सुखद भविष्यको कामना गर्ने उनका निबन्धहरूले नेपाली निबन्ध साहित्यमा अमूल्य योगदान पुऱ्याएको छ । आत्मपरकता, संस्मरणात्मकता, नियात्रात्मकता र सांस्कृतिक चेतनाको दृष्टिले उनका निबन्धहरू अद्वितीय मानिन्छन् । जीवन-जगत् र सांस्कृतिक परिवेशलाई सजीव ढङ्गबाट चित्रण गर्न सक्ने उनी सफल निबन्धकारका रूपमा स्थापित भएका छन् ।

# परिच्छेद : छ

# उपसंहार

# परिच्छेद : छ
# उपसंहार

## ६.१ पृष्ठभूमि

साहित्य समाजको ऐना हो । साहित्यमा प्रस्तुत भएका विभिन्न विधाहरूले समाजका विविध क्षेत्रको प्रतिनिधित्व गर्दछन् । यसका सर्जकहरू भनेका साहित्यकार हुन् । अनि साहित्यकारका भूमिका उल्लेख्य हुन्छ भन्ने कुरा सर्वविदितै छ । नेपालका धेरै साहित्यकारहरूमध्ये एक साहित्यिक व्यक्तित्व हुन्- साहित्यकार डी.आर. पोखरेल ।

पिता डण्डराज पोखरेल र माता कृष्ण कुमारीका जेष्ठ पुत्रका रूपमा वि.स. २०११ भाद्र ११ गते शुक्रबारका दिन सगरमाथा अञ्चलको ओखलढुङ्गा जिल्लाको रुम्जाटार वितलवमा डिल्लीराम पोखरेलको जन्म भएको हो । उनलाई साहित्यको क्षेत्रमा डी.आर. को नामले चिनिन्छ । पुर्खावालाहरू विर्तावाल हुँदा सम्पन्न देखिए पनि वि.स. १९६२ मा विर्ताहरणपछि उनको परिवार मध्यमवर्गीय रूपमा रहेको पाइन्छ ।

शिक्षादीक्षाको क्रममा आफ्नै जन्मस्थान रुम्जाटारकै भाषा पाठशालामा वि.स. २०१८ बाट औपचारिक शिक्षामा प्रवेश गरेका यिनी पढाइमा अत्यन्त तेज थिए । एस.एल.सी. उत्तीर्णपछि गाउँमा कुनै कलेजको व्यवस्था नभएकोले उच्च शिक्षाको महान् लक्ष्य बोकी काठमाडौंको नक्सालमा डेरा गरेर पुल्चोकको इन्जिनियरिङ अध्ययन संस्थानमा उच्च शिक्षा अध्ययन गरेका उनी रमेश, सुवास, दिलसित भेटघाट हुदै निनु चापागाइँ, श्याम श्रेष्ठ र निर्मल लामासम्म पुगे । त्यसपछि साहित्यिक पत्रिकामा वि.सं. २०३० सालमा 'मेरी आमाको व्यथा' कविता एवम् सोही वर्षमा 'निषेधको निषेध' निबन्ध मार्फत साहित्यतर्फ आकर्षित भए । वि.सं. २०३२ सालतिर सिँचाइ विभागमा प्रवेश गरेका उनी लामो समयसम्म जागिरे जीवन बिताउन नचाहेका र वि.सं. २०३७ मा पूर्ण रूपमा राजनीतितर्फ हामफाले र भूमीगत जीवन विताउन लागे । २०३७ सालदेखि २०४८ सालसम्म राजनीतिमा सक्रिय भई पार्टी कामका सिलसिलामा आफ्नै देश र भारतका विभिन्न स्थलहरूको भ्रमण गरेका उनी

पार्टीमा सक्रियतापूर्वक लागेका कारण नेकपा (चौम) को केन्द्रीय सदस्य भएका थिए । पाछिल्लो स्थितिमा यिनी राजनीतिबाट पलायन भई साहित्यको सेवातर्फ सक्रिय हुन थाले । उनका ६ वटा कृतिमध्ये २ वटा निबन्धसङ्ग्रह हुन् । जसमध्ये **खुला आकाशतर्फ** (२०६२) निबन्धसङ्ग्रहमा ३१ वटा निबन्धहरू र **संस्कृतिको सेरोफेरो** (२०६४) सांस्कृतिक लेखमा १८ वटा निबन्धहरू गरेर जम्मा ४९ वटा निबन्धहरू पुस्तकाकार कृतिमा समेटिएका छन् भने केही अन्य फुटकर निबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । नेपाली साहित्यमा योगदान पुऱ्याएवापत उनलाई यथार्थ समालोचना प्रतिभा सम्मान (२०६२) झापा; बाल्मीकि साहित्य सम्मान (२०६२) चितवन; नारायणी टु-डे मासिकको कदरपत्र (२०६४) चितवन; साहित्य सम्मान, साहित्य सङ्गम, चितवन (२०६४) चितवन; नमुना मा.वि., गैंडाकोट, सम्मान (२०६४) नवलपरासी; कालिका एफ.एम., कालिका स्रष्टा सम्मान (२०६५) चितवन; चितवन साहित्य परिषद्, चिसाप प्रतिभा पुरस्कार (२०६६) चितवन; साहित्य सङ्गम मकवानपुर, पारिजात स्मृति सम्मान (२०६७) मकवानपुर; सिद्धिविनायक मा.वि., प्रशंसापत्र (२०६७) चितवन; बालमन्दिर प्रा.वि., सम्मानपत्र (२०६८) रामेछाप; रुम्जाटार बचत तथा ऋण सहकारी संस्था, सम्मान पत्र (२०६८) ओखलढुङ्गा; अपाङ्ग जागरण अभियान, सम्मानपत्र (२०६८) चितवन; दोभान पत्रिका, साहित्य सम्मान (२०६८) काठमाडौं; जुही पन्ध्रौं साहित्यिक सद्भाव कार्यक्रम, प्रशंसा पत्र (२०६९) झापा; ज्ञानगुन प्रतिष्ठान, श्यामप्रसाद साहित्यिक पत्रकारिता सम्मान (२०६९) काठमाडौं; ज्ञानगुन प्रतिष्ठान, आनन्ददेव भट्ट भाषा सेवा सम्मान (२०६९) काठमाडौंद्वारा सम्मान गरेको छ ।

डी.आर. पोखरेल उच्च सिक्षाको सिलसिलामा काठमाडौं आएपश्चात् केही साहित्यकारहरूसँग भेटघाट भएकै कारणले होला सायद उनको साहित्य रचनामा रुचि जागेको देखिन्छ । साथै राजनैतिक व्यक्तित्वसँगको नजिकपनाले गर्दा उनलाई कुचुक्क परेर बस्नुपर्ने जागीरे जीवनभन्दा राजनैतिक जीवनमा नै आफूलाई अगाडि बढाउने लक्ष्य अनुरूप देश र विदेश(विशेष गरी भारत) का विभिन्न स्थानहरूको अवलोकन भ्रमण एवम् यात्राका क्रममा भएका रमाइलोपन अनि दुःखद क्षणलाई टपक्क टिपी त्यसलाई भोगाइ र अनुभव गरेका क्षणहरूलाई कल्पनाको रङमा घोलेर यथार्थपरक ढङ्गले प्रस्तुत गरेका छन् ।

निबन्धकार डी.आर. पोखरेलको निबन्धकारिताको अध्ययन गर्ने हो भने उनी उच्च शिक्षाको क्रममा नेपालका प्रख्यात साहित्यकार पारिजात लगायतको प्रेरणाले गर्दा साहित्यमा

प्रवेश गरेको देखिन्छ । त्यसैको प्रतिफलस्वरूप वि.सं. २०३० मा *निषेधको निषेध* निबन्धको विजारोपण भयो । त्यसपछिको निबन्धलेखन कार्यले २०४८ सम्म विश्राम लिएको पाइन्छ । जब उनको **मूल्याङ्कन** पत्रिकाको वर्ष १० अंक ३, ०४८/०४९ चैत्र- वैशाखको पृ.७१ मा *ढोंग विभाजित मनस्थितिको उपज* प्रकाशित भयो । यसपछि उनका निबन्धहरू विभिन्न पत्रिकाहरू **मूल्याङ्कन, जनधारणा**मा २०४८ देखी २०६६ सालसम्म ३५ वटा, विभिन्न स्तम्भमा प्रकाशित भएका छन् । देशको राज्यव्यवस्था, साहित्य सञ्चालनमा देखिएका कमी-कमजोरीप्रति व्यङ्ग्यवाण प्रहार गरिएको छ भने भाषा, कला, साहित्य, संस्कृतिमा देखिएका अन्धसंस्कृति एवम् रुढिवादी परम्परालाई चेतनाको हतियारद्वारा हटाउन चाहन्छन् र एउटा स्वस्थ र सभ्य समाजको परिकल्पना गर्दछन् ।

## ६.२ पहिलो परिच्छेदको निष्कर्ष

पहिलो परिच्छेदमा शोधपरिचय प्रस्तुत गरिएको छ, जसअन्तर्गत शोधमा समाविष्ट विभिन्न भागहरू समावेश गरिने कुराको चर्चा गरिएको छ ।

## ६.३ दोस्रो परिच्छेदको निष्कर्ष

डी.आर. पोखरेलको निबन्धकारिताको चर्चा गर्नुपूर्व निबन्धको सैद्धान्तिक अध्ययन र नेपाली निबन्धको विकासक्रमलाई समेत ध्यानमा राखी उनको निबन्धलाई केलाउनुपर्ने आवश्यकता अनुरूप पाश्चात्य विद्वान् भारतीय साहित्यकारहरूका साथै नेपाली साहित्यकारहरूको परिभाषा उल्लेख गरिएको छ । यसका साथै निबन्धका तत्वहरू र यसको वर्गीकरणसमेत गरिएको छ ।

## ६.४ तेस्रो परिच्छेदको निष्कर्ष

नेपाली साहित्यमा नेपाली निबन्धको थालनी पृथ्वीनारायण शाहको एकीकरणको सफलतापछि भएको र मोतीराम भट्टले समेत भानुभक्तको जीवनी चरित्र लेखेसँगै प्रारम्भ भएको निबन्धलाई विभिन्न पत्र-पत्रिकाहरूले विकसित एवं विस्तार गरेको पाइन्छ । यसै गरी निबन्ध लेखनको क्रममा नयाँ शिल्प शैली प्रस्तुति र प्रयोग गर्ने निबन्धकार शङ्कर लामिछाने र ताना शर्माको निबन्धको गोरेटोमा पाइला चाल्ने थुप्रै निबन्धकारहरूमध्ये

डी.आर. पोखरेल पनि एक हुन् । जीवनका भोगाइ, अनुभव एवम् त्यसले सिर्जना गरेका अनुभूतिहरूलाई उनले आफ्ना फुटकर रचनाहरूका निबन्धलेखनका विषय बनाई प्रस्तुत गरेका छन् । उनको वि.सं. २०४८ देखि २०६९ सालसम्मसम्म लेखिएका पुस्तकाकार एवं फुटकर निबन्धहरू विशेष गरेर सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक एवं धार्मिक विषयसँग सम्बन्धित छन् भने उनका चरणगत प्रवृत्तिहरूसमेत प्रस्तुत गरिएको छ ।

## ६.५ चौथो परिच्छेदको निष्कर्ष

डी.आर. पोखरेलको **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धमा व्यक्त गरिएका भावना एवम् विचार पाठकका मन छुनुका साथै समाज अनि राष्ट्रलाई परिवर्तनको दिशा उन्मुख गराउनेतर्फ अभिप्रेरित छन् । वास्तवमा लेखक, पत्रकार, कलाकार लगायत देशका लागि उल्लेखनीय कार्य गर्ने व्यक्तित्वप्रति हृदयतर्फबाट गरिने सम्मानलाई आफ्ना निबन्धमा विषयवस्तुको रूपमा उठाएका छन् अनि लोकभाका, लोकसंस्कृति र एवम् पुरातात्विक ऐतिहासको स्थलको संरक्षणतर्फ निबन्ध केन्द्रित रहेको हुनाले निबन्ध सफल रहेको छ भन्न सकिन्छ ।

उनको **खुला आकाशतर्फ** निबन्धसङ्ग्रह प्रकाशित भएपश्चात् एकातिर निबन्धको रिक्ततालाई मेट्ने प्रयास गरेका छन् भने अर्कोतिर उनको निबन्ध प्रकाशित गर्ने धोको मोटिएको मान्न सकिन्छ । त्यसपछि उनको २०६४ सालमा सांस्कृतिक लेखहरूको सङ्ग्रह प्रकाशित भएपछि त झन् निबन्धको विकास एवं विस्तार भइ उत्कर्ष पुगेको देखिन्छ ।

पोखरेलका निबन्धका दुई प्रकाशित निबन्धसङ्ग्रहको चर्चा गर्नुपर्दा पहिलो निबन्धसङ्ग्रहमा प्रकाशित निबन्धहरूमा व्यक्तिगत जीवनका घटनावली, विभिन्न साहित्यकारहरूसँगको भेटघाट, यथार्थ तीतामिठा घटना, साहित्यिक यात्रा संस्मरण, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलको भ्रमण एवम् जानकारी, यात्रा संस्मरण, भौतिक एवम् आध्यमिक दृष्टिकोणको प्रस्तुति, व्यङ्ग्यात्मक लेखको रूपमा निबन्धले स्थान पाएको छ । घटीमा दुई पेज र वढीमा ७ पेजसम्म स्वतन्त्रपूर्वक आफ्ना निबनधमा विषयवस्तुलाई अभिव्यक्त गरिएका छन् । मूर्त-अमूर्त, बितिसकेको समयमा भएका घटना एवम् क्रियाकलापलाई वस्तुतथ्य, अनुभूति एवम् भाव र विचारका माध्यमबाट अभिव्यक्त गरिएको हुनाले निबन्धकारको लेखकीय भूमिकालाई सिद्ध गर्न सकिन्छ । यसरी हेर्दा उनका निबन्ध समाज चेतनाको दिशामा अग्रसर एउटा ज्योतिपुञ्जको रूपमा मान्न सकिन्छ । आफ्नै देश,

जिल्ला, गाउँ, ऐतिहासिक स्थलहरूको अध्ययन भ्रमण र परिचयसम्बन्धी रचनाहरू तयार पारेर पाइला अगाडि बढाउनु हुने निबन्धकार डी.आर. पोखरेल साँच्चै निबन्ध साहित्यका वेजोड प्रतिभा मानिन्छन् ।

उनको **खुला आकाशतर्फ**मा सङ्कलित ३१ वटा निबन्धहरू अध्ययन गर्दा आफ्नो भावना एवम् विचारलाई सलल बगाउने निबन्धकारका रूपमा नेपाली निबन्ध साहित्यले प्राप्त गरेको महसुस भएको छ । यसै गरी उनको दोस्रो सांस्कृतिक निबन्धमा खास गरी राजनीतिलाई संस्कृतिसँग जोडेर संस्कृतिसँगै सम्बन्धित विषयवस्तुहरू छन् । परिवर्तन के हो ? के हुने ? कस्तो बन्ने ? आदि विषयसँग सम्बन्ध राख्दछन् र संस्कृतिमा देखिएको विकृति विसङ्गतिलाई हटाएर सभ्य समाज निर्माण गर्न नेतृत्व आफै सर्वप्रथम परिवर्तन हुनुपर्दछ भन्ने सन्देश प्रदान गर्दछन् । उनका सांस्कृतिक लेखहरूको सँगालोको रूपमा प्राप्त भएको **संस्कृतिको सेरोफेरो**मा संस्कृतिक परम्पराहरूलाई हुबहु रूपमा प्रस्तुत गरिएको हुनाले उनका निबन्धहरू पढ्दा सोही पुरातनवादी समाजमा पुगेको जस्तो अनुभुति हुन्छ । अनि त्यसबेलाको मानव समाजले गरेको बर्बरतापूर्ण व्यवहार, क्रुर यातनालाई सम्भँदा मानिस हुनुको अर्थलाई बिर्साइदिन्छ । यस्ता खराब संस्कारको अन्त्य र मानव भई मानवतापूर्ण व्यवहारको अपेक्षा गरिएकोले निबन्धकारको निबन्ध समाज परिवर्तनमा एउटा सशक्त भूमिका निर्वाह गर्ने मार्ग निर्देशकको रूपमा लिन सकिन्छ ।

नेपाली निबन्ध साहित्यको भण्डार भर्न डी.आर. पोखरेलका निबन्धहरूले मद्दत पुऱ्याएका छन् । उनका निबन्धहरूका विषयवस्तु, भावना एवम् दर्शनले समाज अनि राष्ट्रलाई प्रतिनिधित्व गर्दछन् अनि परिवर्तनको दिशातर्फ उन्मुख गराउँदछन् । निबन्धको भाषामा मिठास छ अनि प्रस्तुतिमा सहजता छ, त्यस्तै चिन्तनप्रधान भावनालाई बैचारिकताको माध्यमबाट अभिव्यक्त गर्ने सीप एवम् कौशल उनमा छ । साथसाथै साहित्य, राजनैतिक, सामाजिक आर्थिक रूपमा देखिएका विसङ्गत पक्षलाई व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गरिएका उनका निबन्धहरूमा दर्शनिक पक्षहरू पनि यत्रतत्र पाइन्छन् ।

उनका निबन्धमा भाषाशैली सरल, सहज र सलल बगेका छन् । उनका निबन्धलाई अध्ययन गर्ने हो भने प्रशस्त सौन्दर्य चेतना पाइन्छ । उखान-टुक्का, आलङ्कारिक वाक्यढाँचा तत्सम, तद्भव आगन्तुक अन्धविश्वास कुरीति, अन्धपरम्परा, सामाजिक शोषण, अन्याय, अत्याचारलाई हटाएर सुसंस्कृत समाजको निर्माणतर्फ कलम चलाएका डी.आर. पोखरेल बहुमुखी प्रतिभाका धनी व्यक्तिको रूपमा चिनिन्छन् ।

डी.आर. पोखरेलका निबन्धका विषयहरू विविधताले भरिएका छन् । उनले संस्मरणात्मक निबन्धका साथै धर्मसंस्कृति ऐतिहासिक निबन्धहरूका समेत कलम चलाएको पाइन्छ । यसका साथै यात्रा-वर्णन, साहित्यिक कार्यक्रम एवम् साहित्यिक व्यक्तित्वसँगको भेटघाट, प्राकृतिक सौन्दर्य, भौगोलिक जनजीवन, सांस्कृतिक महत्त्व, सामाजिक जीवनका सुखद् पलहरूलाई उनले निबन्धमा समावेश गरेका छन् र समाजमा भएका अन्याय, अत्याचार, शोषण दमनको विरोध गर्दछन् र धार्मिक अन्धविश्वासप्रति सचेत गराउँदछन् ।

विशेष गरी डी.आर. पोखरेलले लक्ष्मीप्रसाद देवकोटाले जस्तो आत्मपरक निबन्धहरूमा केन्द्रित नरहेर निबन्धकार हृदयचन्दसिंह प्रधान अनि शङ्कर आमिछाने जस्ता वैचारिक निबन्धहरू लेखेर नेपाली निबन्धको भण्डार भर्न तल्लीन छन् । निबन्धमा प्रस्तुत भएको चिन्तन एवम् दर्शनले निबन्धलाई ओजमय बनाएको छ ।

## ६.६ पाँचौं परिच्छेदको निष्कर्ष

डी.आर. पोखरेलका प्रकाशित निबन्धहरू र विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित निबन्धहरूका विषयवस्तु, संरचना र कथनढाँचा, शीर्षक चयन, पात्र प्रयोग र भाषाशैलीका पक्षमा केन्द्रित रहेर मूल्याङ्कन गर्दा उनले नेपाली निबन्ध साहित्यको श्रीवृद्धिमा योगदान गरेको पाइन्छ ।

## ६.७ समग्र निष्कर्ष

वास्तवमा चितवनको निबन्ध साहित्यको चर्चा गर्ने हो भने निबन्धले फस्टाउने अवसर **दोभान, नौलो राँको, छहरो**, पत्रिकाहरूले प्रदान गरे । साथै २०४७ सालपछि रामबाबु घिमिरे र रविकिरण निर्जीव उदाउनु चितवनको निबन्ध साहित्यले थप मलजल पाएको देख्न सकिन्छ । यसैगरी तिलकराज शर्मा पौडेलको **पार्टी खोल्ने धुनमा** र **दौरा सुरुवाल र टोपी आतङ्क**, रामबाबु घिमिरेका **म हरेश खान थालेको छु** (२०४७), **लेख्न नपर्ने कुरा**, **अनर्गल प्रलाप** (२०६५) त्यस्तै गरी हरिहर खनालको **युगका चापहरू**, नरेन्द्रराज पौडेलको **एलोसीमाथिको साँझ** (२०६०), ओम श्रेष्ठ रोदनको **सम्भावनाहरू** (२०६०), प्रा.डा. नारायणप्रसाद खनालका **गोर्खाको डायरी** (२०६१), **नारायणीका लहर-लहरमा**, **स्वप्नयात्रा र चिठी** (२०६६), राजकृष्ण कँडेलको **संवेदनाका स्वरहरू** आदिले चितवनको साहित्यमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । चितवन साहित्यमा यी र यस्ता थोरै निबन्धहरू

लोखिएको भए तापनि ती निबन्ध साहित्यले समाजलाई सही मार्गनिर्देशनमा अगाडि बढाउन मद्दत पुऱ्याएका छन् । यसै क्रममा डी.आर. पोखरेलले पनि **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धसङ्ग्रह (२०६३) एवम् **संस्कृतिको सेरोफेरो** (२०६४) लेखेर नेपाली निबन्ध साहित्यको अतिरिक्त चितवनले नेपाली निबन्ध साहित्यमा ठूलो योगदान दिएको प्रष्ट हुन्छ । उनका निबन्धमा समाजलाई सचेत एवम् सजग तुल्याएर नेपाली समाजको रूपान्तरण भएको छ । यसका साथै वैयक्तिक भावना र कुण्ठालाई साहित्यिक रङमा घोलेर अभिव्यक्त गर्नुभएको छ र अन्धविश्वास, कुरीति, अन्धपरम्परा हटाई सिङ्गो समाजलाई समुन्नत संरक्षण गर्नुपर्ने कुरामा जोड दिइएको छ । यस अर्थमा पनि उनको चितवनको नेपाली निबन्ध साहित्यमा विशिष्ट योगदान छ भन्न सकिन्छ ।

उनले आफ्नो निबन्ध लेखनको क्रममा कहीँ कतै कृत्रिम एवम् वनावटी प्रयोग गरेका छैनन् । नितान्त आफ्नो जीवनमा घटेका घटनाहरू, यात्रा सन्दर्भ, ऐतिहासिक विषयवस्तुहरू, साहित्यका एवम् व्यक्तित्वसँग गरिएका संवादहरूलाई सरल र सहज ढङ्गबाट अभिव्यक्त गरेका छन् । साथै सामाजिक, सांस्कृतिक-धार्मिक, राजनैतिक, आर्थिक क्षेत्रको सूक्ष्म अध्ययन गरी विकृत र विसङ्गत पक्षलाई केलाएर सुधारको अपेक्षा राखेका छन् । विभिन्न तत्सम, तद्भव, उखान-टुक्का एवम् अलङ्कारको प्रयोगद्वारा निबन्धलाई थप रोचक एवम् आकर्षक तुल्याएका छन् । निबन्धले व्यक्त गर्ने विषयवस्तुलाई मध्यनजर राखी राजनीतिज्ञका कथनलाई प्रयोग गरी निबन्धतर्फ पाठकको ध्यान एकत्रित पार्न सफल भएका छन् भन्न सकिन्छ । आउने पुस्ताहरूले सभ्य र स्वस्थ समाज निर्माण गरेर जीवनलाई फलदायी बनाउनु पर्दछ, भन्ने सन्देश प्रदान गरेका छन् ।

यति हुँदाहुँदै पनि उनले लेखेका निबन्धहरूमा अङ्ग्रेजी भाषाका शब्दहरूको प्रयोग भएबाट सामान्य पाठकहरूले त्यसलाई बुझ्न र सहजतापूर्वक त्यसलाई ग्रहण गर्न सक्दैनन् कि जस्तो लाग्दछ । यसै गरी उनले लिएका विषयवस्तुहरू आफ्नै जीवनमा घटेका र जीवनसँग सम्बन्धित विषयवस्तु भएको हुनाले अलग स्वाद लिने पाठकका लागी यी विषयवस्तुहरू रुचिकर नहुन सक्दछ । त्यस्तै उनले नेपाली समाजमा धार्मिक परम्पराको रूपमा रहेका रुढीवादी मान्यता एवम् चिन्तनलाई आमूल परिवर्तन गर्नुपर्दछ भन्ने लेखकीय दृष्टिकोण, कार्लमार्क्सका कथन होस् या जनताको भलाइको नाममा राजनीतिको खोल ओढेर हिँड्ने राजनीतिज्ञको असली चरित्रलाई उदाङ्ग पारिएको विषयवस्तुलाई समेत उनले आफ्नो निबन्ध लेखनमा दोहऱ्याएका छन् । त्यस्तै उनका निबन्धहरू आत्मपरक कम र

संस्मरणात्मक र सांस्कृतिक निबन्धहरू नै वढी मात्रामा देखिन्छन् । ठाउँ-ठाउँमा पुनरुक्तिको दोष पाइन्छ भने आलङ्कारीता कम मात्रामा प्रयोग भएको पाइन्छ ।

अन्त्यमा **साहित्यकार डी.आर. पोखरेलको निबन्धकारिता** शीर्षकमा केन्द्रित भएर अध्ययन, विश्लेषण र अनुसन्धान गर्दा निम्नलिखित तथ्यहरू पुष्टि भएको पाइन्छ -

क) डी.आर. पोखरेल ओखलढुङ्गामा जन्मी हुर्की बढेका र हाल चितवन जिल्लामा वसोवास गरेका साहित्यकार हुन् ।

ख) उनको शैक्षिक, राजनैतिक, साहित्यिक एवम् सामाजिक व्यक्तित्व सक्रिय रहेको छ ।

ग) उनले साहित्यका विविध क्षेत्रमा कलम चलाए पनि विशेष गरी निबन्ध विधामा सफलता प्राप्त गरेका छन् ।

घ) विशेष गरी साहित्यकार, सामाजिक कार्यकर्ता, दीन-दु:खीसँगै नजिक हुन मन पराउने उनी अध्ययनमा रुचि राख्दछन् ।

ङ) पत्र-पत्रिका तथा पुस्तक सङ्कलन एवम् प्रकाशनमा अभिरुचि राख्ने उनी समाज अनि राष्ट्रमा विद्यमान कुसस्कार, विकृति, विसङ्गति हटाएर सभ्य, स्वस्थ समाजको परिकल्पना गरी समाजलाई चलाएमान बनाउन चाहन्छन् ।

च) उनी भ्रमणशील, लगनशील, परिश्रमी र अध्ययनशील प्रगतिवादी यथार्थवादी साहित्यकार हुन् ।

छ) उनले भविष्यमा अझै साहित्यका विविध क्षेत्रमा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्नको निमित्त थप योगदान पुऱ्याउने छन् भन्ने आशा गर्न सकिन्छ ।

ज) उनलाई नेपाली साहित्य तथा चितवनको साहित्यमा पोखरेलको योगदानको सदा स्मरण गर्न सकिन्छ ।

# सन्दर्भग्रन्थसूची

# सन्दर्भग्रन्थसूची


## क) प्रमुख सन्दर्भ ग्रन्थसूची

पोखरेल, डी.आर., **खुला आकाशतर्फ** संस्मरणात्मक निबन्धसङ्ग्रह, चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३ ।

———— **संस्कृतिको सेरोफेरो,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६४ ।

## ख) सहायक सन्दर्भग्रन्थसूची

अज्ञात, कपिल, *यथार्थवादी विचारका बौद्धिक लेखक : डी.आर. पोखरेल,* **स्रष्टाबिम्ब,** व्यक्तित्व आरेख भाग-१, चितवन : चितवन साहित्य परिषद्, २०६७ ।

अधिकारी, पूर्णबहादुर, *प्रेरक व्यक्तित्व : डी.आर. पोखरेल,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ३७ ।

कोइराला, सीताराम, *मलाई त यस्तो स्तुतिवादी साहित्य घृणास्पद लाग्छ,* **संवादमा स्रष्टाहरू,** काठमाडौं : नारी साहित्य प्रतिष्ठान, २०६४, पृ. ७८ ।

खनाल, नारायणप्रसाद, *खुला आकाशतर्फलाई खुल्लमखुला शुभकामना,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३ ।

खनाल, हरिहर, *खुला आकाशतर्फमाथि दुई शब्द,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. ङ ।

गिरी, अमर, *संस्कृति सम्बन्धी पठनीय पुस्तक,* **राष्ट्रिय मासिक,** काठमाडौं : सुनकोशी मिडिया गृह प्रा.लि./प्रतिध्वनि मिडिया प्रा.लि., वर्ष २ अङ्क १४, साउन २०६५, पृ.४३ ।

———— *संस्कृतिसम्बन्धी पठनीय पुस्तक,* **सुनकोशी आवाज** राष्ट्रिय मासिक, काठमाडौं : प्रतिध्वनि मिडिया प्रा.लि., वर्ष २, अङ्क १४, साउन २०६५ ।

गिरी, धनराज, *अग्लो मान्छेको सामुन्ने एउटा होचो कलम,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. २० ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

घिमिरे, विष्णुप्रसाद, *भूमिका-मन्तव्य,* **संस्कृतिको सेरोफेरो,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६४ ।

———— *पोखरेलजीको बारेमा केही गन्थन केही मन्थन,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ७५ ।

थापा, बालकृष्ण, *डी.आर. पोखरेल : संस्कृतिको सेरोफेरो समीक्षा र संस्मरण,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, २०६९, पृ. ४७।

दुवाल, मोहन, (सम्पा.), **अक्षरभित्र स्रष्टाहरू,** काभ्रे : जनमत प्रकाशन नेपाल, २०६७।

निर्जीव, रविकिरण, *साधनामा उभिएका डी.आर. : अविचल छन्,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ७२ ।

नेपाल, वसन्तकुमार शर्मा, **सङ्क्षिप्त नेपाली शब्दसागर,** काठमाडौ : शब्दार्थ प्रकाशन, २०६२।

पाण्डे, बाबुराम, *उत्प्रेरक व्यक्तित्व : डी.आर. पोखरेल,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ४२ ।

पोखरेल, मधु, *शब्दचित्रमा मनकामना साहित्यिक यात्रा,* **हाम्रो सिर्जना** त्रैमासिक पत्रिका, वर्ष-३, अङ्क-५, ६ (संयुक्ताङ्क), २०६५ वैशाख, पृ. ५८ ।

पौडेल, पोषराज, डी.आर. पोखरेलको के हो संस्कृति र सांस्कृतिक क्रान्ति भनेको ? लेखमा छोटो समीक्षा, **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ३९ ।

पौडेल, विनोद, **साहित्यकार डी.आर. पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्त्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०६५, पृ ८७।

———— *साहित्यकार डी.आर. र संस्कृतिको सेरोफेरो सङ्क्षिप्त चर्चा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ८०।

पौडेल, वीरेन्द्रमणि, *जीवनी विशेषाङ्क,* **नारायणी टुडे,** राष्ट्रिय मासिक, २०६२ ।

पौडेल, हरिहर, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** चितवन : चितवन वाङ्मय प्रतिष्ठान, २०५२ ।

प्रधान, सुरेन्द्रमान (सम्पा.), **संस्कृतिसम्बन्धी पठनीय पुस्तक,** काठमाडौं : सुनकोशी आवाज प्रस्तावित सुनकोशी मिडिया गृह प्रा.लि., २०६५ ।

**प्रलेस चितवन**, स्रष्टा परिचय अङ्क, चितवन : प्रगतिशील लेखक सङ्घ, वर्ष ३, अङ्क २, आश्विन २०६६, पृ. ३९ ।

भट्टराई, धनेश्वर, *संस्कृतिको सेरोफेरोलाई फन्को मार्दा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. २५ ।

भट्टराई, धनेश्वर, र रामचन्द्र सुवेदी, *संस्कृतिको सेरोफेरो : एक विहङ्गम दृष्टि,* **कृति र दृष्टि,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६५ ।

रिजाल, आर.सी., *डी.आर. मभन्दा धेरै पछाडि,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. १ ।

रेग्मी, चूडामणि, *खुला आकाशतर्फको सानो घेरो,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. क ।

विनोदी, गोविन्दराज, *डी.आर. पोखरेल : जस्तो मैले चिनें,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर. पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ११ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्धको सैद्धान्तिक परिचय,** ललितपुर : साझा प्रकाशन, २०५५ ।

शर्मा, मोहनराज, **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५ ।

श्रेष्ठ, हरिबहादुर, *खुला आकाशतर्फबारे,* **खुला आकाशतर्फ,** चितवन : हाम्रो सिर्जना त्रैमासिक पत्रिका, २०६३, पृ. ख-घ ।

सङ्ग्रौला, खगेन्द्र, *हामी केवल काल कुरेर बाँचिरहेका छौं,* **मूल्याङ्कन,** वर्ष १०, अङ्क ६, भाद्र २०४९, पृ. २५ ।

सडौला, भवनाथ, *खुला आकाशतर्फ एक समीक्षा,* **ज्ञानगुनका कुरा** भाग-१६०, डी.आर.पोखरेल अङ्क-१, काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९, पृ. ५६ ।

सापकोटा, रत्नप्रसाद, **निर्मोही व्यासको निबन्धकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५९, पृ. १७ ।

सिवाकोटी, शेषराज, **ज्ञानगुनका कुरा** (भाग-१६०), काठमाडौं : ज्ञानगुन प्रकाशन, २०६९ ।

सुवेदी, राजेन्द्र, **आधुनिक नेपाली निबन्ध र अन्य विधा,** ललितपुर : साझा प्रकाशन, २०६७, ।